
# Education Sector Plan, 2024-2033

# शिक्षा क्षेत्रको योजना, २०८१–२०९०




स्थानीय सरकार

शम्भुनाथ नगरपालिका, सप्तरी

२०८१, २०२४

## हाम्रो भनाई

शम्भुनाथ नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) निर्माण कार्य सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो हृदयदेखि नै सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौँ। यो महत्त्वपूर्ण योजनाको परिकल्पना, तयारी र कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्ने सबै सहयोगी निकायहरू, प्राविधिक विशेषज्ञहरू, शिक्षा क्षेत्रमा क्रियाशील संस्था र यहाँका स्थानीय बासिन्दा, शिक्षकगण, विद्यार्थी, अभिभावक, तथा अन्य सबै सरोकारवालाहरूलाई विशेष आभार प्रकट गर्दछौँ।

शम्भुनाथ नगरपालिकाले शिक्षा क्षेत्रलाई गुणात्मक, समावेशी र दिगो बनाउन यो योजना तयार पारेको छ। शिक्षालाई सबैको पहुँचभित्र पुर्‍याउन र यसलाई २१औँ शताब्दीका चुनौतीहरूसँग सुसंगत बनाउन यो योजना एउटा आधारशीला सावित हुनेछ । यस योजना निर्माणको क्रममा हाम्रो नगरपालिकालाई प्राविधिक सहयोग पुर्‍याउने People Promote Center, धनुषाको योगदान अत्यन्तै सराहनीय छ । उहाँहरूले समय, ज्ञान र अनुभवलाई प्रयोग गर्दै यो योजनालाई मूर्त रूप दिन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

योजना निर्माण कार्यदलमा सहभागी सबै सदस्यहरूको अथक परिश्रम, सिर्जनशीलता र योगदानले यो दस्तावेजलाई एक उत्कृष्ट दिशानिर्देशक बनाउन मद्दत पुर्‍याएको छ । योजना निर्माणको हरेक चरणमा उनीहरूले देखाएको प्रतिबद्धता र समर्पणलाई हामी उच्च मूल्यांकन गर्दछौँ।

शिक्षा कुनै पनि समाजको आधारशिला हो । शिक्षाबाट मात्र समतामूलक र समृद्ध समाजको निर्माण सम्भव छ । हाम्रो नगरपालिकामा शिक्षा क्षेत्रका विविध पक्षलाई मध्यनजर गर्दै यो योजना तयार गरिएको छ, जसले समुदायको हरेक वर्गलाई लाभ पुर्‍याउन सक्छ। प्राथमिक, माध्यमिक, र प्राविधिक शिक्षादेखि उच्च शिक्षासम्म सबै पक्षलाई समेट्ने गरी यो योजना बनाइएको छ । यसले बालबालिका, युवाहरू, र वयस्कहरूको शैक्षिक स्तरलाई मात्र होइन, उनीहरूको जीवनस्तर र सामूहिक चेतनालाई पनि उन्नत बनाउनेछ।

हामीलाई गर्व छ कि यो योजना सबै वर्ग र समुदायका लागि समान अवसरको प्रत्याभूति दिने उद्देश्यले तयार पारिएको छ। यो योजना महिला, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्तिहरू, र सीमान्तकृत समुदायका लागि विशेष अवसर र सुविधा प्रदान गर्न केन्द्रित छ।



अनिता

अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख
शम्भुनाथ नगरपालिका

## दुई शब्द

शम्भुनाथ नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) को निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो नगरपालिकाको तर्फबाट सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौँ। यो महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग गर्ने People Promote Center, धनुषा, योजना निर्माण कार्यदलका सदस्यहरू, स्थानीय समुदाय, शिक्षक, विद्यार्थी, अभिभावक, र अन्य सरोकारवालाहरूको सहयोगले मात्र यो सम्भव भएको हो।

यो योजना शम्भुनाथ नगरपालिकाको शिक्षा क्षेत्रलाई समग्र रूपमा समृद्ध बनाउन तयार पारिएको एक मार्गदर्शन दस्तावेज हो। यसले हाम्रा भविष्यका लक्ष्यहरू स्पष्ट रूपमा परिभाषित गर्दै गुणस्तरीय, समावेशी, र दिगो शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। शिक्षा कुनै पनि समाजको विकासको आधारभूत पक्ष हो, र यस क्षेत्रमा भएका चुनौतीहरूको समाधान खोज्न यो योजना एक दूरदर्शी कदम हुनेछ।

People Promote Center, धनुषाको अनुभव र नेतृत्वले यो योजनाको निर्माण प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ। उहाँहरूको प्राविधिक सहयोग, तथ्यांक संकलन, र विशेषज्ञता बिना यो कार्य सम्भव हुने थिएन। साथै, योजना निर्माण कार्यदलका सदस्यहरूले देखाएको लगनशीलता, प्रतिबद्धता, र सिर्जनशील सोचले यो दस्तावेजलाई एक सशक्त योजना बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।



पशुपति बाबु पुरी
प्रमुख प्रशासकीय अधिकृत
शम्भुनाथ नगरपालिका

## प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तरराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

शम्भुनाथ नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने शम्भुनाथ नगरपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने शिक्षा बिकाश तथा समन्वय इकाइ र **पिपुल प्रमोट सेन्टर प्रति धन्यवाद व्यक्त गर्दछौ ।**

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुर्‍याउने गाउँपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।



बिदुर बिक्रम थापा
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
शम्भुनाथ नगरपालिका

**विषय सूची**


| | |
|---|---|
| परिच्छेद - १ | 1 |
| परिचय | 1 |
| १.१ पृष्ठभूमि | 1 |
| १.२ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौती विश्लेषण | 31 |
| १.३ पालिकाको शिक्षा क्षेत्रका चुनौतीहरू | 34 |
| १.४ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू | 35 |
| परिच्छेद-दुई: दूरदृष्टि, ध्येय,उद्देश्य, लक्ष्य तथा प्रमुख उपलब्धि सूचकहरु | 39 |
| २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | 39 |
| २.२ दूरदृष्टि | 39 |
| २.३ लक्ष्य | 39 |
| २.४ उद्देश्यहरु | 39 |
| २.५ रणनीतिहरु | 40 |
| २.६ कार्यनीति | 42 |
| २.७ अपेक्षित उपलब्धि | 43 |
| परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू | 54 |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | 54 |
| ३.२ आधारभूत शिक्षा | 61 |
| ३.३ माध्यमिक शिक्षा | 69 |
| ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 75 |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | 80 |
| परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू | 86 |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | 86 |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | 93 |
| ४.३ शैक्षिक समता तथा समावेशीकरण | 103 |
| ४.४दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम | 108 |
| ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा | 113 |
| ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास | 120 |
| ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 125 |
| परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन | 131 |
| ५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 136 |
| परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन | 139 |
| परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन | 148 |
| अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा | 157 |
| सन्दर्भ सामग्रीहरु | 158 |


**अनुसूचीहरु**


अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)

अनुसूची २ नतिजा ढाँचा (Result Framework)
अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

## परिच्छेद - १
## परिचय

### १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौँ र हालको सोह्रौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०3१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार शम्भुनाथ नगरपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३०

सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्ख्यिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

सप्तरी जिल्लाको जिल्ला सदरमुकाम राजविराज देखि करीब १६ किमी उत्तरमा रहेको छ। शम्भुनाथ नगरपालिका कूल क्षेत्रफल १०८.७१ वर्ग किलोमिटर छ। यसलाई प्रशासनिक रुपमा १२ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप तराई क्षेत्र अन्तरगत पर्दछ। भौगोलिक अवस्थितिका हिसाबले शम्भुनाथ नगरपालिका को २६ डिग्री २५ मिनेट सेकेन्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी आक्षंश र ८६ डिग्री २८ मिनेट देखि ८७ डिग्री ७ मिनेट पूर्वी (अक्षांश २६०.२५" देखि २६०.४७" उत्तर र ८६०. २८" देखि ८७०. ७" पुर्व) देशान्तरमा रहेको छ। यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ। यस क्षेत्रमा जाडोमा अति जाडो र गर्मीमा अति गर्मी हुने गर्दछ। यहाँ छ महिना निकै न्यानो वातावरण र छ महिना कुनै कुनै ठाउँमा निकै चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिनछ।

शम्भुनाथ नगरपालिका को सिमानाको पूर्वी भागमा रुपनी नगरपालिका ,पश्चिमीमा भागमा खडक नगरपालिका, दक्षिणी डाक्नेश्वारी नगरपालिका पर्दछन भन्ने उत्तरी भागमा उदयपुर जिल्लाको सिमानासंग जोडिएको छ। भौगोलिक हिसाबमा उत्तरमा चुरे श्रेणीदेखि दक्षिणमा तराइ मधेशको भूभाग ओगटेको यस क्षेत्र पूर्व पश्चिम राजमार्गसँग जोडिए तापनि आर्थिक, सामाजिक लगायत समग्र मावन विकास सूचाकंमा अपेक्षित उपलब्धी हासिल गरिसकेको छैन। कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण मार्फत कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धिको दृष्टिकोणबाट यस क्षेत्रको महत्वपूर्ण संभावना छ। क्षेत्रफलको हिसाबमा वडा नं-७ सबै भन्दा ठुलो र वडा नं ५ सबै भन्दा सानो वडा रहेको छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार शम्भुनाथनगरपालिका को कुल जनसंख्या ३९६३४ जना रहेको छ, जसमा पुरुषको १९००६ जना (४८%), महिलाको २०६२८ जना (५२%) जना रहेको छ। पुरुषको भन्दा महिलाको जनसंख्या १६२२ जना (४%) ले बढी देखिन्छ। यहाँको लैङ्गिक अनुपात ९२.१४ प्रतिशत छ।

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं. २०७० को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै शम्भुनाथ नगरपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो । यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ।

### १.१.२ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

शम्भुनाथ नगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ थारु, यादव, गुप्ता, मुसहर, मधेशी, मुस्लिम, कोइरी, साह, तेली, धानुक, मलाहा, केवट, हलुवाई, सुडी, कलवार, विन, खत्वे, तत्मा, चमार, ऋषिदेव, तामाङ्ग, मगर, विश्वकर्मा, सार्की, दनुवार, ब्राम्हण, क्षेत्री आदि लगायतका जातजातिहरुको बसोबास गरिरहेका छन्।सबै जातजातिहरुको आ-आफ्नो संस्कृति भए पनि दशैं, तिहार, छठ, होली, बुद्ध जयन्ती, तीज, पन्चमी, जनै पुर्णिमा, जितिया, चौठीचान, हरिबोधनी एकादशी तमो ल्होसार, माघे संक्रान्ति, सिरुवा, रामनममी, क्रिसमस, रमजान, बकरइद, दहामेला आदि जस्ता चाडपर्वहरु मान्ने गर्दछन्

। यहाँका पुरुषको पहिरन सट पेन्ट, सुरुवाल, कमिज, दौरासुरुवाल र महिलाको पहिरनमा सारीचोलो, ब्लाउज, कुर्ता सुरुवाल, आदि प्रचलित छ। कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारका पहिरन समेत देखिन्छ। प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ। हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ। यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छायस पालिका भित्र सवै जातीको मिश्रित बसोवास रहेको छ भने मुख्य कामकाजी भाषा नेपाली तथा बोलिचालीको भाषा नेपाली, थारु, मैथिलीउर्दू आदि रहेको पाइन्छ।

१.१.३ आर्थिक सामाजिक सन्दर्भ

**आर्थिक गतिविधिहरु:** शम्भुनाथ नगरपालिका को ९०% भन्दा मानिस कृषि पेशामा संलग्न भएको पाइन्छ। यस क्षेत्रको कृषकहरु मूलत धान,मकै,गहुँ जस्ता अन्नवाली बदाम,मसुरी,खेसारी,रहर जस्ता दलहनवाली तोरी,तोर,आलस जस्ता तेलहन वालीको खेती गर्ने गर्दछन्। पछिल्लो समयमा आएर कृषकहरु तरकारी खेती र फलफूल खेतीमा आकर्षित भएको देखिन्छ। आलु, भण्टा, सिमी, काउली, मूला, परवल जस्ता प्रमुख रुपमा तरकारी खेती लगाइन्छ भने आँप, केरा, लिची, अम्वा, नरियल र कागती जस्ता फलफूलहरु उत्पादन गर्ने गर्दछन्। साथैकम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्‍याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन शम्भुनाथ नगरपालिका ले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, माछापालन, कुखुरापालन, बीउ विजन, व्यवसायिक खेती, व्यापार, रोजगार, ज्याला, मजदुरी तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने विभिन्न महामारी, विपतले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ।

**यातायात तथा सिंचाई पहुँच तथा बजार केन्द्र :** यो नगरपालिको उतरी सीमानामा प्राकृतिक नदी खाँडो रहेको छ भने नगरपालिको बीचबाट अन्य स-साना नदीहरु रहेको भए पनि उचित व्यवस्थापन गर्न नसकेकोले यी नदीहरुबाट सिंचाईको सुविधा लिन सकेको छैन्। यस नगरपालिकाको बिचबाट उत्तर दक्षिण कृषि कालोपत्रे सड्क भएकोले राजमार्गसम्म पुग्न सजिलो भएपनि सो कृषि सड्कसम्म विभिन्न वडाबाट पुग्न असजिलो भएको छ। यो नगरपालिकामा ठुला बजार नभए पनि स–साना बजार जस्तै शम्भुनाथ चौक, भगवतपुर चौक तथा हाट , लोहापुल चौक तथा हाट , डिस्को हाट रहेको छ। सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना (MTEF) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)**

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन ( हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोत: NPC, 2020a.*

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)।

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचअओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेश प्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

माथि उल्लेख गरी झैँ यस पालिकाको समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई बिश्लेष्ण गर्दा........................................................................................................................

1) कृषि योग्य भुमि र उत्पादन

तालिका १.२

| कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेकोजग्गा को जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा खेतीयोग्य जग्गा | | अस्थायी बाली लागेको जग्गा | | अन्य खेतीयोग्य जग्गा | | स्थायी बाली लागेको जग्गा | | स्थायी चौरचरन, निजि बनबनेलो, पोखरी तथा अन्य जग्गा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| 6817 | 4109.1 | 6338 | 3391.3 | 6310 | 3349.3 | 452 | 42.0 | 1980 | 318.5 | 6817 | 399.4 |

सिंचाइ:

सिचाई, प्रमुख बाली, बालीचक्र, बाली लगाउने समय सम्वन्धी विवरण

कृषि

तालिका १.३ सिंचाई सुबिधा

| उपलब्ध सुबिधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | 4109.1 |
| सतह सिंचाई | |
| भूमिगत सिंचाई | |
| कुल सिँचाइ क्षेत्र | 1485.2 |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र | |

**स्रोत: कृषि गणना २०७८**

**तालिका: १.४ सिंचाईका प्रमुख स्रोत तथा योजनाहरु**

ख) प्रमुख खेती र उपयोग:- शम्भुनाथ नगरपालिका कृषि क्षेत्रको महत्त्वपूर्ण केन्द्र मानिन्छ। यहाँको उर्वर भूमी, उपयुक्त मौसम, र प्राचीन कृषिकौशलले यस क्षेत्रलाई उत्पादनशील बनाएको छ। यस नगरपालिकामा मुख्य रूपमा खाद्यान्न, दलहन, तेलहन, र नगदे बालीहरूको खेती गरिन्छ। प्रमुख खेती, खाद्यान्न बालीहरू, शम्भुनाथ नगरपालिकामा धान, गहुँ, मकै, र कोदो मुख्य खाद्यान्न बाली हुन्। यहाँको मुख्य बाली धान हो। यहाँ असार/श्रावण महिनामा रोपाइँ गरिन्छ र कार्तिक/ मंसिर महिनामा कटनी गरिन्छ। भूमिगत जलश्रोत सुविधाले गर्दा धान एवम गँहु उत्पादनमा वृद्धि भएको छ। गहुँ र मकै जाडो मौसममा खेती गरिन्छ। यी बालीहरूले किसानहरूको दैनिक आहारमा महत्त्वपूर्ण स्थान राख्छन्।

दलहन बालीहरू, जस्तै मसुरो, रहर, चना, मटर, र केराउ, यस क्षेत्रको अर्को प्रमुख खेती हो । यी बालीहरूले माटोको उर्वराशक्ति बढाउन मद्दत गर्नुका साथै स्थानीयहरूको प्रोटिन स्रोतका रूपमा योगदान पुर्याउँछन्। तेलहन बालीहरू तोरी, आलस, सूर्यमुखी, र तिल खेती गरिन्छ। तोरीबाट तोरीको तेल उत्पादन गरी घरायसी र व्यावसायिक रूपमा प्रयोग गरिन्छ। नगदे बालीहरू यस नगरपालिकामा तरकारी र फलफूल उत्पादन नगदे बालीका रूपमा प्रख्यात छन्। साग, भिन्डी,काउली,

आलु, लौका, भैंसे खुर्सानी, र गोलभेंडा यहाँका प्रमुख तरकारी बाली हुन्। फलफूल केरा, आँप, लिची, र अम्बा जस्ता फलफूलहरूको खेती व्यावसायिक रूपमा बढ्दो छ। धान र गहुँ मुख्य खाद्यान्नका रूपमा प्रयोग हुन्छन्। तोरी र सूर्यमुखीको तेल खाना पकाउन प्रयोग गरिन्छ। व्यावसायिक उपयोग धान र गहुँ नजिकका बजारहरूमा बेचिन्छ। शम्भुनाथ नगरपालिकाको प्रमुख खेती र यसको उपयोगले यहाँका किसानहरूको जीवनस्तर सुधार गरेको छ। यदि आधुनिक प्रविधि र सहायक नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरियो भने यो नगरपालिका कृषि क्षेत्रको उत्कृष्ट नमुना बन्न सक्छ।

ग) पशुपालन:- शम्भुनाथ नगरपालिका सप्तरी जिल्लाको एक प्रमुख कृषि प्रधान क्षेत्र हो, जहाँ पशुपालन कृषकहरूको जीवनयापनको अभिन्न हिस्सा हो। यहाँका ग्रामीण परिवारहरूले पशुपालनलाई आय र पोषणको मुख्य स्रोतका रूपमा अपनाएका छन्। प्रमुख पशुपालन मा गाई र भैंसी पालन दुध उत्पादनका लागि गरिन्छ। उत्पादन भएको दुध घरायसी उपभोगका साथै बजारमा बिक्री गरिन्छ। बाख्रापालन मासु उत्पादन र आय आर्जनका लागि महत्त्वपूर्ण छ। व्यावसायिक र स्थानीय स्तरमा कुखुरापालन गरिन्छ। यसले अण्डा र मासु उत्पादनमा योगदान पुर्याउँछ। केहि मात्रामा बँगुर/ सुँगुर पालन पनि विस्तार हुँदैछ, विशेष गरी मासु उत्पादनका लागि। पशुपालनले परिवारलाई पोषण, आय, र जैविक मल (गोबर) प्रदान गर्दछ। दुग्ध उत्पादन र मासु बिक्रीबाट आर्थिक समृद्धिमा योगदान हुन्छ। गोबर ग्यास र मल उत्पादनले ऊर्जा र खेतीको उर्वरता बढाउँछ।समस्यामा रोगव्याधि, चारा अभाव, र आधुनिक प्रविधिको कमी। सुधार मा स्वास्थ्य सेवा, उचित चारा प्रबन्ध, र व्यावसायिक प्रशिक्षण। पशुपालनलाई प्रोत्साहन गर्ने आधुनिक विधि र सहकारी प्रणालीको विकास आवश्यक छ।

घ) उधोगहरू:- शम्भुनाथ नगरपालिका कृषिप्रधान क्षेत्र हो, जहाँ कृषि, पशुपालन, र स्थानीय स्रोतहरूमा आधारित साना तथा मझौला उद्योगहरूको विकास भइरहेको छ। यी उद्योगहरूले स्थानीय समुदायलाई रोजगार सिर्जना गर्दै आर्थिक विकासमा योगदान पुर्याइरहेका छन्। शम्भुनाथनगरपालिकामा कृषि उत्पादनहरूमा आधारित उद्योगहरू उल्लेखनीय छन्। धान मिल धान कुटाइका लागि विभिन्न मिलहरू सञ्चालनमा छन्, जसले किसानहरूलाई सहजता प्रदान गरेको छ। तेल मिल तोरी र सूर्यमुखीबाट तेल निकाल्ने उद्योगहरूले स्थानीय बजारमा तेलको आपूर्ति गरिरहेका छन्। तरकारी प्रशोधन उद्योग तरकारी तथा फलफूलबाट अचार, जुस, र अन्य प्रशोधित सामग्री उत्पादन गर्ने साना उद्योगहरू विकास हुँदै छन्। पशुपालन आधारित उद्योगहरू पशुपालनसँग सम्बन्धित उद्योगहरूले स्थानीय उत्पादनहरूको व्यवसायीकरण गरेका छन्। दुग्ध उद्योग गाई र भैंसीको दुधबाट घ्यू, दही, र पनिर उत्पादन गरिन्छ। मासु प्रशोधन उद्योग बाख्रा, कुखुराको मासु प्रशोधन गरी नजिकका बजारमा बिक्री गरिन्छ। हस्तकला तथा घरेलु उद्योगहरू नगरपालिकामा हस्तकला उद्योगले स्थानीय कला, संस्कृति, र परम्परालाई बचाउन मद्दत पुर्याइरहेको छ।
माटोका भाँडाकुँडा र मूर्तिहरू उत्पादन गर्ने यहाँका स्थानीय सीपको प्रतिनिधित्व गर्छन्। बुनाई उद्योग चटाई, र परालका सामग्री उत्पादन गर्ने उद्योगहरू क्रियाशील छन्। काठ र बाँसका उद्योगहरू काठ र बाँस प्रशस्त मात्रामा पाइने भएकाले यी सामग्रीहरूको प्रयोग गरेर घरायसी तथा व्यावसायिक सामान उत्पादन गरिन्छ। बाँसको चोयाबाट कुचो, टोकरी, र अन्य सामग्री बनाउने उद्योगहरूले लोकप्रियता पाउँदैछन्। तर अहिले व्यवसायमा मूख्य समस्या भनेको पर्याप्त लगानीको अभाव छ । प्रविधि र पूर्वाधारको कमी छ । कच्चा पदार्थको व्यावसायिक प्रशोधनको अभाव छ। तर आधुनिक प्रविधिको प्रयोग, स्थानीय कच्चा पदार्थको उपयोग गर्दै उद्योगहरूको विस्तार भइरहेको छ । शम्भुनाथनगरपालिकाका उद्योगहरूले ग्रामीण समुदायलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। उद्योग क्षेत्रको विकासले नगरपालिकालाई आर्थिक रूपमा सुदृढ बनाउन ठूलो योगदान पुर्याउन सक्छ।

ङ) प्राकृतिक स्रोत तथा सम्पदा (बनजङ्गल, जडिबुटी):- शम्भुनाथ नगरपालिका प्राकृतिक स्रोत र सम्पदाले भरिपूर्ण रहेको छ। यस क्षेत्रमा विशेषगरी साल, सिसौ, खयर, टिक, कर्मा, जामुन लगायतका बहुमूल्य रुखहरू पाइन्छन्। यी रुखहरूले वन

क्षेत्रको सौन्दर्य बढाउनुका साथै काठ र दाउराको आपूर्तिमा महत्वपूर्ण योगदान पुर्याउँछन्। वन क्षेत्रमा विभिन्न प्रजातिका जंगली जनावरहरू जस्तै मृग, बँदेल, स्याल, खरायो, बाँदर आदिको बासस्थान रहेको छ।जडीबुटीको दृष्टिकोणले यो क्षेत्र निकै धनी मानिन्छ। यहाँ हर्रो, बर्रो, अमला, चिराइतो, तेजपात, बेल, निम, तुलसी,  कुरीलो जस्ता औषधीय महत्वका जडीबुटीहरू प्रशस्त मात्रामा पाइन्छन्। यी जडीबुटीहरूको आयुर्वेदिक औषधि निर्माणमा महत्वपूर्ण भूमिका रहन्छ। स्थानीय समुदायले यी जडीबुटीहरूको संकलन र बिक्री गरी आय आर्जन गर्ने गरेका छन्।

वन क्षेत्रमा विभिन्न प्रजातिका चराचुरुङ्गीहरू जस्तै कालिज, ढुकुर, जुरेली, कोइली, मैना, सारौं, सुगा, काग आदि पाइन्छन्। यी चराहरूले वन क्षेत्रको जैविक विविधता बढाउनुका साथै पर्यावरणीय सन्तुलन कायम राख्न मद्दत गर्दछन्। वनस्पति र जीवजन्तुको यो विविधताले यस क्षेत्रको पारिस्थितिक प्रणालीलाई समृद्ध बनाएको छ। सामुदायिक वन उपभोक्ता समूहहरूले वनको संरक्षण र व्यवस्थापनमा सक्रिय भूमिका खेल्दै आएका छन्। वन पैदावारको दिगो उपयोग र संरक्षणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। वृक्षारोपण, अतिक्रमण नियन्त्रण, डढेलो नियन्त्रण, पहिरो नियन्त्रण जस्ता कार्यहरू नियमित रूपमा गरिन्छन्। वन क्षेत्रबाट प्राप्त हुने गैरकाष्ठ वन पैदावारहरूको पनि महत्वपूर्ण आर्थिक मूल्य रहेको छ। बाँस, निगालो, अल्लो, लोक्ता जस्ता वनस्पतिहरूको उपयोग गरी स्थानीय समुदायले विभिन्न हस्तकला सामग्रीहरू निर्माण गर्ने गरेका छन्। यसले स्थानीय रोजगारी र आय आर्जनमा टेवा पुर्याएको छ।

जैविक विविधताको संरक्षणका लागि वन्यजन्तु र वनस्पतिको अवैध शिकार तथा चोरी निकासी नियन्त्रण गर्न आवश्यक छ। साथै वन क्षेत्रको विस्तार र वैज्ञानिक व्यवस्थापन गरी यसको दिगो उपयोग सुनिश्चित गर्नुपर्छ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न पनि वन क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ।

वन क्षेत्रमा पाइने विभिन्न फलफूलहरू जस्तै कटुस, ओखर, मेवा, आँप, कटहर आदिले खाद्य सुरक्षामा योगदान पुर्याउँछन्। यी फलफूलहरूको व्यावसायिक खेती गरी आय आर्जन बढाउन सकिने सम्भावना पनि रहेको छ। साथै मह, च्याउ जस्ता वन पैदावारको उत्पादन र बिक्री वितरणबाट पनि आय आर्जन गर्न सकिन्छ। वन क्षेत्रको पर्यटकीय महत्व पनि उत्तिकै रहेको छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता र हरियाली वातावरणले पर्यटकहरूलाई आकर्षित गर्दछ। इको-टुरिजमको विकास गरी यस क्षेत्रको आर्थिक विकासमा टेवा पुर्याउन सकिन्छ। वन्यजन्तु अवलोकन, बर्ड वाचिङ, जडिबुटी, वनस्पति अध्ययन जस्ता गतिविधिहरू सञ्चालन गर्न सकिन्छ।

वैज्ञानिक अनुसन्धानको दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण रहेको छ। यहाँका वनस्पति र जीवजन्तुको अध्ययन अनुसन्धान गरी नयाँ ज्ञान र प्रविधिको विकास गर्न सकिन्छ। विशेषगरी औषधीय जडीबुटीहरूको अनुसन्धान र विकासले स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ। वन क्षेत्रको संरक्षण र विकासका लागि स्थानीय समुदाय, सरकारी निकाय र गैरसरकारी संस्थाहरूको समन्वयात्मक प्रयास आवश्यक छ। वन सम्पदाको दिगो व्यवस्थापन गरी भावी पुस्ताका लागि यसको संरक्षण गर्नु आजको आवश्यकता हो।

च) पर्यटन :- शम्भुनाथ नगरपालिका पर्यटकीय सम्भावना बोकेको एक महत्वपूर्ण क्षेत्र हो। विशेषगरी धार्मिक पर्यटनको दृष्टिकोणले यो क्षेत्र निकै महत्वपूर्ण मानिन्छ। यस क्षेत्रमा रहेका प्रमुख मन्दिरहरूमा राम शम्भुनाथ मन्दिर, शिव मन्दिर, दुर्गा मन्दिर, हनुमान मन्दिर लगायत रहेका छन्। बैशाख महिनाभरी यस शम्भुनाथ बाबा मन्दिरमा मेला लाग्ने गर्दछ।  यी मन्दिरहरूमा विभिन्न चाडपर्व र पूजा अनुष्ठानका अवसरमा भक्तजनहरूको भीड लाग्ने गर्दछ। विशेषगरी शिवरात्री रामनवमी, श्रावण महिना र दशैंको समयमा यहाँ धार्मिक पर्यटकहरूको आगमन बढी हुने गर्दछ। सांस्कृतिक पर्यटनको दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण छ। यहाँका विभिन्न जातजाति र समुदायका मौलिक संस्कृति, परम्परा र रीतिरिवाजहरूले पर्यटकहरूलाई आकर्षित गर्दछन्। स्थानीय नृत्य, गीत संगीत, भेषभूषा र खानपानको विशिष्टताले पर्यटकहरूलाई विशेष आकर्षण गर्दछ।

होमस्टे पर्यटनको विकासका लागि यो क्षेत्रमा प्रचुर सम्भावना रहेको छ। स्थानीय समुदायको सहभागितामा होमस्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न सकिन्छ। यसले स्थानीय रोजगारी र आय आर्जनमा वृद्धि गर्नुका साथै सामुदायिक विकासमा टेवा पुर्याउन सक्छ। कृषि पर्यटनको विकास गर्न पनि यो क्षेत्र उपयुक्त छ। यहाँका परम्परागत कृषि प्रणाली, स्थानीय बाली र कृषि

उत्पादनहरूले पर्यटकहरूको ध्यान खिच्न सक्छन्। कृषि फार्म भ्रमण, स्थानीय उत्पादन प्रदर्शनी र बिक्री, कृषि सीप हस्तान्तरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

स्थानीय हस्तकला र सिपमूलक उत्पादनहरूले पनि पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउन सक्छन्। बाँस, निगालो, अल्लो लगायतका स्थानीय कच्चा पदार्थबाट निर्मित हस्तकला सामग्रीहरूले पर्यटकहरूलाई आकर्षित गर्न सक्छन्। यस्ता सामग्रीहरूको बिक्री वितरणबाट स्थानीय अर्थतन्त्रमा टेवा पुग्न सक्छ।

खेलकुद पर्यटनको विकासका लागि पनि यहाँ सम्भावना रहेको छ। स्थानीय खेलकुद प्रतियोगिताहरू, साहसिक खेल गतिविधिहरू सञ्चालन गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ। यसका लागि आवश्यक पूर्वाधार विकास र प्रचारप्रसार गर्नुपर्ने हुन्छ।

पर्यटन पूर्वाधार विकासका लागि सडक, होटल, रेस्टुरेन्ट, पार्किङ स्थल, शौचालय जस्ता भौतिक संरचनाहरूको निर्माण र स्तरोन्नति गर्नुपर्छ। सुरक्षा व्यवस्था, सूचना केन्द्र, पर्यटक गाइड जस्ता सेवाहरूको पनि व्यवस्था गर्नु पर्ने आबस्यक देखिन्छ। पर्यटन विकासका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वयात्मक प्रयास आवश्यक छ। पर्यटन पूर्वाधार विकास, प्रचारप्रसार, क्षमता विकास जस्ता क्षेत्रमा सबै पक्षको सहकार्य र लगानी आवश्यक छ।

१.१.४ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

तालिका १.५ वडागत घरधुरी तथा उपलब्ध सेवाहरु

| **वडा** | **जम्मा जनसंख्या** | **जम्मा घरधुरी** | **उपलब्ध प्रमुख सेवाहरू** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | २३९३ | ५४४ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| २ | ३१९८ | ६८६ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ३ | ४३०६ | ९४३ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ४ | २८०३ | ६६२ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ५ | २२०५ | ४९२ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ६ | ३७७६ | ७८४ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ७ | ५००० | १०७३ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ८ | ३०२८ | ६७८ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ९ | २५३६ | ५३२ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| १० | १९५७ | ३९५ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| ११ | २५५४ | ५८६ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | ५८७८ | १३०४ | स्वास्थ्य सेवा | कृषि सेवा | सामाजिक सुरक्षा | शिक्षा सेवा | कानुनी सेवा |
| **जम्मा** | ३९६३४ | ८६७९ | | | | | |

१.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप (Geographical Background and Demographic Characteristics/Structure)

१.२.३.१ भौगोलिक पृष्ठभूमि (Geographical Background)

| विशेषताहरु | शम्भुनाथ नगरपालिका |
|---|---|
| पालिकाको क्षेत्रफल | १०८.७१बर्ग कि.मी. |
| अक्षांश | २६ डिग्री २५ मिनेट सेकेन्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी आक्षंश |
| देशान्तर | ८६ डिग्री २८ मिनेट देखि ८७ डिग्री ७ मिनेट पूर्वी देशान्तर |
| साविकका गाविसहरु | खोक्सर प्रवाहा, सखुवा कचन्दाहा, मोहनपुर, भंगहा, रामपुर जमुवा, वसवलपुर र अर्नाहा |
| केन्द्र | कठौना बजार |
| पर्यटकीय स्थल | शम्भुनाथ मन्दिर, चन्द्रभोगागढी, भोकर दह, ढेडवा पोखरी |
| जैविक विविधता | यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ । यस क्षेत्रमा जाडोमा अति जाडो र गर्मीमा अति गर्मी हुने गर्दछ । यहाँ छ महिना निकै न्यानो वातावरण र छ महिना कुनै कुनै ठाउँमा निकै चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिनछ |
| प्राकृतिक प्रकोप तथा जोखिमको अवस्था | जङ्गली जनावर आतङ्क (वडा नं. २, ७ र ८), बाढी पहिरो (वडा नं. २, ५, ७, ९) |

१.२.३.२ भौगोलिक अवस्था : शम्भुनाथ नगरपालिका कूल क्षेत्रफल १०८.७१ वर्ग किलोमिटर छ। यसलाई प्रशासनिक रुपमा १२ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप तराई क्षेत्र अन्तरगत पर्दछ। भौगोलिक अवस्थितिका हिसाबले शम्भुनाथ नगरपालिका को २६ डिग्री २५ मिनेट सेकेन्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी आक्षंश र ८६ डिग्री २८ मिनेट देखि ८७ डिग्री ७ मिनेट पूर्वी (अक्षांश २६०.२५" देखि २६०.४७" उत्तर र ८६०. २८" देखि ८७०. ७" पुर्व) देशान्तरमा रहेको छ। यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ। यस क्षेत्रमा जाडोमा अति जाडो र गर्मीमा अति गर्मी हुने गर्दछ। यहाँ छ महिना निकै न्यानो वातावरण र छ महिना कुनै कुनै ठाउँमा निकै चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिनछ।

१.२.३.३ नदीनाला :

शम्भुनाथ नगरपालिकामा अवस्थित नदीनालाहरू यस क्षेत्रका प्राकृतिक सम्पदाका रूपमा परिचित छन्। कोशी नदीको प्रभावले यहाँको भौगोलिक बनावट र जलवायुलाई निर्धारण गरेको छ। यस क्षेत्रका साना-ठूला नालाहरूले सिंचाइका लागि महत्त्वपूर्ण भूमिका खेल्छन्, जसले कृषिलाई समृद्ध बनाएको छ। कोशीको सहायक धाराहरू, जस्तै त्रियुगा र अन्य साना खोलाहरूले वर्षात् र हिउँद दुवै मौसममा पानीको आपूर्ति गर्दै स्थानीय जनजीवनलाई सहज बनाएका छन्। यी नदीनालाहरूले केवल जलस्रोतको रूपमा मात्र नभई मत्स्य पालन, घरेलु प्रयोग र जैविक विविधताको संरक्षणमा समेत

योगदान पुर्‍याएका छन्। तर, बाढीको जोखिम पनि यस्तै नदीहरूबाट देखा पर्ने भएकाले दीर्घकालीन व्यवस्थापन आवश्यक छ।

१.२.३.४ हावापानी : शम्भुनाथ नगरपालिकाको हावापानी मध्यम गर्मीयुक्त तराई क्षेत्रको विशेषता बोकेको छ। यहाँ गर्मी मौसममा तापक्रम ३० देखि ४० डिग्री सेल्सियससम्म पुग्न सक्छ, भने जाडो मौसममा तापक्रम १० देखि १५ डिग्री सेल्सियसको हाराहारीमा रहन्छ। मनसुनको समयमा पर्याप्त वर्षा हुने भएकाले कृषि उत्पादनका लागि यो क्षेत्र अनुकूल मानिन्छ। हावापानीको यस विविधताले यहाँको जनजीवनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्दछ। शम्भुनाथ नगरपालिकामा विभिन्न जातजाति, भाषा र संस्कृतिका मानिसहरू बसोबास गर्दछन्, जसले यो क्षेत्रलाई सांस्कृतिक रूपमा समृद्ध बनाएको छ। यहाँका मानिसहरूको मुख्य जीविकोपार्जन कृषि, पशुपालन र साना व्यवसायहरू हुन्। ग्रामीण जीवनशैली, पारिवारिक सहकार्य, र सांस्कृतिक चाडपर्वले स्थानीय जनजीवनलाई अझ आकर्षक बनाएको छ।

१.२.३.५ प्राकृतिक बिपत र तिनको सम्भावना : शम्भुनाथ नगरपालिकामा बाढी, आगलागी, र महामारीजस्ता प्राकृतिक विपदहरू आउने सम्भावना उच्च छ। बर्सातको समयमा यस पालिका भएर बग्ने जिता र खाडो नदीमा जलस्तर बढ्दा बाढीले खेतबारी, घरधुरी, र जनधनमा ठूलो क्षति पुर्याउने जोखिम रहन्छ। गर्मीयाममा सुख्खा मौसम र हावाहुरीले आगलागीको घटना बढी हुने गर्दछ, विशेष गरी परम्परागत छानो भएका घरहरूमा। साथै, अत्यधिक गर्मीले जंगलमा आगलागीको सम्भावना पनि बढाउँछ। यहाँको जनसंख्याको घनत्व र जलवायु परिवर्तनका कारण महामारी फैलने जोखिम पनि रहन्छ। डेंगु, मलेरिया, टाइफाइडजस्ता रोगहरू बाढीपछिको जलजन्य समस्या वा लामखुट्टे प्रकोपबाट देखा पर्न सक्छन्। साथै, शीतलहरले जाडो मौसममा बालबालिका, वृद्धवृद्धा, र कमजोर व्यक्तिहरूलाई गम्भीर असर पुर्याउने सम्भावना हुन्छ। यी विपदहरूको सामना गर्न अग्रिम योजना, चेतनामूलक कार्यक्रम, र पूर्वतयारी अनिवार्य छ।

१.२.३.६ प्राकृतिक स्रोत एवं विशेषता : शम्भुनाथ नगरपालिकामा विभिन्न प्राकृतिक स्रोतहरू उपलब्ध छन्, जसले यहाँको जनजीवन र आर्थिक गतिविधिमा महत्त्वपूर्ण भूमिका खेल्छन्। यस क्षेत्रको मुख्य प्राकृतिक स्रोत भनेको उर्वर कृषि भूमि हो, जसले धान, गहुँ, मकै, र दलहन बालीको उत्पादनलाई बढावा दिएको छ। पानीका स्रोतहरूमा कोशी नदी, यसको सहायक धाराहरू, र साना कुलाहरूले सिंचाइको लागि महत्त्वपूर्ण योगदान पुर्याएका छन्। शम्भुनाथ नगरपालिकामा पाइने माटो उर्वर र जैविक विविधतायुक्त छ, जसले कृषिको अतिरिक्त तरकारी खेती र बगैंचालाई पनि प्रोत्साहन दिएको छ। यी स्रोतहरूको प्रभावकारी व्यवस्थापन र उपयोगले यहाँको जीवनस्तरलाई सुधार्न र दिगो विकासलाई सुनिश्चित गर्न सहयोग पुर्याउन सक्छ।

१.२.४ पूर्वधार र विकास

**क) स्वास्थ्य सेवा:** शम्भुनाथ नगरपालिका, सप्तरी, स्वास्थ्य सेवामा सुधारका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ। यहाँका स्वास्थ्य केन्द्रहरूमा आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध छन्, जसमा प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य केन्द्रहरू प्रमुख छन्। तथापि, स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अझै सुधारको आवश्यकता छ। बाल स्वास्थ्य सेवामा महत्त्वपूर्ण खोप कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, जसमा निम्नलिखित खोपहरू दिइन्छ:

- BCG (बाँसको खोप)
- पोलियो खोप
- DPT (डिप्थेरिया, पेर्टुसिस र टिटानस)
- हेपाटाइटिस B
- रोटावायरस खोप
- MMR (मास्स, मम्प्स र रुबेला)
- Vitamin A खुराक

कुपोषणको समस्या महत्त्वपूर्ण छ। कुपोषित बच्चाहरूको उपचारका लागि मासिक पोषण वितरण, स्तनपान प्रवर्धन, र समुदायमा आधारित जागरूकता अभियानहरू सञ्चालनमा छन्।

साथै, सुकेनाश, फुकेनाश र हैंजा जस्ता संक्रमणजन्य रोगहरूको रोकथामका लागि नियमित खोप अभियानहरू चलाइन्छ। यस क्षेत्रमा स्वास्थ्य शिक्षा र स्वच्छता सुधारका प्रयासहरू जारी छन्, जसले समुदायमा रोगहरूको प्रसारलाई रोक्न मद्दत पुर्‍याउँछ।

स्थानीय सरकार र स्वास्थ्य संस्थाहरू कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सक्रिय रूपमा काम गर्दै छन्, जसले शम्भुनाथ नगरपालिकामा स्वास्थ्य सेवामा सुधार ल्याउन मद्दत गर्दैछ।

**ख) खानेपानी:** यस नगरपालिकाको अधिकांश ठाउँमा भूमिगत जल सतहबाट हाते पम्प/ट्यूबेलको माध्यमले शुद्ध खानेपानी प्राप्त गरेका छन् भन्ने केहि स्थानमा शुद्ध खानेपानीको ट्यांकी समेत निर्माण भएको छ तर खानेपानी वितरणको अवस्थामा छैन।

**ग)विधुत :**यस नगरपालिकाको सम्पूर्ण घरधुरीमा विद्युत पहुच पुग्नुको साथै यस क्षेत्रका बासिन्दाहरुले विद्युतलाई केवल घरायसी प्रयोजनमा मात्र प्रयोग नगरी कृषि सिचाई, विद्युतीय गाडी आदिको क्षेत्रमा समेत प्रयोग गरेको पाइन्छ।

**घ) यातायत/हवाई मार्ग :** शम्भुनाथ नगरपालिकाको सबै वडामा यातायातको सहजता रहेको छ। यस नगरपालिकाको वडा नं १ मा बन्दै गरेको हुलाकी राजमार्ग पनि रहेको छ र यस गा.पा. बाट सप्तरी जिल्लाको सदरमुकाम राजविराज पुग्न ३० मिनेट मात्र समय लाग्ने कुराले पनि यहाँको यातायातको व्यवस्था र सहजताको बारेमा झल्काउने गरेको छ।

**ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेटसेवा :** यस नगरपालिकामा Subisu, नेपाल दुरसंचार संस्था, ऐनसेल नेटवर्क, world link तथा बिभन्न सेवा प्रदयाक संस्थाको इन्टरनेट सेवाको पहुच पुगेको छ।

**ङ) बैंकिंग सेवा:** एक पालिका एक बैंक नीतिको आगमनले नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त बैंकहरु लगायत अन्य सहकारी संस्थाहरुले बैंकिंग सेवा प्रदान गर्दै आएको छ ।

### १.२.५ ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)

क) ऐतिहासिक अवस्था : शम्भुनाथ नगरपालिका मधेश प्रदेश अन्तरगत सप्तरी जिल्लामा अवस्थित रहेको छ। सप्तरी जिल्लामा विद्यमान ९ नगरपालिका र ९ गाँउपालिका गरि १८ स्थानीय तह मध्ये शम्भुनाथ नगरपलिका एक हो। नेपालको मधेश प्रदेश अन्तरगतको सप्तरी जिल्लाको उत्तर भू-भागमा अबस्थित नगरपालिका हो। शम्भुनाथ नगरपलिका सप्तरी जिल्लाका साविकको खोक्सर प्रवाहा, शम्भुनाथ (सखुवा कचन्दाहा), मोहनपुर, भंगहा, रामपुर जमुवा, वसवलपुर र अर्नाहा गा.वि.स. संयोजन समावेश गरी बनेको यस नगरपलिकामा १२ वटा वडाहरु रहेका छन्। हाल मधेश प्रदेश अन्तर्गत नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयबाट गठित नगरपालिका हो। यस क्षेत्रमा अवस्थित शम्भुनाथ बाबाको नामवाट पालिकाको नामाकरण भएको भनाई हो। सप्तरीको सुन्दर धार्मिक स्थलहरु मध्ये शम्भुनाथ बाबा मन्दिर एक उत्कृष्ट धार्मिक, सर्वाधिक महत्वपूर्ण र प्रख्यात तीर्थस्थलको रुपमा रहेको छ। शिवको पुजाआजा हुने यो स्थान शम्भुनाथ बजार देखि १ कि.मी. पूर्व दक्षिण मा रहेको छ। यस नगरपालिकामा आदिकाल देखि हिन्दू, बौद्ध समुदायका बाहुल्यता रहेका छ। शम्भुनाथ नगरपालिका को सिमानाको पूर्वी भागमा रुपनी गाँउपालिका,पश्चिमीमा भागमा खडक नगरपालिका, दक्षिणी भागमा डाक्नेश्वरी नगरपालिका पर्दछन भन्ने उत्तरी भागमा उदयपुर जिल्लाको सिमानासंग जोडिएको छ। भौगोलिक हिसाबमा उत्तरमा चुरे क्षेत्र देखि दक्षिणमा तराई मधेशको भू-भाग ओगटेको यस क्षेत्र पूर्व पश्चिम राजमार्गसँग जोडिएता पनि आर्थिक, सामाजिक लगायत समग्र मावन विकास सूचाकंमा अपेक्षित उपलब्धी हासिल गरिसकेको छैन। कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण मार्फत कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धिको दृष्टिकोणबाट यस क्षेत्रको महत्वपूर्ण संभावना छ। यस नगरपालिका को कुल क्षेत्रफल १०८.७१ वर्ग किलोमिटर रहेको छ। क्षेत्रफलको हिसाबमा वडा नं-७

सबै भन्दा ठुलो र वडा नं ५ सबै भन्दा सानो वडा रहेको छ । शम्भुनाथ नगरपालिकाको मूख्य कार्यालय शम्भुनाथ न.पा. -६, कठौना बजारमा रहेको छ । जनसंख्यिक रुपले हेर्दा वडा नं १२ मा सबैभन्दा बढी र वडा नं १० सबैभन्दा कम जनसंख्या रहेको छ।

ख) पर्यटकीय एवं ऐतिहासिक विशेषता : - शम्भुनाथ नगरपालिका पर्यटकीय सम्भावना बोकेको एक महत्वपूर्ण क्षेत्र हो। विशेषगरी धार्मिक पर्यटनको दृष्टिकोणले यो क्षेत्र निकै महत्वपूर्ण मानिन्छ। यस क्षेत्रमा रहेका प्रमुख मन्दिरहरूमा राम शम्भुनाथ मन्दिर, शिव मन्दिर, दुर्गा मन्दिर, हनुमान मन्दिर लगायत रहेका छन्। बैशाख महिनाभरी यस शम्भुनाथ बाबा मन्दिरमा मेला लाग्ने गर्दछ।  यी मन्दिरहरूमा विभिन्न चाडपर्व र पूजा अनुष्ठानका अवसरमा भक्तजनहरूको भीड लाग्ने गर्दछ। विशेषगरी शिवरात्री रामनवमी, श्रावण महिना र दशैंको समयमा यहाँ धार्मिक पर्यटकहरूको आगमन बढी हुने गर्दछ। सांस्कृतिक पर्यटनको दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण छ।

ग) सामाजिक अवस्था : शम्भुनाथ नगरपालिका, सप्तरीको सामाजिक अवस्था विविधता र सहअस्तित्वको सुन्दर नमुना हो । यहाँ विभिन्न जातजाति, धर्म, र भाषाका समुदायहरू बसोबास गर्छन्, जसले सामाजिक सौहार्दता र सांस्कृतिक समृद्धिलाई बलियो बनाएको छ । हिन्दू, मुस्लिम, र अन्य समुदायहरूले आ-आफ्ना परम्परा, चाडपर्व, र धार्मिक गतिविधिहरूलाई समान सम्मानका साथ पालन गर्छन् । ग्रामीण क्षेत्र भएकाले यहाँका मानिसहरूको जीवनशैली सरल छ, र सामूहिक सहकार्यमा आधारित छ । विवाह, व्रतबन्ध, र चाडपर्व जस्ता सामाजिक घटनामा समुदायबीचको एकता झल्किन्छ । शिक्षा र स्वास्थ्यका क्षेत्रमा केही चुनौती भए पनि सरकारी र गैरसरकारी संस्थाहरूको सहयोगले सुधार भइरहेको छ । महिलाहरूको सहभागिता र सशक्तीकरणमा क्रमशः वृद्धि हुँदैछ, जसले सामाजिक प्रगतिको संकेत गर्दछ । परम्परागत मूल्य र आधुनिक सोचको समिश्रणले शम्भुनाथ नगरपालिकाको सामाजिक अवस्था विशेष बनाएको छ ।

**घ) सामाजिक तथा सांस्कृतिक विशेषता :** शम्भुनाथ नगरपालिका एक समृद्ध मधेशी समुदाय हो, जहाँ विभिन्न जातजाति, धर्म, र सांस्कृतिक परम्पराहरूको अनूठो मिश्रण पाइन्छ । यहाँ मुख्य रूपमा मधेशी, थारु, यादव, मुस्लिम, ब्राह्मण, दलित, तथा अन्य समुदायहरूको बसोबास छ । यस विविधताले नगरपालिकाको सामाजिक संरचना र सांस्कृतिक विशेषतालाई बहुआयामिक बनाएको छ ।

सामाजिक रूपमा यहाँका बासिन्दाहरू मेलमिलाप र सहकार्यमा आधारित जीवनयापन गर्छन् । विभिन्न समुदायका परम्परा र चाडपर्वहरू आपसी सद्भाव र सहिष्णुतामा आधारित छन् । छठ, होली, ईद, माघी, दशैँ, र तिहारजस्ता पर्वहरू सामूहिक रूपमा मनाइन्छन्, जसले यहाँको सामाजिक एकतालाई बलियो बनाएको छ ।

सांस्कृतिक रूपमा परम्परागत गीत-सङ्गीत, नृत्य, र लोककथाहरू शम्भुनाथ नगरपालिकाको विशेषता हुन् । मधेशी लोकसङ्गीत र झुमर नृत्य, थारु नाच, तथा धार्मिक अनुष्ठानहरू यहाँको सांस्कृतिक पहिचान हुन् । स्थानीय परम्परागत खानपान, जस्तै ढिकरी, धुस्का, र पिठाको स्वाद पर्यटकलाई पनि आकर्षित गर्दछ ।

शम्भुनाथ नगरपालिकाको सामाजिक र सांस्कृतिक विविधता यहाँको सद्भाव र परम्पराको प्रतीक हो, जसले समुदायलाई एकताबद्ध र समृद्ध बनाएको छ ।

ङ) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू : शम्भुनाथ नगरपालिका एक मधेशी समुदाय हो, जहाँ विभिन्न जातजाति र धर्मावलम्बीहरूको बसोबास छ । यो सांस्कृतिक विविधता चाडपर्वहरूको बहुलतामा झल्किन्छ । यहाँका प्रमुख चाडपर्वहरूमा चौरचन, रक्षा बन्धन, दशैँ, तिहार छठ, होली, ईद बकरईद, पुशी पुर्णिमा, होलि पर्दछन् ।

छठ पर्व महत्त्वपूर्ण धार्मिक चाड हो, जहाँ सूर्यदेवको उपासना गरिन्छ। यो पर्व सामूहिक सहभागिता र धार्मिक आस्थाको प्रतीक हो। होली रंगहरूको चाड हो, जसले यहाँको सामाजिक मेलमिलाप र भाइचारा झल्काउँछ। दशैँ र तिहारले हिन्दू परम्परा झल्काउँछ, जहाँ देवी दुर्गाको पूजा र दीपावलीको झिलिमिलीले नगरपालिकालाई जीवन्त बनाउँछ।

मुस्लिम समुदायका लागि ईद विशेष चाड हो, जसमा धार्मिक प्रार्थना र परम्परागत भोजनको विशेष महत्त्व हुन्छ। यस्तै, स्थानीय थारु समुदायले जितिया र माघी पर्व मनाउँछन्, जसले यहाँको सांस्कृतिक विविधता समृद्ध बनाएको छ।

शम्भुनाथ नगरपालिकामा चाडपर्वहरू आपसी सद्भाव, धार्मिक सहिष्णुता, र सामुदायिक एकताको प्रतीकका रूपमा मनाइन्छन्। यसले सामाजिक सम्बन्धलाई अझ प्रगाढ बनाउने काम गर्दछ।

च) प्रमुख जातजाती, जनजातिहरू, पिछडा बर्ग,..................

**तालिका १.६ प्रमुख जातजातीहरू**

| जातजातिहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|
| सबै जाति | ३०३१५ | १००.०० |
| क्षेत्री | १७ | ०.०६ |
| विश्वकर्मा | १४ | ०.०५ |
| मुस्लिम | २९२२ | ९.६४ |
| यादव | ६११५ | २०.१७ |
| ठकुरी | २२ | ०.०७ |
| तेली | १३९२ | ४.५९ |
| चमार/हरिजन/राम | १५५८ | ५.१४ |
| कोइरी/कुशवाहा | ८१ | ०.२७ |
| मुसहर | २२९८ | ७.५८ |
| कुर्मी | १२२ | ०.४० |
| सन्यासी/दशनामी | ९२ | ०.३० |
| धानुक | ५६४१ | १८.६१ |
| मल्लहा | ५२७ | १.७४ |
| केवट | ५८१ | १.९२ |
| कथाबनिया | ४४९ | १.४८ |
| ब्राह्मण - तराई | ४४८ | १.४८ |
| हजम/ठाकुर | ५४४ | १.७९ |
| राजबंसी | ११ | ०.०४ |
| धोबी | ५१३ | १.६९ |
| तत्मा/तात्वा | २२ | ०.०७ |
| लोहार | १२ | ०.०४ |
| खट्वे | २४६३ | ८.१२ |
| सुनदी | ३१ | ०.१० |
| हलुवाई | २९३ | ०.९७ |
| माझी | ६२ | ०.२० |

| | | |
|---|---|---|
| **बाराई** | ९५ | ०.३१ |
| **नुनिया** | ८० | ०.२६ |
| **कुम्हार** | १०१ | ०.३३ |
| **बन्तार/सरदार** | ९५७ | ३.१६ |
| **राजपूत** | ८२ | ०.२७ |
| **बधाइ/बधे** | ६०५ | २.०० |
| **माली** | १२१ | ०.४० |
| **राजधोब** | १३६६ | ४.५१ |
| **डोम** | ६१ | ०.२० |
| **अमत** | ३०३ | १.०० |
| **देव** | ८९ | ०.२९ |
| **बेलदार** | १३ | ०.०४ |
| **अरू** | २४ | ०.०८ |
| **विदेशी** | १८८ | ०.६२ |

स्रोत:CBS-2078

**तालिका १.७ बिशेष/अल्पसंख्यक/लक्षित** जातजातीहरू

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| मुसहर | २२९८ | ७.५८ |
| डोम | ६१ | ०.२ |

स्रोत:CBS-2078

**तालिका १.८ भाषागत जनसंख्या**

| **सबै मातृभाषाहरू** | **३९६३४** | **१९००६** | **२०६२८** | **१३२.६६** |
|---|---|---|---|---|
| **नेपाली** | ६३६ | २९९ | ३३७ | २.१३ |
| **मैथिली** | २०५८५ | १०००६ | १०५७९ | ६८.९० |
| **भोजपुरी** | ४१ | २३ | १८ | ०.१४ |
| **थारु** | १६९८७ | ८०२२ | ८९६५ | ५६.८६ |
| **तामाङ** | ७३ | ३८ | ३५ | ०.२४ |
| **मगर धुत** | १३४ | ६२ | ७२ | ०.४५ |
| **उर्दु** | ९४५ | ४४३ | ५०२ | ३.१६ |
| **राई** | ११० | ५४ | ५६ | ०.३७ |
| **हिन्दी** | ३९ | १५ | २४ | ०.१३ |
| **चाम्लिङ** | २३ | १३ | १० | ०.०८ |
| **माझी** | १० | ६ | ४ | ०.०३ |
| **तिलुङ** | १३ | ८ | ५ | ०.०४ |
| **मुस्लिम** | १९ | ८ | ११ | ०.०६ |
| **अरू** | १९ | ९ | १० | ०.०६ |

**स्रोत:CBS-2078**

शम्भुनाथ नगरपालिकाको मातृभाषा सम्बन्धी डाटाले मैथिली (२०,५८५ व्यक्ति) र थारु (१६,९८७ व्यक्ति) प्रमुख भाषाहरू रहेको देखाउँछ। नेपाली भाषी संख्या ६३६ मात्र भए पनि अन्य मातृभाषाको तुलनामा उल्लेख्य छ। उर्दू, तामाङ, राई, मगर धुत, र भोजपुरी जस्ता भाषाहरू पनि नगरपालिकामा प्रयोग हुन्छन्, तर तुलनात्मक रूपमा कम छन्। मैथिली र थारु मिलेर करिब ८६% जनसंख्या ओगट्छन्, जसले यहाँको सांस्कृतिक विविधता झल्काउँछ। हिन्दीसहित अन्य साना भाषाहरूको उपस्थिति पनि पाइन्छ। यो तथ्याङ्कले नगरपालिकामा बहुभाषिक संरचना रहेको पुष्टि गर्छ।

**तालिका १.९ प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| क्षेत्र | जम्मा जनसंख्या | धर्महरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | बोन | जैन | बहाई | सिख |
| जम्मा | ३९६३४ | ३४१२२ | २५७६ | २७८९ | १४० | ७ | ० | ० | ० | ० | ० |
| पुरुष | १९००६ | १६३९१ | १२१४ | १३२५ | ७२ | ४ | ० | ० | ० | ० | ० |
| महिला | २०६२८ | १७७३१ | १३६२ | १४६४ | ६८ | ३ | ० | ० | ० | ० | ० |

**स्रोत:CBS-2078**

शम्भुनाथ नगरपालिकाको धर्मिय वितरण अनुसार, यहाँको प्रमुख धर्म हिन्दू (३४,१२२ व्यक्ति) रहेको छ, जसले नगरपालिकाको कुल जनसंख्याको लगभग ८६% हिस्सा ओगट्छ। इस्लाम (२,७८९) र बौद्ध धर्म (२,५७६) पनि उल्लेखनीय संख्या मा रहेका छन्, जबकि अन्य धर्महरू जस्तै किरणत (१४०), क्रिश्चियन (७), र अन्य धर्महरूको उपस्थिति न्यून छन्। महिला र पुरुष जनसंख्यामा धर्मीय वितरण सन्दर्भमा सन्देश स्पष्ट छ कि हिन्दू धर्म महिलामध्ये पनि प्रमुख छ। इस्लाम र बौद्ध धर्मलाई पुरुष र महिलाहरूमा समान अनुपातमा देखा पर्दा नगरपालिकाको धर्मिय विविधता झल्काउँछ।

### छ) जनसाङ्ख्यिक स्वरूप

तालिका १.१० (२०६८ मा र २०७८ को कुल जनसंख्या)

| क्रस | उमेर समुह | जम्मा | पुरुष | महिला | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ००-०४ | २८६७ | १५५० | १३१७ | ९.४६ | ११७.६९ |
| २ | ०५-०९ | ३४४० | १८१० | १६३० | ११.३५ | १११.०४ |
| ३ | १०-१४ | ३२४३ | १६८१ | १५६२ | १०.७० | १०७.६२ |
| ४ | १५-१९ | २९४० | १५४३ | १३९७ | ९.७० | ११०.४५ |
| ५ | २०-२४ | २७३६ | १२९९ | १४३७ | ९.०३ | ९०.४० |
| ६ | २५-२९ | २४६० | ११५८ | १३०२ | ८.११ | ८८.९४ |
| ७ | ३०-३४ | २०३६ | ९१८ | १११८ | ६.७२ | ८२.११ |
| ८ | ३५-३९ | २०८० | ९४३ | ११३७ | ६.८६ | ८२.९४ |
| ९ | ४०-४४ | १७०३ | ८५१ | ८५२ | ५.६२ | ९९.८८ |
| १० | ४५-४९ | १४२० | ७०७ | ७१३ | ४.६८ | ९९.१६ |
| ११ | ५०-५४ | १२८२ | ६५७ | ६२५ | ४.२३ | १०५.१२ |
| १२ | ५५-५९ | १०५९ | ५७६ | ४८३ | ३.४९ | ११९.२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१३** | ६०-६४ | ९८४ | ४६१ | ५२३ | ३.२५ | ८८.१५ |
| **१४** | ६५-६९ | ८६१ | ४४३ | ४१८ | २.८४ | १०५.९८ |
| **१५** | ७०-७४ | ७३९ | ३६५ | ३७४ | २.४४ | ९७.५९ |
| **१६** | ७५-७९ | २९३ | १७० | १२३ | ०.९७ | १३८.२१ |
| **जम्मा** | | ३०३१५ | १५२२५ | १५०९० | १००.०० | १००.८९ |

**स्रोत:CBS-2078**

तालिका १.११: २०७८ मा कुल, दलित र जनजातीको जनसंख्या

| वार्ड | जम्मा जनसङ्ख्या | | |
|---|---|---|---|
| | **महिला** | **पुरूष** | **जम्मा** |
| १ | ७२४४ | ३६३० | ३६१४ |
| २ | ६८६३ | ३५७१ | ३२९२ |
| ३ | १६४९ | ८१७ | ८३२ |
| ४ | ६२९४ | ३०४५ | ३२४९ |
| ५ | ४५५६ | २२७५ | २२८१ |
| ६ | ३७०९ | १८८७ | १८२२ |
| **जम्मा** | **३०३१५** | **१५२२५** | **१५०९०** |

तालिका १.१३ २०७८ र २०८७ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा)

| **उमेर समूह** | **२०७८ को जनगणना** | **प्रक्षेपित जनसंख्या (जम्मामा)** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८०** | **२०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** |
| ३ | ८८१ | ९०१ | ९११ | ९२२ | ९३२ | ९४३ | ९५४ | ९६५ |
| ४ | ७७२ | ७९० | ७९९ | ८०८ | ८१७ | ८२६ | ८३६ | ८४५ |
| ५ | ८४८ | ८६७ | ८७७ | ८८७ | ८९७ | ९०८ | ९१८ | ९२८ |
| ५-९ | ३६६८ | ३७५२ | ३७९५ | ३८३८ | ३८८२ | ३९२६ | ३९७१ | ४०१६ |
| १०-१२ | १५८५ | १६२१ | १६४० | १६५९ | १६७७ | १६९७ | १७१६ | १७३५ |
| ५-१२ | ५२५३ | ५३७३ | ५४३५ | ५४९७ | ५५५९ | ५६२३ | ५६८७ | ५७५२ |
| १३-१४ | १५२३ | १५५८ | १५७६ | १५९४ | १६१२ | १६३० | १६४९ | १६६८ |
| १५-१६ | १४५५ | १४८८ | १५०५ | १५२२ | १५४० | १५५७ | १५७५ | १५९३ |
| १३-१६ | २९७८ | ३०४६ | ३०८१ | ३११६ | ३१५२ | ३१८८ | ३२२४ | ३२६१ |
| ५+ | ३५६९८ | ३६५१७ | ३६९३३ | ३७३५४ | ३७७८० | ३८२१० | ३८६४६ | ३९०८७ |
| १५-२४ | ७९४० | ८१२२ | ८२१५ | ८३०८ | ८४०३ | ८४९९ | ८५९६ | ८६९४ |
| १५+ | २८२२४ | २८८७१ | २९२०० | २९५३३ | २९८७० | ३०२१० | ३०५५५ | ३०९०३ |
| जम्मा | ३७३५१ | ३८२०७ | ३८६४३ | ३९०८४ | ३९५२९ | ३९९८० | ४०४३६ | ४०८९६ |

**ज) जनसङ्ख्या प्रबृत्ति (बसाई सराई र यसको प्रभाव)**

शम्भुनाथ नगरपालिकाको जनसंख्याको प्रवृत्ति विविधतायुक्त रहेको छ र यसमा बसाई सराईको महत्त्वपूर्ण भूमिका रहेको छ। जनसंख्याको बसाई सराईको अध्ययन गर्दा विभिन्न कारकहरू जस्तै भौगोलिक स्थान, सामाजिक, सांस्कृतिक, आर्थिक,

र राजनीतिक अवस्थाहरूलाई ध्यानमा राख्न आवश्यक हुन्छ। शम्भुनाथ नगरपालिका, जसको कुल जनसंख्या ३९,६३४ रहेको छ, यस क्षेत्रको बसाई सराई विभिन्न ऐतिहासिक र समकालीन परिस्थितिहरूको परिणाम हो।

१. बसाई सराईको इतिहास र कारणहरू

शम्भुनाथ नगरपालिका नेपालका मध्यवर्ती भूभागमा स्थित छ, र यहाँको भौगोलिक संरचना, जलवायु र ऐतिहासिक प्रस्थितिहरूले जनसंख्याको प्रवृत्तिमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। ऐतिहासिक रूपमा, यो क्षेत्र व्यापार र आवागमनका लागि एक महत्त्वपूर्ण केन्द्र रहँदै आएको छ। विभिन्न जाति र समुदायका मानिसहरूको बसोबास यहाँ भएको छ जसले विभिन्न सांस्कृतिक र भाषिक विविधता सिर्जना गरेको छ। प्राचीन समयमा, कृषि र माटोका साधनहरू महत्त्वपूर्ण थिए, जसले धेरैलाई कृषियोग्य भूमि भएका क्षेत्रहरूमा आकर्षित गर्यो।

२. आर्थिक र सामाजिक कारण

आर्थिक अवसरको खोजीमा पनि बसाई सराई प्रमुख कारण बन्यो। शम्भुनाथ नगरपालिका विभिन्न कृषिजन्य उत्पादन र व्यापारका लागि महत्त्वपूर्ण क्षेत्र मानिन्छ। यहाँको कृषि भूमि उपजाउ छ र जनसंख्या वृद्धिका लागि कृषकहरूको संख्या धेरै छ। विशेष गरी, मैथिली र थारु भाषाभाषी समुदायहरूको संख्या यहाँ उच्च रहेको छ, जसले कृषिमा प्रमुख भूमिका खेलेका छन्। साथै, रोजगारका अवसरहरू, शिक्षा र स्वास्थ्य सेवाहरूको उपलब्धताले बसोबासको प्रवृत्तिलाई प्रभावित पारेका छन्। साथै, नेपालमा हुने आपतकालीन अवस्था, गृहयुद्ध, राजनीतिक अस्थिरता र प्राकृतिक प्रकोपहरू जस्ता कारणहरूले पनि जनसंख्याको बसाई सराईमा वृद्धि र घटावट ल्याएका छन्। यस्ता कारणहरूले गर्दा ग्रामीण क्षेत्रका मानिसहरू शहरी क्षेत्रमा बस्नका लागि आकर्षित भएका छन्, जसले शहरीकरणको प्रवृत्तिमा योगदान पुर्याएको छ।

३. जनसंख्याको प्रवृत्ति

शम्भुनाथ नगरपालिकाको जनसंख्या समयसमयमा बढेको देखिन्छ। २०७८ सालको जनगणना अनुसार, यहाँको कुल जनसंख्या ३९,६३४ रहेको छ। यसमा पुरुषको संख्या १९,००६ र महिलाको संख्या २०,६२८ रहेको छ। महिलाको संख्या पुरुषभन्दा बढी हुनु शहरीकरण र समाजिक परिवर्तनोंसँग सम्बन्धित हो। महिलाहरूको शिक्षा र स्वरोजगारमा संलग्नताले यस क्षेत्रको जनसंख्याको लिंगानुपातमा वृद्धि गरेको छ।

यद्यपि, जनसंख्याको वृद्धिमा बाह्य बसाई सराईको प्रमुख भूमिका रहेको छ। विशेष गरी, विभिन्न समुदायका मानिसहरू, जस्तै मैथिली र थारु समुदायका व्यक्तिहरू, यहाँ बसोबास गर्नका लागि आकर्षित भएका छन्। थारु समुदायका सदस्यहरू खासगरी तराईका क्षेत्रहरूबाट बसाई सर्दै आएका छन्, जहाँ उनीहरूलाई कृषि कार्यमा संलग्न गर्नका लागि पर्याप्त भूमि र अवसरहरू उपलब्ध छन्। मैथिली भाषाभाषीहरूको बसोबास प्रायः तराई र मध्यमाञ्चलका क्षेत्रहरूमा देखा पर्दछ र तिनीहरू पनि शम्भुनाथ नगरपालिकामा बस्नका लागि आकर्षित भएका छन्।

४. शहरीकरण र नगरबास

शम्भुनाथ नगरपालिकामा बसोबास गर्दै आएका मानिसहरूका बीचमा ग्रामीण र शहरी बसोबासको भेद हुन्छ। कृषि प्रधान क्षेत्र भएकाले यहाँको धेरै जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छ। तर, शिक्षाको स्तरमा सुधार र रोजगारका अवसरहरूको खोजीमा शहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढेको छ। यसले शहरीकरणलाई प्रोत्साहन दिएको छ। शहरी क्षेत्रमा जनसंख्याको वृद्धि भए पनि, अधिकांश जनसंख्या अझै पनि ग्रामीण क्षेत्रमा बसोबास गर्छ र कृषि कार्यमा संलग्न रहन्छ।

५. विभिन्न जाति र धर्म

शम्भुनाथ नगरपालिकामा बसोबास गर्ने समुदायको विविधता यस क्षेत्रको सामाजिक संरचनालाई देखाउँछ। हिन्दू धर्मको अनुसरण गर्ने समुदाय यहाँ प्रमुख छन्, जसले यस क्षेत्रको सांस्कृतिक र धार्मिक वातावरणमा प्रगति गरेको छ। यसका साथै, इस्लाम, बौद्ध धर्म र किराँत धर्मका अनुयायीहरू पनि यहाँ बसोबास गर्छन्। यी धर्महरूका अनुयायीहरूको बसाई सराईलाई विशेष ध्यान दिँदा, विभिन्न समुदायहरू बीचको सांस्कृतिक आदानप्रदान र परस्पर सहयोग स्पष्ट हुन्छ।

६. भविष्यमा बसाई सराईको सम्भावना

भविष्यमा शम्भुनाथ नगरपालिकामा बसाई सराईको प्रवृत्ति अझ बढ्न सक्छ। यहाँका युवाहरूको प्रवृत्ति शहरी क्षेत्रमा बसोबास गर्नको लागि आकर्षित भएको देखिन्छ। यसका कारणहरूमा शिक्षा, रोजगारका अवसर र जीवनस्तरको सुधार रहेका छन्। साथै, यहाँको भौगोलिक स्थिति र सुविधाहरूले भविष्यमा अन्य स्थानहरूबाट मानिसहरूको आकर्षण बढ्न सक्छ।

निष्कर्ष

समग्रमा, शम्भुनाथ नगरपालिकामा जनसंख्याको बसाई सराई विभिन्न ऐतिहासिक, सामाजिक र आर्थिक कारणहरूले प्रभावित भएको छ। यहाँको बसोबास विविधतायुक्त र गतिशील छ, जसले नगरपालिकाको सांस्कृतिक, सामाजिक र आर्थिक संरचनामा महत्त्वपूर्ण प्रभाव पार्दछ। यद्यपि, भविष्यमा शहरीकरण र अन्य बाह्य कारणहरूको प्रभावका कारण बसाई सराईको प्रवृत्तिमा वृद्धि र परिवर्तन आउन सक्छ।

१.२ पालिकाको शैक्षिक सन्दर्भ

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् । यसै गरी शम्भुनाथ नगरपालिका भित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन् । यस खण्डमा शम्भुनाथ नगरपालिका को संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ ।

१.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँंस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान–प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

१.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुर्‍याउँदछ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौँ आवधिक योजनाका लक्षहरू तय गरिएको छ। उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ।

१.२.३ शिक्षाको संरचना:

**Organogram 1.14 Educational Structure in Nepal**

| Age in years | ECED/PPC | Lower Basic | Upper Basic | Secondary (9-10) | Secondary (11-12) | Higher Education |
|---|---|---|---|---|---|---|
| 17+ | | | | | | |
| 15 -16 | | | | | 1613 | |
| 13 -14 | | | | 769 | | |
| 10 – 12 | | | 463 | | | |
| 5 – 9 | | 2554 | | | | |
| 3 – 4 | 706 | | | | | |

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ।

## १.२.४ बिद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | **40** | **0** | **0** | **3** | **0** | **12** | **3** | **1** | **7** | **0** | **8** | **0** | **2** | **15** | **11** | **26** | **8** | **2** | **10** | **36** | **4** | **0** | **15** | **11** | **8** | **2** |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | **25** | **0** | **0** | **1** | **0** | **10** | **1** | **1** | **4** | **0** | **4** | **0** | **2** | **11** | **6** | **23** | **4** | **2** | **6** | **23** | **0** | **0** | **11** | **6** | **4** | **2** |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| सामुदयिक बिशेष बिद्यालय | **0** | **0** | **0** | **0** | **0** | **1** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **1** | **0** | **1** | **0** | **0** | **0** | **1** | **0** | **0** | **1** | **0** | **0** | **0** |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | **1** | **0** | **0** | **1** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **1** | **0** | **1** | **0** | **0** | **0** | **1** | **0** | **0** | **1** | **0** | **0** | **0** |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | | | | | | | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | | | | | | | | | | **0** | **0** | **0** | **2** | **0** | **0** | **0** | **0** | **2** | **2** | **2** | **0** | **0** | **0** | **0** | **0** | **2** |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | | | | | | | | | | **0** | **0** | **0** | **1** | **0** | **0** | **0** | **0** | **1** | **1** | **1** | **0** | **0** | **0** | **0** | **0** | **1** |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | 0 | | | | | | | | | | | **0** | **1** | **0** | **0** | **0** | **0** | **1** | **1** | **1** | **0** | **0** | **0** | **0** | **0** | **1** |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | 0 | | | | | | | | | | | **0** | **1** | **0** | **0** | **0** | **0** | **1** | **1** | **1** | **0** | **0** | **0** | **0** | **0** | **1** |
| खुल्ला बिद्यालय सङ्ख्या | 0 | | | | | | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | 0 | 0 | | | | | | | | | | | | | | | | | | | **4** | **0** | **0** | **0** | **0** | **0** |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |

१.२.४.१ उच्च शिक्षा र विकास (प्राबिधिक र व्यवसायिक शिक्षा समेत्)

१.२.४.२ बिभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र अन्य सँस्था र तिनको उपलब्धि प्रभाव

१.२.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

क) पालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

| 2) बिद्यार्थी बिबरण (Stusents details) | लिङ्ग | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| बाल विकास | छात्रा | ८५९ | ५३५ | ३७२ | ३०७ | १ | ० | १८६ | ८१ |
| | छात्रा | ११२८ | ५३१ | ४४५ | ३१७ | ० | ० | २५४ | ८३ |
| | जम्मा | १९८७ | १०६६ | ८१७ | ६२४ | १ | ० | ४४० | १६४ |
| कक्षा-१ | छात्रा | ६८९ | ४०० | २५९ | २१४ | १ | १ | १८९ | ६१ |
| | छात्रा | ८६५ | ४११ | ३२४ | २२९ | ३ | ३ | २३२ | ६२ |
| | जम्मा | १५५४ | ८११ | ५८३ | ४४३ | ४ | ४ | ४२१ | १२३ |
| कक्षा-२ | छात्रा | ४८६ | २७७ | १७७ | १४६ | २ | १ | १२५ | ४१ |
| | छात्रा | ५८१ | २६४ | २०९ | १४७ | १ | १ | १४९ | ४७ |
| | जम्मा | १०६७ | ५४१ | ३८६ | २९३ | ३ | २ | २७४ | ८८ |
| कक्षा-३ | छात्रा | ४६२ | २७९ | १८७ | १५९ | ० | ० | ११३ | ३७ |
| | छात्रा | ५४० | २६७ | २०१ | १५२ | १० | ८ | १११ | ३५ |
| | जम्मा | १००२ | ५४६ | ३८८ | ३११ | १० | ८ | २२४ | ७२ |
| कक्षा-४ | छात्रा | ३८९ | २६२ | १६६ | १४० | २ | २ | ९२ | ४८ |
| | छात्रा | ४३७ | २२० | १९७ | १४७ | ० | ० | ९० | २८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ८२६ | ४८२ | ३६३ | २८७ | २ | २ | १८२ | ७६ |
| **कक्षा-५** | छात्रा | ४२१ | ३०३ | २०० | १८४ | १ | १ | ९२ | ३८ |
| | छात्रा | ५१३ | २७६ | २०९ | १६५ | २ | २ | ११३ | ४२ |
| | जम्मा | ९३४ | ५७९ | ४०९ | ३४९ | ३ | ३ | २०५ | ८० |
| **कक्षा-६** | छात्रा | ४०५ | २९५ | १५३ | १४५ | ० | ० | १०१ | ४७ |
| | छात्रा | ४८८ | २९८ | १७१ | १५० | २ | २ | ११० | ५६ |
| | जम्मा | ८९३ | ५९३ | ३२४ | २९५ | २ | २ | २११ | १०३ |
| **कक्षा-७** | छात्रा | ४३५ | ३४३ | १९३ | १७९ | १ | १ | १०० | ६९ |
| | छात्रा | ४३९ | २७५ | १६८ | १४२ | ० | ० | ९९ | ५७ |
| | जम्मा | ८७४ | ६१८ | ३६१ | ३२१ | १ | १ | १९९ | १२६ |
| **कक्षा-८** | छात्रा | ४८३ | ४२३ | २३३ | २२४ | १ | १ | १०० | ८४ |
| | छात्रा | ४७४ | ३२७ | १७० | १५५ | ३ | २ | ११३ | ७३ |
| | जम्मा | ९५७ | ७५० | ४०३ | ३७९ | ४ | ३ | २१३ | १५७ |
| **कक्षा-९** | छात्रा | २५८ | २१९ | ९४ | ९० | १ | १ | ७७ | ६२ |
| | छात्रा | २८९ | २२५ | ९९ | ९१ | ० | ० | ७९ | ६२ |
| | जम्मा | ५४७ | ४४४ | १९३ | १८१ | १ | १ | १५६ | १२४ |
| **कक्षा-१०** | छात्रा | २८३ | २३८ | ७९ | ७५ | ० | ० | १०१ | ७९ |
| | छात्रा | २८५ | २०४ | ८१ | ७३ | ० | ० | ९१ | ६५ |
| | जम्मा | ५६८ | ४४२ | १६० | १४८ | ० | ० | १९२ | १४४ |
| **कक्षा-११** | छात्रा | १९ | १९ | ४ | ४ | ० | ० | १० | १० |
| | छात्रा | ६ | ६ | १ | १ | ० | ० | २ | २ |
| | जम्मा | २५ | २५ | ५ | ५ | ० | ० | १२ | १२ |
| **कक्षा-१२** | छात्रा | ५९ | ५९ | १४ | १४ | ० | ० | २४ | २४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | ३० | ३० | ९ | ९ | ० | ० | ७ | ७ |
| | जम्मा | ८९ | ८९ | २३ | २३ | ० | ० | ३१ | ३१ |
| **आधारभूत तह (१-५)** | छात्रा | २४४७ | १५२१ | ९८९ | ८४३ | ६ | ५ | ६११ | २२५ |
| | छात्रा | २९३६ | १४३८ | ११४० | ८४० | १६ | १४ | ६९५ | २१४ |
| | जम्मा | ५३८३ | २९५९ | २१२९ | १६८३ | २२ | १९ | १३०६ | ४३९ |
| **आधारभूत तह (६-८)** | छात्रा | १३२३ | १०६१ | ५७९ | ५४८ | २ | २ | ३०१ | २०० |
| | छात्रा | १४०१ | ९०० | ५०९ | ४४७ | ५ | ४ | ३२२ | १८६ |
| | जम्मा | २७२४ | १९६१ | १०८८ | ९९५ | ७ | ६ | ६२३ | ३८६ |
| **माध्यमिक तह (९-१०)** | छात्रा | ५४१ | ४५७ | १७३ | १६५ | १ | १ | १७८ | १४१ |
| | छात्रा | ५७४ | ४२९ | १८० | १६४ | ० | ० | १७० | १२७ |
| | जम्मा | १११५ | ८८६ | ३५३ | ३२९ | १ | १ | ३४८ | २६८ |
| **माध्यमिक तह (११-१२)** | छात्रा | ७८ | ७८ | १८ | १८ | ० | ० | ३४ | ३४ |
| | छात्रा | ३६ | ३६ | १० | १० | ० | ० | ९ | ९ |
| | जम्मा | ११४ | ११४ | २८ | २८ | ० | ० | ४३ | ४३ |
| **आधारभूत तह (१-८)** | छात्रा | ३७७० | २५८२ | १५६८ | १३९१ | ८ | ७ | ९१२ | ४२५ |
| | छात्रा | ४३३७ | २३३८ | १६४९ | १२८७ | २१ | १८ | १०१७ | ४०० |
| | जम्मा | ८१०७ | ४९२० | ३२१७ | २६७८ | २९ | २५ | १९२९ | ८२५ |
| **माध्यमिक तह (९-१२)** | छात्रा | ६१९ | ५३५ | १९१ | १८३ | १ | १ | २१२ | १७५ |
| | छात्रा | ६१० | ४६५ | १९० | १७४ | ० | ० | १७९ | १३६ |
| | जम्मा | १२२९ | १००० | ३८१ | ३५७ | १ | १ | ३९१ | ३११ |

### १.२.५ शिक्षक सङ्ख्या र प्रबित्ति

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | | सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत्) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला % | जम्मा | महिला | पुरुष | महिला % |
| पूर्व प्र.बि./बा.बि.के. | ३० | | ३० | ३० | १०० | | ३० | २१ | | | १०० | | | | |
| आधारभूत (१-५) | ९१ | २६ | ११७ | ४६ | | ४५ | ११ | ७ | ४ | ११ | | | | | |
| आधारभूत (६-८) | १७ | १५ | ३२ | ५ | | ९५ | ७ | १ | १ | २ | | | | | |
| माध्यमिक (९-१०) | १४ | १ | १५ | ३ | | ५७ | १० | १ | | १ | | | | | |
| माध्यमिक (११-१२) | ६ | | ६ | | | ४६ | | | | | | | | | |
| उच्च शिक्षा | | | | | | | | | | | | | | | |

### १.२.५.१ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रबित्ति विश्लेषण

**पृष्ठभूमि**

शिक्षा प्रणालीको प्रभावकारिता मापन गर्ने एक महत्वपूर्ण सूचक शिक्षक-विद्यार्थी अनुपात हो। शिक्षकहरूको उपलब्धता, विद्यार्थीहरूको सिकाइ उपलब्धि, र कक्षाको गुणस्तर प्रत्यक्ष रूपमा यस अनुपातसँग सम्बन्धित हुन्छ। प्रस्तुत तथ्यांकका आधारमा विभिन्न स्तरका विद्यालयहरूमा शिक्षक-विद्यार्थी अनुपातमा विविधता देखिन्छ।

**पूर्व प्राथमिक तथा बालबालिका कक्षा (पूर्व प्र.बि./बा.बि.के.)**

यस तहमा ३० शिक्षक कार्यरत छन्, जसमा सबै नै दरबन्दीका शिक्षक छन्। शिक्षक-विद्यार्थी अनुपातको कुनै उल्लेख नभए तापनि, पूर्व प्राथमिक तहमा कम विद्यार्थी-शिक्षक अनुपातको आवश्यकता पर्छ, किनभने यस चरणमा व्यक्तिगत हेरचाह र समावेशी शिक्षण पद्धति अति महत्त्वपूर्ण हुन्छ।

**आधारभूत तह (१-५)**

यस तहमा जम्मा ११७ शिक्षक कार्यरत छन्, जसमा ९१ दरबन्दी र २६ राहत शिक्षक छन्। शिक्षक-विद्यार्थी अनुपात ४५ रहेको देखिन्छ। यो अनुपात तुलनात्मक रूपमा राम्रो मान्न सकिन्छ, तर आधारभूत तहमा शिक्षकको उपस्थितिले सिकाइ प्रक्रियामा ठूलो प्रभाव पार्ने हुँदा कक्षाकोठाको व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ।

**आधारभूत तह (६-८)**

यस तहमा जम्मा ३२ शिक्षक कार्यरत छन्, जसमध्ये १७ दरबन्दी र १५ राहत शिक्षक छन्। शिक्षक-विद्यार्थी अनुपात ९५ रहेको छ, जुन तुलनात्मक रूपमा उच्च हो। उच्च अनुपातका कारण विद्यार्थीलाई व्यक्तिगत ध्यान दिन गाह्रो हुन सक्छ, जसले सिकाइ गुणस्तरमा असर पार्न सक्छ।

**माध्यमिक तह (९-१०)**

यस तहमा जम्मा १५ शिक्षक कार्यरत छन्, जसमा १४ दरबन्दी र १ राहत शिक्षक छन्। शिक्षक-विद्यार्थी अनुपात ५७ रहेको देखिन्छ। यो अनुपात आधारभूत तहको तुलनामा सुधारिएको भए पनि माध्यमिक तहका पाठ्यक्रमहरू गहन हुने भएकाले विद्यार्थीहरूलाई आवश्यक व्यक्तिगत मार्गदर्शन प्राप्त भए/नभएको सुनिश्चित गर्न जरुरी छ।

**माध्यमिक तह (११-१२)**

यस तहमा जम्मा ६ शिक्षक कार्यरत छन्, जसमा सबै दरबन्दी शिक्षक छन्। शिक्षक-विद्यार्थी अनुपात ४६ रहेको छ, जुन तुलनात्मक रूपमा राम्रो देखिन्छ। यस तहमा विशेषज्ञ शिक्षकहरूको आवश्यकता पर्ने भएकाले विषयगत दक्षता पनि सुनिश्चित गर्नुपर्छ।

**निष्कर्ष**

शिक्षक-विद्यार्थी अनुपात विश्लेषण गर्दा आधारभूत तह (६-८) मा अनुपात ९५ रहेकोले शिक्षण गुणस्तर सुधार गर्न थप शिक्षक आवश्यक देखिन्छ। माध्यमिक तहमा पनि शिक्षकहरूको उपयुक्त वितरण गर्नुपर्ने आवश्यकता देखिन्छ। शिक्षकको संख्या मात्र नभई उनीहरूको दक्षता, विद्यार्थीको पहुँच, र सिकाइ वातावरणको गुणस्तर सुधार गर्नेतर्फ ध्यान दिन आवश्यक छ।

### १.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

शम्भुनाथ नगरपालिकाको स्थापना सँगै शिक्षामा जोड दिदै आएको छ । हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ । समग्र शैक्षिक सुचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिन्छ ।

शम्भुनाथ नगरपालिका मा २५ वटा सामुदायिक (१ धार्मिक सहित) र १५ वटा संस्थागत गरी जम्मा ४० वटा विद्यालयहरु छन्। पालिका स्तरीय शिक्षा पार्श्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ७६.२ रहेको छ । कक्षा १ मा कूल र खुद प्रवेश दर क्रमशः१३३.१ र ९५.२ रहेको छ । आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर १५७.३, खुद भर्ना दर ९६.१, लैङ्गिक समता सूचक ०.९९, शिक्षक विद्यार्थी अनुपात २६.५:१, कक्षा ५ को टिकाउ दर ८९.३, कक्षा ५ को उतीर्ण दर ८५.८ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोहोर्‍याउने दर ७.२ र कक्षा ५ मा कक्षा छोड्ने दर ७ प्रतिशत रहेको छ।

आधारभूत तह (कक्षा ६-८) को कूल भर्ना दर ११२.४, खुद भर्ना दर ९३.५, लैङ्गिक समता सूचक ०.९६, शिक्षक विद्यार्थी अनुपात ५५.०७:१, कक्षा ८ को टिकाउ दर ८६.८, कक्षा ८ को उतीर्ण दर ९० प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ दोहोर्‍याउने दर ६.८ र कक्षा ८ मा कक्षा छोड्नेदर ० प्रतिशत रहेको छ।

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ९३.४, खुद भर्ना दर ७९.५, लैङ्गिक समता सूचक १.०७, शिक्षक विद्यार्थी अनुपात ३७.०४:१, कक्षा १० को टिकाउ दर ६६.६, कक्षा १० को उतीर्ण दर ९४.४ प्रतिशत रहेको छ भने कक्षा १० दोहोर्‍याउने दर १.४ र कक्षा १० मा कक्षा छोड्ने दर ४.२ प्रतिशत रहेको छ ।

शम्भुनाथनगरपालिका को विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०८२ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः उन्नयन तिर गएको स्थिति छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन् २०२५ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४५ निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा ३८% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः ८ र ९ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम नगरका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्‍याउने दूरदृष्टि राखेको थियो

। मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत समावेशी गुरू योजना, सिकाइकालागि न्युनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको

बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ। त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ। दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ। यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो। यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ। समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ। सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ। सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ। उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ।

### १.२ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौती विश्लेषण

यस शम्भुनाथ नगरपालिकामा मुलत: शिक्षा क्षेत्रको अबस्थालाई नियाल्दा सकारात्मक पक्ष र नकारात्मक पक्ष वा सबल पक्ष र दुर्बल पक्ष रहेका छन् । यो त केवल एक सिक्काका दुई पाटा जस्तै हुन । शिक्षा क्षेत्रमा भएको विविध सरल र सकारात्मक पक्षहरु हुदाँहुदै पनि यसका समस्याहरु पनि हुन्छन र हामिले भोग्दै र अनुभव गर्दै आएका छौं । विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र भएकामा पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, महामारी तथा विपदको अवस्थामा वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त वालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । साथै लेखनपुर्व गरिएको कार्यशाला तथा सुझाबको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको न्युन सिकाइ उपलब्धी स्तर तथा न्युनत्तम सिकाइ वातावरण नहुनु, कक्षाकोठामा पर्याप्त मात्रामा शिक्षण सिकाइ सामाग्रीको ब्यबस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सहितको कक्षा शिक्षण, अभिभावकको सक्रियता लगायतका समस्याहरु रहेको छ ।

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन उत्तरदायित्व अभिबृद्दि गर्नु नगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी पाठ्यक्रमले राखे अनुसार अपेक्षित सिकाइ सक्षमता सहितको उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

विविध चुनौतिहरु विच पनि शैक्षिक क्षेत्रमा अव्वल परिवर्तन गर्नका निम्ति थुप्रै अवसरहरु पनि रहेको छ । कालो बादल भित्र सुन्दर चाँदिको घेरा हुन्छ भनेझै यी तमाम चुनौतिका वावजुत विद्यालय शिक्षाको सुदृढिकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ । शैक्षिक क्षेत्रमा यस पालिकाको शिक्षा क्षेत्रमा पनि लगानि बढ्दै गएको छ । यसैगरी यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षा क्षेत्र तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि नगरपालिकामा विभिन्न संघस्थाहरुले निरन्तर कार्यक्रम सञ्चालन गर्नु, शैक्षिक सूचकाङ्कहरुको प्रगति सकारात्मक दिशातिर हुनु पनि शिक्षाको अवसरका रुपमा हरेका देखिन्छन् । विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका,

संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने । दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको । सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको । नगरपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्नसक्नु । शिक्षा गुणस्तर सुधारका लागि जस्तैः शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग । शिक्षक पेसागत विकासका लागि पालिकास्तरमा विज्ञ समुह गठन गरिएको तथा विद्यालय स्तरमा शिक्षक सिकाइ समूह निर्माण गर्ने योजना भएको । शिक्षकको पेसागत सहयोगका लागि शिक्षक Mentoring and Coaching को व्यवस्था गरी Menti शिक्षकहरुलाई पेसागत सहयोग निरन्तर रहेको, आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा अनिवार्य गर्न कानुनी आधार निर्माण भएको, बिद्यालयमा इन्टरनेट सेवा विस्तार तथा प्रविधिमैत्री शिक्षण सिकाइ का लागि आवश्यक स्रोत साधन सहित दक्ष शिक्षकको व्यवस्थापन गरिएको, दातृ निकायहरूको साझेदारी, समन्वय र सहकार्य रहेको ।, व्यवसायिक शिक्षा एवं तालिमको विस्तार गर्न सकिने प्रावधान हुनु । समुदायमा शिक्षाप्रतिको आकर्षण बढाउन अभिभावक शिक्षा कार्यक्रम पालिकाले तय गर्नु । बिशेष कक्षा संचालन (बहिरा आवासीय, दृष्टि विहिन तथा सुस्त मनस्थिति) ।

शम्भुनाथ नगरपालिका को समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ।
- आर्थिकरुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको पँहुच कम हुनु विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- सिकाई उपलब्धी स्तरमा कमि
- प्राविधिक शिक्षामा विद्यार्थीको पहँहुच कम हुनु
- तहगत क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु ।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु ।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्‍याउँनु ।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु ।

- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु ।
- माध्यमिक तहमा वालबालिकाको कमजोर पहुँच
- आर्थिकरुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको पँहुच कम हुनु विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- सिकाई उपलब्धी स्तरमा कमि
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु
- तहगत क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेट एवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको ।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको ।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसकेको ।
- कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न समस्या परेको ।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक र गुटगत प्रभाव पर्नु ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु ।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु ।
- अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहनु ।

## १.३ पालिकाको शिक्षा क्षेत्रका चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

1. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्‍चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;
2. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;
3. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्‍चितता;
4. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;
5. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;
6. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक□सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;
7. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;
8. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;
9. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;
10. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;
11. विद्यालय शिक्षालाई प्रकोप, स◌ंकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;
12. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;
13. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;
14. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;
15. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;
16. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

17. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

**१.४ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू**

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

1. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;
2. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको;
3. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको;
4. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको;
5. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको;
6. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको;
7. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने;
8. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको;
9. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;
10. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;
11. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

**१.५ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया**

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड–१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सतओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो । यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

**१.५.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू**

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

1) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्:

    - The institutional and context study
    - The gender equality and social inclusion (GESI) study
    - The education external efficiency analysis
    - The social impact of education study
    - The positive deviance study
    - The disability-inclusive education study
    - The vulnerability and risk study
    - The economic and public finance analysis study
    - The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

2) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाहओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाहओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

**१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था**

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो ।
- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**: शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो ।
- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा

मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।

- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए । परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो ।

- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।

- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

## परिच्छेद-दुई: दूरदृष्टि, ध्येय,उद्देश्य, लक्ष्य तथा प्रमुख उपलब्धि सूचकहरु

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजना (सन् २०२४-२०३३) तयार गरिएको छ।

विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको गाँउ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

### २.२ दूरदृष्टि

शम्भुनाथ नगरपालिकाको समृद्धीको आधार, सबैलाई गुणस्तरीय तथा समतामूलक शिक्षा

### २.३ लक्ष्य

माध्यमिक तह सम्मको शिक्षामा न्युनतम सिकाइ वातावरण सुनिश्चत गर्दै सवैको पहुँचमा वृद्दि र न्युनत्तम सिकाइ उपलब्धीको सुनिश्चित गर्ने ।

### २.४ उद्देश्यहरु

- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षामा पहुँच विस्तार गर्नु ।

- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार गर्नु ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि सरकारले तोकेको न्यूनतम सिकाइ वातावरणको सुनिश्चित गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासनकायम गर्नजवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- प्राविधिक , व्यवसायिक ,रोजगारमूखी तथा प्रविधिमैत्री शिक्षाको माध्यमवाट दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्नु ।

**२.५ रणनीतिहरु**

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागू गरी त्यसलाई निरन्तरता दिइनेछ ।
- आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।
- पहुँचको सुनिश्चितताको लागि "एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व" कार्यक्रम लागूगरिनेछ ।
- बालबालिकाहरुको पहुँच सुनिश्चतताका लागि बालविकास कक्षा भर्ना भएका बालबालिकाहरुकालागि पालिका प्रमुख बाल वचत कार्यक्रम" सञ्चालन गरी बालबालिकाहरुको शैक्षिक सहयोग कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- सिमान्तकृत तथा पछाडिपारिएका वर्गका तथा कार्यगत सीमितता (भिन्न क्षमता) भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागूगरिनेछ ।
- वडा तथा पालिकास्तरमा सतप्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई निरन्तरता दिदै लगिनेछ ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागूगरिनेछ ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरुमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षिक सामग्री निर्माणकार्यक्रम लागूगरिनेछ ।
- बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइनेछ ।

- शैक्षिक गुणस्तर अभिवृद्दिका लागि सरोकारवाला बीच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागूगरिनेछ ।
- शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागूगरिनेछ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा निश्चित कार्यविधि बनाई एक जना व्यक्तिको व्यवस्था गरिनेछ ।
- शिक्षकको क्षमता विकासको लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहद्वाराप्रत्येक विद्यालयमा कम्तिमा एक शिक्षकलाई प्रविधिसम्बन्धी तालिम (आधारभूत कम्प्युटर सम्बन्धी तालिम) कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सन्जाललाई शिक्षणसिकाइ कार्यमा आवद्ध गर्दै लगिनेछ ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय (TST) थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याइने छ ।
- सिकाइको लागि निरन्तर मूल्यांकनकालाई अनिवार्य गरी कक्षा ३, ५ र ८ मा पालिका स्तरीय परीक्षा सञ्चालन गरिनेछ ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरण सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागूगरिनेछ ।
- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्युनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शैचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नर) लाई सुनिश्चित गरिनेछ ।
- आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसार प्रअ ब्यवस्थापन गरी प्रअलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रुपमा विकास गर्दै लगिनेछ ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ ।
- शिक्षक कम भएको अवस्थामा पालिका स्तरबाट शिक्षक दरबन्दीको ब्यवस्था गरी शिक्षक ब्यवस्थापन गर्दै लगिने छ ।

- प्रअलाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकी कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको ब्यवस्था गरिनेछ।

**२.६ कार्यनीति**

- विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम
- विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन
- कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड
- शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन
- सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने
- सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने
- विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सूचना प्रविधि मार्फत नगरपालिकाले लिने प्रबन्ध मिलाउने।
- बालबालिकाहरुको सिकाइका लागि अभिभावक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागूगरिनेछ।
- बालबालिकाहरुको सिकाइ सुधारको लागि आमा प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागूगरिनेछ।
- निरन्तर सिकाइको लागि हरेक वडामा एक सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी थप सुदृढीकरण गर्दै निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रम सञ्चालनको पूर्ण जिम्मेवारी प्रदान गर्दै लगिनेछ।
- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा कार्यविधि तयार गरी विद्यालय विपद् सहायताकोष सञ्चालन गरिनेछ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- प्राविधिक तथा ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ।
- अभिभावक ,समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ।

## २.७ अपेक्षित उपलब्धि

शम्भुनाथ नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४-२०३३) को कार्यान्वयन भईसकेपछि पालिकाको शिक्षा क्षेत्रमा तपशिल बमोजिमको उपलब्धि भएको देखिने प्रक्षेपण गर्न सकिन्छ ।

- प्रारम्भिक बालविकास देखि माध्यमिक तहको शिक्षा सम्म सबै बालबलिकाको पहुँचमा वृद्दि भएको हुनेछ ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।
- सिकाइका लागि न्यूनतम सिकाइ वातावरणको अवस्थामा सुधार भएको हुनेछ ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा अभिवृद्धि भएको हुनेछ ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार भएको हुनेछ ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि भएको हुनेछ ।
- प्राविधिक,व्यवसायिक तथा प्रविधिमैत्री शिक्षाको न्युन स्तरको जनशक्ति तयार भएको हुनेछ ।
- शिक्षकको पेशागत विकासको प्रणाली लागु भएको हुनेछ ।
- सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गरी विपद् तथा महामारीका समयमा सिकाइको निरन्तरता भएको हुनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय तहको शिक्षामा पहुँच अभिवृद्धि भएको हुनेछ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने।
- प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।
- समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकास्को सिकाइ प्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।
- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

**२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)**

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छ:

| क्र. सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १. १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९५.९३ | ९५. | ९७. | ९९. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४. | ९९. | | |
| १. २ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७०.४६ | ७५ | ८५ | ९२ | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३. | ८५. | ९५. | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २. १ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.११ | ९७. | ९८. | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० | | |
| २. २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११२.६२ | १०८ | १०४ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.९० | ९८. | ९९. | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३६.८७ | १२५ | ११५ | ११० | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५. | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५. | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३. | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| | | स्थानीय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९१.६५ | ९५ | ९७ | ९९. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०४.५८ | १०२ | १०१ | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८७.०७ | ८९. | ९३. | ९७. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५. | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५. | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | | |
| | | विज्ञान | स्थानीय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | | |
| २. १९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १. | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १. | ० | | |
| २. २ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५. | ५०. | ५०. | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३. १ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ७२.४७ | ८० | ८५ | ९० | | Flash Report |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५. | | | |
| ३. २ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ८८.८३ | ९० | ९५ | ९७ | | Flash Report |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९. | | |
| ३. ३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | १.०२ | १. | १. | १. | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४. | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२. | २७. | ३३. | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा. व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा. व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५. | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रा. व्या. | १०. | १७. | ३०. | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६०.७४ | ६५ | ७० | ७५ | | Census 2078 |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **५८.** | | **९५.** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९१.३७ | ९५ | ९७ | ९९ | | Census 2078 |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८२.** | **८९.** | **९५.** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८७.८७ | ९० | ९५ | ९७ | | Census 2078 |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९२.** | | **९९.** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८** | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **३१.** | **४०.** | **५०.** | **७५.** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय छात्रा | | | | | | |
| | | स्थानीय छात्र | | | | | | |
| | | प्रदेश छात्रा | | | | | | |
| | | प्रदेश छात्र | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ४८:०१:०० | ४५:०१:०० | ४०:०१:०० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७०:०१:०० | ६०:०१:०० | ५०:०१:०० | ४०:०१:०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५७:०१:०० | ५०:०१:०० | ४५:०१:०० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| | | स्थानीय | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | ३०:०१:०० | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस शिक्षा क्षेत्रको योजना सन् २०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्ष अर्थात् सन् २०२४-२०२८ का लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तरविषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभुत तहको एक महत्वपुर्ण उप क्षेत्र हो । चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ । शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारमा लिएको हाल रहेको छ । हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन् । प्रारम्भिक बालविकास कक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक,संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिकबालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापकामाध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयारपार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरू मा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकासर भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् ।

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताकोहक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई

विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्तव थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ । त्यस्तैगरी १५ औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको ब्यवस्थापनको न्युनतम मापदण्ड पुरा गर्ने लिएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यसै कुरालाई मध्यनजर गरेर शम्भुनाथ नगरपालिका ले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

**३.१.१ वर्तमान अवस्था**

शैक्षिक सत्र २०८३ को तथ्यांक अनुसार शम्भुनाथ नगरपालिकामा सामुदायिक र संस्थागत तर्फ गरी जम्मा ४५ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । सामुदायिक तर्फ २५ वटा विद्यालयमा ३० वटा वालविकास केन्द्रहरु र संस्थागत तर्फ १५ विद्यालयमा १५ वटा बालविकास केन्द्रहरु रहेका छन् । ०-४ वर्ष उमेरको कूल जनसंख्या ३९३६ रहेको यस पालिकामा १९८८ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन् । जसमध्ये छात्राहरु ८५८ जना र छात्रहरु ११३० जना रहेका छन् । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ७६.२ प्रतिशत रहेको छ। शम्भुनाथ नगरपालिकाको प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना दर १०२ प्रतिशत रहेको छ । प्रत्येक वर्ष कुल भर्नादरमा सुधार देखिन्छ भने यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन-२०७५) अनुसार यस पालिका अन्तर्गत कुनैपनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ । प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री बन्न सकेका छैनन् । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

**प्रमुख समस्या र चुनौतीहरू**

1. प्रारम्भिकबाल विकास केन्द्रको न्युत्तम मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङगिण विकास नभएको
2. पिछाडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्न नसक्नु
3. बालविकासकेन्द्रमा भर्ना भएका बालबालिकाको उपस्थितिमा निरन्तरता ल्याउन नसक्नु
4. ३० बालविकास केन्द्रहरुमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्न नसक्नु
5. प्रारम्भिक बालहेरचाहा पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभाबकहरुलाई जागरण गराउन नसक्नु
6. ३० प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गर्न नसक्नु
7. तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन नसक्नु
8. सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकास र क्षमता विकास गर्न नसक्नु
9. बाल विकास केन्द्रको लागि छुट्टै कम्पाउण्ड नभएको

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

1. ३० ओटै बालविकास केन्द्रलाई न्युनतम मापदण्ड पुरा गरी व्यवस्थापन गर्ने
2. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
3. थप तीन ओटा विद्यालयमा बाल विकासकेन्द्र संचालन गराउने
4. ५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चत गर्नु ।
5. सामुदायिक विद्यालयका बालविकास केन्द्रमा रहेको विद्यार्थी शिक्षक अनुपात १:३८.४ लाई घटाउन स्थानीय स्तरबाटै थप बालविकास शिक्षकको व्यवस्था गर्ने
6. पाठ्यक्रम प्रारूप २०७६ अनुसार ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताकोविकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पर्व प्राथमिक शिक्षालाई कक्षा १ मा प्रवेशको तयारी गराउनु ।
7. बालविकासको अनुभव सहितको कक्षा १ मा हुने भर्नादर ७६.२ बाट १००% मा पुगाउने

### ३.१.३ रणनीति

प्रारम्भिक बालविकास र शिक्षामा सुधार ल्याउनका लागि स्थानीय सरकारले विभिन्न रणनीतिहरू अपनाउन आवश्यक छ। पहिलो, प्राथमिक शिक्षाको पहुँच र गुणस्तर सुधार्नका लागि शिक्षण सामग्री र शिक्षिका-शिक्षिकाको तालिममा ध्यान दिनु पर्छ । बालबालिकालाई शिक्षामा आकर्षित गर्न र उनीहरूको सहभागिता बढाउन खेलकुद, नृत्य र गीतजस्ता विधिहरूको समावेश गर्नुपर्छ। दोस्रो, समुदायमा आधारित शिक्षा कार्यक्रम र अभिभावकहरूको संलग्नता सुनिश्चित गर्ने कार्य गर्नुपर्छ, जसले बालबालिकाको सिकाइको वातावरणलाई सशक्त बनाउँछ । तेस्रो, प्राथमिक विद्यालयहरूलाई आवश्यक आधारभूत पूर्वाधार, जस्तै पुस्तकालय, खेलकुद उपकरण र स्वच्छता सुविधाहरू उपलब्ध गराउनु पर्छ । यसका साथै, बालविकासका क्षेत्रमा शैक्षिक जागरूकता अभिवृद्धि गर्ने र सामाजिक संरक्षणको उपायहरू लागू गर्ने कार्यले बालबालिकाको सर्वांगीण विकासमा मद्दत पुर्‍याउँछ।

1. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
2. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।

3. विभिन्न लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।
4. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
5. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
6. नमुना बालविकास केन्द्रहरु स्थापना गर्ने ।
7. बालविकास सहजकर्तामा महिलालाई प्रथामिकता दिने ।
8. सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।
9. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरु, बाल उद्यानको व्यवस्थापन गर्ने ।
10. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

**३.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

1. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा भएका हुनेछन्।
2. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।
3. ३० प्रारम्भिक बालविकास शिक्षकहरुलाई टि.पी.डी. १ र टि.पी.डी २ मोडेलमा आधारित तालिम प्राप्त हुनेछन्।
4. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास (घुम्ती बालविकास) केन्द्र विस्तार गरिएको हुनेछ।
5. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।
6. बाल विकास शिक्षकहरुको पारिश्रमिकमा थप गरी उत्प्रेरित गरिनेछ।

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू :

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- बाल विकास केन्द्र शिक्षक विद्यार्थी अनुपात ३८.४ बाट घटेर २५ सम्म आउनेछ।
- बालविकास केन्द्रको सङ्ख्या बढेर ४० ओटा हुनेछन्।
- ४-५ वर्षक बालबालिकाहरुको लागि न्युनतम दुरीमा बालविकास केन्द्रको संचालन भएको हुनेछ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिका

| क्र सं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ११५२ | १२०० | १३०० | १३५५ | १३९५ | १४५० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ५ | १० | १५ | २० | २५ | सबै |
| ३ | तालिम प्राप्त बालविकास शिक्षकहरुको सङ्ख्या | १५ | २५ | ३० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ४ | थप बालविकास शिक्षक हरु | ० | २ | २ | २ | २ | २ |
| ५ | बालविकास कक्षाको खुद भर्ना दर | ६७.५९ | ७५ | ८९ | ९५ | ९८ | १०० |
| ६ | बालविकासको अनुभव सहित कक्षा क मा भर्नादर | ७०.४६ | ९० | ९३ | ९५ | ९८ | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्थालाई ध्यान दिइ खेल तथा सिकाइ सामग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्यवस्थापन गरीनेछ । | संख्या | ० | ५ | ५ | ५ | १० | २५ |
| ३ | बालविकास शिक्षकको क्षमता विकासका लागि छोटो अविधिको तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | | १ | | | २ |
| ५ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ७ | शिक्षकको क्षमता विकास तथा वृति विकास | संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ८ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | १ | | | १ | | ३ |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथानयाँ थप केन्द्रको स्थापना | केन्द्र | १ | | १ | | | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | ५ |
| १३ | केन्द्र तोकिएको मापदण्ड अनुरुपको बालविकास केन्द्र ब्यवस्थापनका लागि प्रस्ताबनामा आधारित नमुना बालविकास केन्द्र विकास कार्यक्रम सञ्चालन | केन्द्र | | १ | १ | | १ | ५ |
| १४ | बार्षिक उत्कृष्ट बालविकास सहजकर्तालाई सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | १० |
| १५ | शिक्षक अभिभाबक संघ मार्फत मासिक सुचकको आधारमा अनुगमन समीक्षा बैठक सञ्चालन | जना | ५ | ५ | | ६ | ५ | ५० |
| १६ | बालविकास केन्द्रको ब्यवस्थापकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन | केन्द्र | | १० | १० | | | ३० |

### ३.२ आधारभूत शिक्षा

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्यत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि शम्भुनाथ नगरपालिका ले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

#### ३.२.१ वर्तमान अवस्था

नगरपालिकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस शम्भुनाथ नगरपालिकामा जम्मा ४० विद्यालयहरु रहेका छन् । जस मध्ये २५ वटा सामुदायिक र १५ वटा संस्थागत विद्यालयहरु रहेका छन् । शम्भुनाथ नगरपालिका भित्र हाल कक्षा १-५ सञ्चालित ११ कक्षा १-८ का विद्यालयको ८ रहेको छ । आधारभूत विद्यालयहरूको संख्या १९ वटा रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ २०८३ सालमा कक्षा १-५ मा १५२१ जना छात्रा र छात्र १४३६ जना गरी जम्मा २९५७ जना विद्यार्थीहरु रहेका छन् । कक्षा ६-८ मा १०६१ जना छात्रा र ८९९ जना छात्र गरी जम्मा १९६० जना भर्ना भएको अवस्था छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको विद्यार्थीको सङ्ख्या उच्च छ । यसैगरी संस्थागत विद्यालयतर्फ तर्फ कक्षा १-५ मा ९२३ जना छात्रा र १४८५ छात्र गरी जम्मा २४०८ जना विद्यार्थीहरु रहेका छन् । त्यसै गरी कक्षा ६-८ मा २६२ जना छात्रा र ५०१ जना छात्र गरी जम्मा ७६३ जना भर्ना भएको अवस्था छ । यसरी हेर्दा ३१.३० प्रतिशत छात्र भर्ना भएको देखिन्छ। सामुदायिक तर्फ आधारभूत तहका कुल शिक्षकहरु मध्ये १४९ वटा शिक्षक आधारभुत तहमा रहेका छन् । १०० वटा स्थायी ८ वटा अस्थायी र ४१ वटा राहत शिक्षकहरु आधारभूत तहमा रहेका छन् । आधारभूत तहमा कार्यरत शिक्षक मध्ये ३४.२२ प्रतिशत महिला रहेको देखिन्छ । विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा २९.०२ प्रतिशत र कक्षा ६-८ मा ६७.२५ प्रतिशत रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। यस पालिकाको कूल जनसंख्या ३९६३४ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने

जनसंख्या सबैभन्दा धेरै ११३१८ जना रहेको र जसमा ४५.० प्रतिशत महिला देखिन्छ। समग्रमा उल्लेख गर्दा पालिकाको ३२.१४ प्रतिशत संख्याले आधारभूत तहको शिक्षा हासिल गरेको देखिन्छ तथापि कक्षा ६-८ मा भने खुद भर्नादर ९३.५ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ।

विद्यार्थी मूल्यांकनको अवस्थालाई नियाल्दा यहाँका विद्यालयहरुले पाठ्यक्रममा तोकेको मूल्यांकन प्रणाली अनुसार गरे पनि तथ्य सहित नरहेकोले पालिकाको समग्र सिकाई उपलब्धिमा प्रभाव परेको देखिन्छ।

**प्रमुख समस्या र चुनौतीहरू**

आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु :

1. छात्राको तुलनामा छात्र सङ्ख्या बढी रहेको,
2. शिक्षक विद्यार्थी अनुपात आधारभूत तह १-५ मा तुलनामा ६-८ मा बढी रहेको,
3. छात्राहरुको लागि चेन्जिंग कोठाको अभाव,
4. आधारभूत तहमा कार्यरत शिक्षकहरुमध्ये ५० प्रतिशतले मात्र तालिम प्राप्त गरेको,
5. विद्यार्थी भर्ना दरको अनुपातमा उपस्थिति दरमा सधै कमि रहनु,
6. पुरुष शिक्षकको तुलनामा महिला शिक्षक नगन्य रहेको,
7. अभिभावकको शिक्षाप्रतिको उदासीनता,
8. आधारभूत तह १-३ को १०० % प्रतिशत अन्तरिक मूल्यांकन र ४-८ को ५०% अन्तरिक मूल्यांकन सन्तोषजनक नरहेको र यसले समग्र सिकाई उपलब्धि निकाल्न नसक्नु,

**३.२.२ उद्देश्य**

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

1. छात्रा र छात्रहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्न विशेष प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने,
2. आधारभूत तह ६-८ मा शिक्षकको संख्या वृद्धि गर्दै शिक्षक-विद्यार्थी अनुपात सुधार गर्ने,
3. सबै विद्यालयमा छात्राहरूका लागि चेन्जिङ कोठा जस्ता सुविधा उपलब्ध गराउने,
4. शिक्षकहरूको १००% तालिम सुनिश्चित गर्न नियमित र व्यापक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
5. विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित गर्न दिवा खाजा, अभिभावक जागरण अभियान, र परामर्श कार्यक्रम सञ्चालन गर्ने,
6. खाली दरबन्दीमा शिक्षक भर्ना गर्दा महिला शिक्षकमा प्राथमिकता दिने,
7. शिक्षा प्रतिको उदासीनता हटाउन अभिभावक सचेतना कार्यक्रम र सामुदायिक बैठकहरूको आयोजना गर्ने।

**३.२.३ रणनीति**

शम्भुनाथ नगरपालिकाले आधारभूत शिक्षाको उद्देश्य प्राप्त गर्न निम्नानुसाको रणनीति निर्धारण गरेको छ :

1. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
2. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।

3. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
4. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।
5. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।
6. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।
7. शिक्षकले कक्षाकोठामा विताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने छ ।
8. पना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वँयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता र सो को अभिलेखिकरण गरीने ।
9. विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिकास्तरीय कक्षा कोठामा आधारित पठन सीप परिक्षण (सिविएग्रा) सन्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम ।
10. प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने ।
11. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
12. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।
13. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।
14. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को कार्यान्वयन गरीने ।
15. सिकाइलाई व्यवहारिक तथा प्रविधियुक्त बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने । विद्यालयको भौतिक पूर्वाधार सुधार गरी सिकाइ वातावरण निर्माण गर्ने ।
16. ५– १२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्ने ।
17. अभिभावकहरूसँगको सरसल्लाह र सहयोग तथा नगरपालिकाको सहकार्यमा प्रत्येक विद्यालयमा विद्यार्थीहरूले दिवाखाजा कार्यक्रमलाई अनुगमन सहित व्यवस्थित गर्ने ।
18. कक्षा १–३ वा कक्षा १–५ सञ्चालन भएका तर बालबालिकाहरूको सङ्ख्या थोरै भएका कक्षामा विद्यार्थी कम रहेका विद्यालयहरूको पहिचान गरी बहुकक्षा विद्यालय बनाउने वा Merge गर्ने ।
19. विद्यालयहरुमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का प्रावधानहरु लागु गराउने व्यवस्था गर्ने ।
20. सबै विद्यालयले आ–आफ्नो परिवेश र आवश्यकता अनुसार स्थानीय बुद्धिजिबी, अभिभावक, विद्यालय व्यवस्थापनका पदाधिकारीहरुको सरसल्लाहमा स्थानीय पाठ्यक्रम बनाई लागु गर्ने । यसमा

स्थानीय कला, संस्कृति, सीप, भाषा, धर्म र प्रविधिलाई प्राथमिकतामा राख्ने । यस कार्यमा नगरपालिकाले सहयोग र सहजीकरण गर्ने ।

21. हाल अंग्रेजी भाषा प्रति अभिभावकहरुको मोह बढिरहेकोले विद्यालयहरुमा बालविकास केन्द्र देखि नै अंग्रेजी सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि सहयोगी कार्यकर्ता र शिक्षकलाई तालिमको व्यवस्था गर्ने र नगरपालिकाका सबै विद्यालयहरुको अंग्रेजी भाषा शिक्षणमा सुधार गर्ने योजना र कार्यक्रम बनाउने ।
22. आधारभूत शिक्षाको गुणस्तर कायम गर्नको लागि प्रत्येक शिक्षकले पाठ्यक्रमका आधारमा वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्नका लागि प्रत्येक शिक्षकलाई एक–एक ल्यापटप र प्रधानाध्यापकले नगरपालिकाको सहकार्यमा समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने र सोही आधारमा कारवाही वा परस्कृत गर्ने ।
23. पालिकाभित्रका सबै विद्यालयका शिक्षकहरुको पेशागत विकासका लगि तालिम संचालन गर्न र समय समयमा कक्षा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्न नगर शिक्षा शाखा प्रमुखको अध्यक्षतामा एउटा समिति गठन गर्ने ।
24. विद्यालयमा सबै पक्षको सभागिता सुनिश्चत (स्वास्थ्य, प्रहरी, शिक्षा, महिला विकास, नगरप्रतिनिधि, बालप्रतिनिधि, आदि) गेरेर शिक्षा विकास समिति गठन गर्ने ।
25. शिक्षकहरूको नियमिततामा जोड दिने र यसको लागि आवश्यक संयन्त्र तथा कार्यक्रमको ब्यवस्था गरिनेछ ।
26. गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको विद्यालयले सुनिश्चित गर्ने ।
27. शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्ने ।
28. तालिममा सिकेको विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गर्ने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने ।
29. विद्यार्थीहरूको नियमिततामा (विद्यालय हाम्रो घर, शिक्षकहरू अभिभावक र विधाथी सबै साथी अभियान) थप प्रभावकारी बनाउन इ–हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने ।
30. विद्यार्थीहरूको संख्या बढी भएको कक्षाकोठामा नयाँ प्रविधि (एलसिडि/प्रोजेक्टर/स्मार्टबोर्ड) माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्ने ।
31. शिक्षक दरबन्दी नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई नगरपालिकाले विज्ञापन जारी गरी स्वयम्सेवकको रुपमा पढाउन व्यवस्था मिलाउने ।
32. बढी उपस्थित हुने विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने ।
33. प्रत्येक हप्ता शिक्षकले, तीन महिना विद्यालयस्तरीय र छ महिनामा नगरस्तरीय मूल्यांकन प्रणाली लागु गर्ने । अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्वन गर्ने (एक विद्यालयका शिक्षकले अर्को विद्यालयको उत्तरपुस्तिका जाँच गर्ने) ।

34. निरन्तर मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न शिक्षक दरवन्दी मिलान, विद्यालय समायोजन, तह समायोजन, आदि गरेर कार्यान्वयन गर्ने ।

35. कक्षा १–५ देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने ।

36. विद्यालयहरुमा बालउद्यानका, फूलबारी, करेसाबारी, वृक्षारोपण आदि जस्ता कार्यक्रमहरु समावेश गर्ने ।

**३.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू*

1. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिका*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| 1. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेशदर (%) | ११२.६२ | १०९ | १०७ | १०६ | १०३ | १०२ |
| 2. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.११ | ९७ | ९८ | १०० | १०० | १०० |
| 3. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | १३६.८७ | १३० | १२० | ११५ | ११० | १०५ |
| 4. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.९० | ९६ | ९७ | ९८ | ९९ | १०० |
| 5. | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १०४.५८ | १०२ | १०१ | १०० | १०० | १०० |
| 6. | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९१.६५ | ९३ | ९५ | ९७ | ९९ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7. | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२४.४५ | १२० | ११५ | ११० | १०५ | १०० |
| 8. | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९४.२७ | ९५ | ९७ | ९९ | १०० | १०० |
| 9. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ६८३ | ५०० | ४०० | ३०० | २५० | १०० |
| 10. | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | २५ |
| 11. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ० | ० | २ | ४ | ३ | २ |
| 12. | प्रविधिमैत्री पूर्वाधारको बिकास हुने | २ | ३ | ५ | ४ | ३ | २ |
| 13. | सामुदायिक विद्यालयको आधारभूत तहको उपल्लो कक्षाको विद्यार्थी संख्या | २१६३ | २२०० | २२५० | २३०० | २३५० | २४०० |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | १ | | | ३ |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | १ | | | ३ |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९२.०१ | ९३.०७ | ९५.०३ | ९७.०९ | ९८.०१ | १०० |
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ० | २ | ४ | ४ | ६ | ३० |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | ५ | ८ | | | |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | २ | २ | ३ | १० |
| ८ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ६ | ६ | ६० |
| १२ | विद्यालयलाईशैक्षिक सामग्री सहयोगतथा व्यवस्थापन कार्यक्रम | प्रतिशत | ५ | ५ | ५ | ६ | ६ | ६० |
| १३ | कक्षा १देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थीनिर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापनसञ्चालन | विद्यालय | २ | ३ | ४ | ४ | २ | २० |
| १४ | प्रारम्भिककक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथाबालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | २ | ३ | ४ | ५ | ४ | २२ |
| १५ | बालबालिकाहरुकोपठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | १० |
| १६ | कक्षा १ ३मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | विद्यालय | २ | २ | २ | २ | ३ | १९ |
| १७ | विद्यालयस्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनीमेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यालयकोशिअसंघ विब्यसको टिमको क्षमता विकास कार्कक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| १९ | शिक्षकलेकक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २० | शिक्षककोक्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | जना | ३० | ३० | ३० | ३०० | ३० | २६० |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार माध्यमिक शिक्षाको व्यवस्था नेपालको संविधान, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले शिक्षालाई मानव अधिकारका रूपमा स्वीकार गर्दै माध्यमिक शिक्षाको विकास र व्यवस्थापनका लागि स्पष्ट मार्गनिर्देश गरेका छन् । यी दस्तावेजहरूले नेपालमा शिक्षाको पहुँच, गुणस्तर र समावेशितालाई सुनिश्चित गर्न विभिन्न प्रावधान र नीति ल्याएका छन् ।

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । संविधानको धारा ३१ अनुसार, प्रत्येक नागरिकलाई आधारभूत र माध्यमिक शिक्षाको पहुँच प्रदान गरिनुपर्ने छ । माध्यमिक शिक्षालाई निःशुल्क उपलब्ध गराउने प्रावधानले आर्थिक रूपमा कमजोर वर्गलाई पनि शिक्षामा पहुँच पुऱ्याउने लक्ष्य राखेको छ । साथै, संविधानले सबै समुदायका भाषा, संस्कृतिलाई सम्मान गर्दै बहुभाषिक शिक्षाको अवधारणा ल्याएको छ, जसले विविधतालाई प्रवर्द्धन गर्दछ ।

शिक्षा ऐन २०२८ माध्यमिक शिक्षाको व्यवस्थापन र गुणस्तर सुनिश्चित गर्नको लागि कानुनी आधार हो । यस ऐनले विद्यालयहरूको संरचना, पाठ्यक्रम, शिक्षकको योग्यता, र छात्रवृत्ति कार्यक्रमहरूको बारेमा विस्तृत व्यवस्था गरेको छ । माध्यमिक विद्यालयलाई आधारभूत विद्यालय (कक्षा १–८) र उच्च माध्यमिक विद्यालय (कक्षा ९–१२) मा विभाजन गर्दै शिक्षाको चरणबद्ध विकासलाई व्यवस्थित गरेको छ ।

शिक्षा ऐनले विद्यालय व्यवस्थापन समिति (School Management Committee - SMC) मार्फत विद्यालयको स्थानीय स्तरमा प्रशासन गर्न अनुमति दिएको छ । यसले विद्यालयको सञ्चालक समितिलाई स्थानीय जनताको सहभागितासहित निर्णय लिन सक्षम बनाउँछ । यो प्रणालीले शिक्षा क्षेत्रको विकेन्द्रीकरणलाई सुदृढ बनाएको छ ।

शिक्षा ऐन २०२८ कार्यान्वयन गर्न ल्याइएको शिक्षा नियमावली २०५९ ले माध्यमिक शिक्षाका विविध पक्षहरूको कार्यान्वयन निर्देशिका प्रदान गर्दछ । यसले विद्यालय सञ्चालनका मापदण्ड, शिक्षक नियुक्ति प्रक्रिया, निरीक्षण प्रणाली, र छात्रवृत्ति व्यवस्थापनलाई अझै स्पष्ट बनाएको छ ।

शिक्षा नियमावलीले माध्यमिक शिक्षाको पाठ्यक्रम विविध र व्यावसायिक बनाउने कुरामा जोड दिएको छ । व्यावसायिक शिक्षा तथा प्राविधिक शिक्षा (TVET) को समावेशले माध्यमिक तहका विद्यार्थीहरूलाई रोजगारमुखी बनाउने उद्देश्य राखेको छ । साथै, नियमावलीले स्थानीय पाठ्यक्रम निर्माण गर्ने अधिकार विद्यालयलाई दिएर विद्यार्थीहरूको आवश्यकताअनुसार शिक्षा उपलब्ध गराउने अवसर प्रदान गरेको छ ।

**माध्यमिक शिक्षाको महत्व र चुनौतीहरू**

माध्यमिक शिक्षा, नेपालको शिक्षा प्रणालीको महत्त्वपूर्ण आधारस्तम्भ हो । यो तहले विद्यार्थीलाई उच्च शिक्षाको तयारी गर्ने मात्र नभई जीवन उपयोगी सीप पनि प्रदान गर्दछ । तर, शिक्षाको पहुँच, गुणस्तर, र समानताको क्षेत्रमा अझै चुनौतीहरू छन् । ग्रामीण क्षेत्रका विद्यालयहरूको आधारभूत संरचना कमजोर हुनु, योग्य शिक्षकहरूको अभाव, र आर्थिक स्रोतको कमीले माध्यमिक शिक्षा क्षेत्रमा समस्या ल्याएको छ ।

### ३.३.१ वर्तमान अवस्था

शम्भुनाथ नगरपालिका भित्र हाल कक्षा १-१० सञ्चालित ४ , कक्षा ६-१० सञ्चालित ० र कक्षा १-१२ सञ्चालित २ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ६ वटा रहेको छ । माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७९.५ र कूल भर्नादर ९३.४ रहेको छ । माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ४५७ छात्रा र ४३० जना छात्र भर्ना भएको अवस्था छ । यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.०७ र शिक्षक विद्यार्थी अनुपात १००.१५ प्रतिशत रहेको छ ।

कक्षा १० को टिकाउ दर ६६.६ प्रतिशत, उत्तीर्ण दर ९९.३ कक्षा १० मा कक्षा दोहोर्‍याउने दर ०.५ र कक्षा छोड्ने दर ०.६ रहेको छ। शम्भुनाथ नगरपालिकामा १२ कक्षा सम्मको दुई विद्यालय रहेको छ। जसमा कक्षा ११-१२ को कुल भर्नादर ४७.२ प्रतिशत रहेको छ भने खुद भर्नादर २३.४ प्रतिशत छ। शै.स. २०८३ मा कक्षा ११-१२ मा जम्मा ११४ जना विद्यार्थी रहेको छ, जसमा छात्रा ७८ र छात्र ३६ रहेको छ। यस पालिकाभित्रको माध्यमिक तहमा ७.६९ प्रतिशत महिला शिक्षक रहेका छन्।

**मुख समस्या र चुनौतीहरू**

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

1. माध्यमिक तह ९-१० को कुल भर्नादर ९१.७ प्रतिशत र खुद भर्ना दर ७९.५ प्रतिशत मात्र हुनु त्यस्तै माध्यमिक तह कक्षा ११-१२ मा पनि कुल भर्नादर ४७.२ प्रतिशत र खुद भर्नादर २३.४ प्रतिशत
2. माध्यमिक तहको ९-१० र ११-१२ मा ३ जना मात्र महिला शिक्षक हुनु
3. माध्यमिक विद्यालय अनुसार दरबन्दीको व्यबस्था नरहेको

३.३.२ उद्देश्यहरू

1. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
2. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
3. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउने।
4. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
5. माध्यमिक शिक्षामा सबैको पुहँचमा सुधार ल्याउनु।
6. माध्यमिक तहका विद्यार्थीहरुमा न्यनत्तम सिकाइ उपलब्धी सुनिश्चित गर्नु।
7. माध्यमिक तह पुरा गर्ने बालबालिकाहरुको संख्यामा उल्लेखनीय सुधार ल्याउनु।
8. सिकाइ सुधारको लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
9. विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु।

३.३.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

1. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरीनेछ।
2. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीने छ।
3. माध्यमिक तहमा संचालित २ दुइ ओटा विद्यालयमध्ये कम्तिमा एउटामा प्राविधिक धार संचालन गरिनेछ ।
4. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।
5. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरीनेछ।
6. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री र पर्यावरणमैत्री बनाइनेछ ।
7. एउटा सामुदायिक विद्यालयको कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि थप आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरीनेछ।

8. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ ।
9. शिक्षक व्यवस्थापन गर्दा महिला शिक्षक प्राथमिकता साथ भर्ना गरिनेछ

**३.३.४ प्रमुख उपलब्धि तथ नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू*

1. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्‍याउने दरमा कमी आउने ।
2. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने ।
3. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने ।
4. मध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने ।
5. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।
6. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने ।
7. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
8. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने ।
9. शिक्षण/सिकाइ सहजिकरण प्रक्रियामा नविनतम प्रविधिको प्रयोगमा वृद्धि भएको हुने ।
10. शिक्षक तथा कर्मचारीको कार्यक्षमतामा वृद्धि ल्याउन कार्य प्रभावकारिताको आधारमा प्रोत्साहन प्राप्त गरेको हुने ।
11. अभिभावक शिक्षा मार्फत अभिभावकहरु आफ्ना वालवालिकाहरुको शिक्षा प्रति सचेत तथा विद्यालयको समग्र विकास प्रति जागरुक भएको हुने ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिका*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| 1. | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १००८ | ११०० | १२०० | १४०० | १५०० | १६०० |
| 2. | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५६८ | ६०० | ६५० | ७०० | ७५० | ८०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 3. | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | १० | २० | २५ | ३० | ४० | ५० |
| 4. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | 0 | 2 | 3 | 4 | 4 | 4 |
| 5. | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ६६.९३ | ७० | ७५ | ८० | ८३ | ८८ |
| 6. | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ४९.९३ | ५५ | ६५ | ७० | ७७ | ८० |
| 7. | माध्यमिक तह( कक्षा ९-१०) उत्तीर्ण दर | ९५.९८ | ९७ | ९८ | १०० | १०० | १०० |
| 8. | माध्यमिक तह( कक्षा ११-१२) उत्तीर्ण दर | ८६.०५ | ८८ | ९२ | ९५ | ९७ | १०० |
| 9. | माध्यमिक तह( कक्षा ९-१०) छाड्ने | ०.७५ | ०.६ | ०.५ | ०.३ | ०.२ | ० |
| 10. | माध्यमिक तह( कक्षा ११-१२) छाड्ने | २.८५ | २.७ | २.५ | २ | १.५ | १ |
| 11. | माध्यमिक तह( कक्षा ९-१०) दोहोर्याउने | १.१७ | १.५ | १.३ | १ | ०.५ | ०.२ |
| 12. | माध्यमिक तह( कक्षा ११-१२) दोहोर्याउने | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 13. | सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको | १ | १ | १ | १ | १ | १ |
| 14. | माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक धारतर्फको शिक्षा | २ | १ | अवस्था हेरी | अवस्था हेरी | अवस्था हेरी | अवस्था हेरी |
| 15. | विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास | २ | १ | १ | १ | १ | १ |
| 16. | अभिभावक शिक्षा मार्फत आफ्ना वालवालिकाहरुको शिक्षाप्रति सचेतना कार्यक्रम संचालन भएका बिद्यालय | ६ | २ | ४ | ६ | ३ | ४ |
| 17. | विद्यालयको प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | ३ | १ | १ | १ | सबै | सबै |
| 18. | शिक्षण/सिकाइ सहजिकरण प्रक्रियामा नविनतम प्रविधिको प्रयोगमा वृद्धि | ३ | २ | ४ | ३ | २ | ४ |

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधितयारी | पटक | | १ | १ | | | २ | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | १ | ४ | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | २ | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | | १ | | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | | १ | १ | १ | १ | ६ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १० | १५ | १५ | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | ५ | नगरपालिका |
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | ५ | नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### परिचय

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ। यसलाई वर्तमान मागको रुपमा नलिई आवश्यकताको रुपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय तहमा प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनु बढि उपयुक्त र सान्दर्भिक देखिन्छ। यही आवश्यक्तालाई मध्यनजर गरेर नेपाल सरकारको निर्णय र स्विकृति, ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा सामुदायिक विद्यालयहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालयतथा शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरिएको थियो। सोहि निर्णयानुसार २०७० सालदेखि कक्षा ९ मा प्राविधिक शिक्षाको पठनपाठन देशभरमा छनोट गरेर ९९ वटा विद्यालयहरुमा प्रारम्भ भयो। तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो। यस अन्तर्गतगत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर तथा कृषि र पशु विज्ञान तर्फ वालिविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन्। विद्यालय शिक्षामा प्राविधिक तथा व्यवसायिक धारको व्यवस्थावाट कार्यमूलक ,व्यवहारिक, प्राविधिक तथा व्यवसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम वजारमा सहज प्रवेशको सम्भावना बढाउन सकिन्छ। त्यसैले रोजगारीको सुनिश्चितता प्रदान गर्न र शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ।

### वर्तमानअवस्था

हरेक राष्ट्रको समृद्धिको लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ । मूलुकको भौतिक, शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्ति अपरिहार्य छ। तसर्थ यस स्थानीय तह अन्तर्गत श्री बुदिलाल विद्या मुनर नमुना माध्यमिक विद्यालयमा वि.स. २०७३ सालदेखी प्राविधिक धारको कृषि विज्ञान विषय सञ्चालन भइरहेको छ । विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कक्षाहरु सञ्चालन गर्न कठिनाई भइरहेको छ। यसको मुख्य कारण सम्वन्धन प्राप्त गर्ने कठिनाई, प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ। तथापी विश्ववजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ सकेसम्म धैरै माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक धारको शिक्षा पनि उपलव्ध गराउन अपरिहार्य रहेको छ।

### प्राविधिक तथा व्यवसायिक शिक्षामा देखिएका चुनौतिहरु

- प्राविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालन गर्न सम्वन्धन र अनुमति लिन,
- भौतिक पूर्वाधार विकास गर्न,
- प्राविधिक तथा व्यवसायिक धारको जनशक्ति व्यवस्थापन गर्न,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्वबोध गराउन,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रत्याभुति दिलाउन,

- प्राविधिक तथा व्यवसायिक धारको स्थापना र सफल सञ्चालनका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न ।

**उद्देश्य**

- प्राविधिक तथा व्यवसायिक स्थापना गर्न संस्थागत विकास तथा सुदृढिकरण गर्न ।
- प्राविधिक तथा व्यवसायिक धारको पूर्वाधार विकास गरि दक्ष जनशक्तिको उत्पादन गर्न ।
- शिक्षालाइ प्राविधिक तथा रोजगारमुलक रुपमा प्रदान गरि व्यवसायीक तथा आत्मानिर्भर जनशक्ति निर्माण गर्ने ।

**रणनीति**

- माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने
- समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने
- सम्वन्धन प्राप्त गर्न सम्वन्धित निकायमा पहल गर्ने ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरि आवश्यक आर्थिक पहल गर्ने ।
- प्राविधीक धारको पढाइका लागि अभिप्रेरित गरि पढ्दै कमाउदै गरिने कार्यक्रमहरु सन्चालन गर्ने ।
- कार्यरत शिक्षकहरुलाई प्रविधिमैत्री शिक्षक तालिम संचालन गरी पालिकाको वेब साइटमा शिक्षण सिकाइ सामाग्रीको बिकास गरी राख्ने ।

**प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- प्राविधिक र व्यवसायिक शिक्षाप्रति तल्ला कक्षाका विद्यार्थी र अभिभावकहरुमा समेत रुची र आकर्षण पैदा भएको हुने,
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्नै अवसर पाएको हुने ।
- दक्ष तथा रोजगारउमुख जनशक्ति तयार भएको हुने ।
- आत्मानिर्भर जनशक्ति उत्पादन हुने ।

**नतिजा**

- सुरक्षित र सुचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
- यस स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढिकरण भएको हुने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर लाभग्राहिहरुले आफनै स्थानिय तहमा सहज र सरल रुपमा प्राप्त गरेका हुने ।
- स्वावलम्बी तथा आत्मनिर्भर जनशक्ति उत्पादन हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | २ | २ | १ | **अस्वथा हेरी** | **अस्वथा हेरी** | **अस्वथा हेरी** |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५० | ६० | ७० | ८० | १०० | १०५ |

**प्रमुख क्रियाकलाप रपरिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यार्थी र अभिभावकलक्षित प्राविधिक र व्यवसायिक शिक्षाप्रति सचेतना विस्तार कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | **न.पा./विद्यालय** |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| २ | उपयुक्त प्राविधिक तथा व्यवसायिक शिक्षा विकासका लागी सुरक्षित र भौतिक पूर्वाधारको अध्ययन तथा आवश्कता अनुसार विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | न.पा. |
| ३ | IT Hub स्थापना गर्न सामुदायिक विद्यालयको सम्भावना अध्ययन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | न.पा. |
| ४ | IT Hub पूर्वाधार तयारीर स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | न.पा |
| ५ | प्राविधिक तथा व्यवसायिक धारअन्तर्गत थप कार्यक्रम सञ्चालन गर्न संस्थागत विकास तथा सुदृढिकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | न.पा. |
| ६ | प्राविधीक धारको प्रोत्साहनका लागी पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | न.पा. तथा अन्य संघसंस्था |
| ७ | कार्यरत शिक्षकहरुका लागी प्रविधिमैत्री तालिम कार्यक्रम | शिक्षक संख्या | १ | १ | १ | १ | १ | ५ | | न.पा. |
| ८ | पालिकाभित्रका प्राविधीक धारबाट उत्पादित | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | न.पा. |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | जनशक्तिलाई रोजगारी | | | | | | | | | |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

नेपालको संविधान, शिक्षा ऐन २०२८, र शिक्षा नियमावली २०५९ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई शिक्षाको महत्त्वपूर्ण पक्षका रूपमा स्वीकार गरेका छन् । यी प्रावधानहरूले शिक्षालाई औपचारिक विद्यालय प्रणालीमा मात्र सीमित नराखी, व्यक्ति र समुदायको आवश्यकताअनुसार सिकाइका अवसरहरू सुनिश्चित गर्न खोजेका छन् ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । धारा ३१ मा, हरेक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नुका साथै, व्यक्तिको आवश्यकता र जीवन परिस्थितिअनुसार आजीवन सिकाइको अवसर प्रदान गर्न राज्यको जिम्मेवारी उल्लेख गरिएको छ । संविधानले महिला, दलित, पिछडिएका वर्ग, र जनजातिहरूलाई शिक्षामा समान अवसर उपलब्ध गराउन जोड दिएको छ । यसले अनौपचारिक शिक्षामार्फत बालबालिका, किशोरीहरू, वयस्कहरू, र अशिक्षित व्यक्तिहरूलाई साक्षरताको अवसर दिन सहयोग पुर्‍याएको छ ।

शिक्षा ऐन २०२८ ले अनौपचारिक शिक्षा कार्यक्रमहरूको आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यस ऐनले औपचारिक शिक्षा प्रणालीमा सहभागी हुन नसक्ने व्यक्तिहरूका लागि वैकल्पिक सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ । अनौपचारिक शिक्षाका कार्यक्रमहरू अन्तर्गत साक्षरता कक्षा, वयस्क शिक्षा, र समुदायमा आधारित शिक्षा सञ्चालन गर्न सकिन्छ ।

अनौपचारिक शिक्षालाई सबै उमेर समूहका व्यक्तिहरूका लागि उपयुक्त बनाउँदै, आधारभूत साक्षरता, व्यावसायिक सीप, र सामाजिक चेतना जगाउने उद्देश्य राखिएको छ । यी कार्यक्रमहरूले ग्रामीण तथा दुर्गम क्षेत्रका समुदायहरूलाई प्राथमिकतामा राखेका छन् ।

शिक्षा नियमावली २०५९ ले अनौपचारिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत निर्देशिका प्रदान गरेको छ । यसले निम्न कार्यहरूलाई प्राथमिकतामा राखेको छ:

1. **साक्षरता र जीवनोपयोगी शिक्षा**: ग्रामीण र शहरी अशिक्षित व्यक्तिहरूलाई पढ्ने, लेख्ने, र दैनिक जीवनमा उपयोगी सीप सिकाउने ।
2. **प्राविधिक र व्यावसायिक शिक्षा**: व्यावसायिक सीप विकास कार्यक्रमहरू सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने ।
3. **समुदाय आधारित शिक्षा**: स्थानीय स्रोत र आवश्यकताका आधारमा समुदायस्तरका शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।

नियमावलीले आजीवन सिकाइलाई पनि विशेष महत्त्व दिएको छ । वयस्कहरूलाई कुनै निश्चित उमेरमा सीमित नगरी जीवनभर सिक्ने वातावरण सिर्जना गर्ने प्रयास गरिएको छ । यस अन्तर्गत, व्यक्तिगत र व्यावसायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न विशेष नीति तयार पारिएको छ ।

#### अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्त्व

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समाजमा शिक्षा र सीपको स्तर उकास्न योगदान पुर्‍याउँछ । यसले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नेहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्छ । महिलाहरू, दलित, आदिवासी

जनजाति, र अशिक्षित वयस्कहरूलाई सशक्त बनाउन अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी साबित भएका छन् ।

आजीवन सिकाइले व्यक्तिलाई नयाँ ज्ञान, सीप, र प्रविधिहरूमा अद्यावधिक राख्छ । यो रोजगारको क्षेत्रमा प्रतिस्पर्धा गर्न, उद्यमशीलता विकास गर्न, र व्यक्तिको व्यक्तिगत विकासका लागि महत्त्वपूर्ण छ ।

**चुनौतीहरू र समाधान**

अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रभावकारी कार्यान्वयनमा वित्तीय स्रोतको अभाव, प्रशिक्षित जनशक्तिको कमी, र दूरदराजका क्षेत्रहरूमा कार्यक्रम पुर्याउन कठिनाइ जस्ता समस्या छन् । यी चुनौतीहरूको समाधानका लागि नीति कार्यान्वयनमा ध्यान दिने, सामुदायिक सहभागिता बढाउने, र प्राविधिक उपकरणको उपयोग गर्ने आवश्यक छ ।

### ३.४.१ वर्तमान अवस्था

यस नगरपालिकामा विगतमा अनौपचारिक साक्षरता शिक्षा कार्यक्रम सञ्चालन भएको तथा उक्त कार्यक्रम पश्चात् निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन् । यस स्थानीय तहमा पूर्ण रुपमा निरक्षर १३६२९ रहेका छन् जुन कूल जनसंख्यको ३८.७० प्रतिशत हुन आउँछ। सामान्य लेखपढ गर्न सक्ने जनसंख्या १७२२१ रहेको छ। शम्भुनाथको कूल साक्षरता ५३.९३ प्रतिशतमा ४३.४२ प्रतिशत महिला रहेका छन्।

- स्थानीय तहमा निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको अवस्था तथा विभिन्न समूहको साक्षरता अवस्था
- सामुदायिक सिकाइ केन्द्र र अनौपचारिक शिक्षाको क्षेत्रमा गरेका कार्यक्रमहरु
- सामुदायिक पुस्तकालय सञ्चालन
- पालिकाले अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रबर्द्धनका लागि गरेका असल अभ्यासहरू
- चुनौतीहरू तथा अवसरहरू

### ३.४.२ उद्देश्य

*अनौपचारिक शिक्षा र आजीवन सिकाइसँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

1. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
2. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

1. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।

2. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।
3. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।
4. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।
5. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।
6. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
7. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | पाठ्यक्रम/विशिष्टिकरण तालिकाको आधारमा प्रश्न पत्र निर्माण गरी परीक्षा/मुल्यांकन | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ३ | स्थानीय भाषामा स्थानीय बिषयको कक्षा सञ्चालन गर्ने विद्यालय | | | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ८ | १० | १६ | १८ | २१ |
| ६ | स्थानीय पाठ्यक्रम २०८० कक्षा १ देखि कक्षा ८ सम्म परिमार्जन तथा कार्यान्वयन | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा |
| ७ | आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुको पहुँचमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको कक्षाको संख्या | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा | प्रक्रियामा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय पाठ्यपुस्तक निर्माण तथा प्रबोधिकरणमा सरोकारवालहरु सबैको सहभागिता अवस्था | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | पाठ्यक्रम निर्दिष्ट मूल्याङ्कन प्रक्रियाको निरन्तर अनुगमन र आवधिक प्रतिवेदनले मूल्याङ्कन प्रभावकारिता सुनिश्चित | नभएको | नभएको | गरिने | गरिने | गरिने | गरिने |

### ३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | २ | नगरपालिका |
| २ | साक्षर शम्भुनाथ | वडागत | | | २ | | २ | ९ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | | | | ० | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | निरन्तर | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | ६ | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | ५ | नगरपालिका |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालयको भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि

मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो। मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN, NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन् ।

**४.१.१ वर्तमान अवस्था**

शम्भुनाथ नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माणको थालनी गर्ने र अर्को बर्ष आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण योजना गरेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्‍याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्‍याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाएइको छ । आधारभूत तह कक्षा ६-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको

छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

- पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र कार्यान्वयन ।
- पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयत्नहरू ।
- पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका चुनौती तथा अवसरहरू ।
- विद्यार्थी मूल्याङ्कन प्रक्रिया
- स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणको क्रममा वातावरणीय दिगोपनाका लागि बृक्षारोपण, वातावरण संरक्षणको रैथाने ज्ञान र सीपलाई समावेश गर्ने तथा हरित विद्यालय, हरित वडा र हरित समुदायको अवधारणा जस्ता विषयलाई समावेश गर्ने ।
- त्यसैगरी विश्ववजारमा प्रतिस्पर्धा गर्नको लागि आवश्यक पर्ने वित्तिय साक्षरता, उद्दमशिलता, सञ्चार सीप, संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सिपहरुलाई पाठ्यक्रम तथा अन्य माध्मवाट प्रवर्द्धन गर्ने खालका विषयहरु समावेश गर्ने ।

**समस्या तथा चुनौतीहरु**

- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।
- प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।
- स्थानीय  पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।
- अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
- स्थानीय  पाठ्यक्रम कार्यान्वयन।

**४.१.२ उद्देश्य**

*पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

1. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
2. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध राजगढ  निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।

3. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।
4. विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु ।
5. स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
6. पाठ्यक्रम तथा पाठ्यक्रम पुस्तक प्रयोगमा कार्यान्वयनमा एकरुपता ल्याउनु ।
7. सिकाइका लागि मूल्यांकन प्रणालीका रुपमा विद्यालय तहको मूल्यांकन प्रक्रियामा सुधार ल्याउनु ।
8. पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरुको विकास तथा व्यवस्थापनमा क्षमता विकासमा सुधार ल्याउनु ।

**४.१.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

1. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध राजगढ निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्ने पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
2. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
3. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
4. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
5. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।
6. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
7. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
8. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू*

1. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

1. स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
2. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
3. शिक्षण सिकाइको अभिन्न् अङ्गको रुपमा मूल्याङ्कन हुने।
4. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
5. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
6. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | २५ | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | ४० | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | २५ | सबै | सबै | सबै | सबै | सबै |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २५ | सबै | सबै | सबै | सबै | सबै |

#### ४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा / विषय | १-५ | ६-८ | | | | | नगरपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा / विषय | | १-५ | ६-८ | | | | नगरपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा / विषय | | १-५ | ६-८ | | | | नगरपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा / विषय | १-५ | ६-८ | | | | | नगरपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन विकास | कक्षा / विषय | | १-५/३ | ६-८/३ | | ९-१२/३ | | नगरपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | १ | | १ | २ | नगरपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा / विषय | | | | | १-५ | ६-८ | नगरपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ५ | ६ | ७ | १० | १५ | ७० | संघ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस शम्भुनाथ नगरपालिका ले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ

। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ ।

- तालिम प्राप्त शिक्षकहरुलाई दिईने तलबभत्ता तथा अन्य सुविधाहरु कार्य सम्पादन अनुसार बढाउदै लैजाने ।
- आधारभूत तथा माध्यमिक तहमा पढाउने शिक्षकका साथै कर्मचारीहरुलाई समान र उत्तिकै हैसियत प्रदान गर्दै लैजाने ।
- शिक्षकहरुलाई निजामति कर्मचारी सरह योग्यता र सक्षमताको आधारमा तहगत बढुवाको व्यवस्था गर्दै लैजाने ।
- माध्यमिक तहमा कार्यरत विधालय सहायक (लेखापाल) सम्बन्धित विषयमा कम्तिमा स्नातक उतीर्ण हुनुपर्ने र सो अनुसार तलब भत्ताको व्यवस्था गर्दै लैजानुपर्ने ।
- शिक्षकलाई कुनै कोणबाट अपमान वा ठेस नपुग्ने गरी सम्पूर्ण पार्टीगत भातृसंगठन खारेज गरी शिक्षकहरुलाई एकताबद्ध गर्दै शिक्षकको हकहितको लागि एक शिक्षक महासंघलाई स्तरोन्नति गर्दै लैजाने ।
- बालविकास तथा कर्मचारीहरुको तलब लगायतका सुविधाहरुमा भएको भेदभावलाई सम्बोधन गर्दै लैजाने ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने

प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

शिक्षक तयारीका लागी यस योजनाले स्थानिय तह भित्र शिक्षक शिक्षा र शिक्षक प्रशिक्षणको व्यवस्था गर्ने, शिक्षक पेसागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम, तयारी कक्षाहरु संचालन गर्ने तथा स्यंमसेवक शिक्षक व्यवस्थापनका लागी वातावरण तयार गर्ने जस्ता कार्यक्रमहरु तय गरि कार्यावन्यन गरिने छ ।

- बिधालय तहको शिक्षण पेशामा प्रवेश गर्न शिक्षक प्रशिक्षण अनिवार्य गर्ने ।
- हाल शिक्षण पेशामा प्रवेश गरि सकेका तर तालिम नपाएका शिक्षकहरुलाई अनिवार्य रुपले तालिम दिने व्यवस्था मिलाउने ।
- शिक्षक प्रशिक्षणमा महिला शिक्षकलाई ग्राहयता दिने ।
- बिभिन्न तहमा शिक्षकहरुका लागी प्रशिक्षण कार्यक्रमहरु निर्धारित गर्ने ।
- बालविकास शिक्षकहरुको क्षमता विकासका लागि प्रत्येक बर्षमा कम्तिमा २ पटक तालिम संचालन गर्ने ।
- समय अनुसार परिमार्जित पाठ्यक्रम प्रबोधिकरण तथा अन्य शिक्षकको पेसागत विकाससँग सम्बन्धित कार्यशाला सञ्चालन गर्ने ।

**शिक्षणसिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुर्‍याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ । कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ । शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस । शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् ।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापनासँगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ । राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको

थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो ।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ । स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि । पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्र महरू सञ्चालन भएका थिए । शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो ।

**शिक्षक उत्तरदायित्व**

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो । असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ । शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ । शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ ।

शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय

जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ । आगामी दिनमा यस नगरपालिका ले शैक्षिक सुधार घोषणापत्र तयार पारी विभिन्न निकायको भूमिका तथा जिम्मेवारी अन्तर्गत प्र.अ. र शिक्षकको भूमिका तथा जिम्मेवारी तोकी शिक्षकलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउने अभ्यास गर्ने छ । शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ ।शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफुले पढाउने विद्यार्थीहरुको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने वुझिन्छ ।सामान्यतया शिक्षकका उत्तरदायित्वहरुलाइ निम्न बुँदामा प्रष्ट पार्न सकिन्छ ।

- पाठहरुको एक व्यापक तरीकामा प्रस्तुतीर श्रव्य/दृश्य सामग्रीको माध्यमबाट सिकाई सहजीकरणगर्ने।
- अन्तरक्रियात्मक सिकाइलाई प्रवर्धन गर्दै प्रत्येक विद्यार्थीलाई व्यक्तिगत निर्देशन प्रदान गर्ने ।
- शैक्षिक सामग्रीको सिर्जनार वितरण (नोट, सारांश, गृहकार्य आदि) गर्ने ।
- विद्यार्थीको प्रगतिको मुल्यांकन र रेकर्ड राख्ने, ग्रेड/तह र सुझाव प्रदान गर्ने।
- एक सफा र व्यवस्थित कक्षाकोठा कायम राख्ने ।
- अन्य शिक्षकहरु, अभिभावक र सरोकारवालाहरुसंग सहकार्य गर्ने र नियमित बैठकमा भाग लिने ।
- कक्षा भित्र तथा बाहिरी गतिविधिहरुर अन्य शैक्षिक इभेन्टको योजना र कार्यन्वयन गर्ने ।
- विद्यार्थीहरुको व्यवहार र मानसिकता अवलोकन गर्ने र बुझ्ने र उपेक्षा, दुर्व्यवहार आदिको संदेह रिपोर्ट तयार पार्ने ।
- सेमिनार, सम्मेलन आदिमा भाग लिईव्यवसायिक सीप र ज्ञानको विकास र समृद्ध बन्ने।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ ।

यस पालिकाको सामुदायिक बिद्यालयमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा ४५.१० , कक्षा ६-८ मा ९५ , कक्षा ९-१० मा ५७ रहेको छ। दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गरेको छ। अधिकांश बिद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्रा.वि. तहको शिक्षकको आवश्यकतालाई बालबिकाश सहजकर्ता र

विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ। गत आर्थिक बर्षमा शिक्षा बिकाश तथा समन्वय इकाइ सप्तरीले यस पालिकासंगको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको कम सम्पन्न गरिसकेकोले र सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस पालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् :

1. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
2. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।
3. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
4. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
5. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न ।
6. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
7. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु ।

- स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था
- शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति
- शिक्षक तयारी
- शिक्षण सिकाइ क्रियाकलाप
- शिक्षकको पेशागत तथा क्षमता विकास कार्यक्रम
- शिक्षक पेसागत सहयोग पद्धति
- शिक्षकको आपूर्ति र वितरण

**चुनौती र अवसरहरू**

1. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
2. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
3. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
4. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
5. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
6. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु।
7. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु।

### ४.२.२ उद्देश्य

*शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

1. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्‍याउनु।
2. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।
3. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।

4. पालिका अन्तर्गत स्वयम् सेवकक शिक्षकको छनोट गर्नु।
5. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास।
6. सिकाइ सुधारको लागि आवश्यक शिक्षकको क्रमश ब्यवस्थापन गर्दै लैजानु।
7. पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुढृण बनाउनु।
8. विद्यालय सुपरीवेक्षण पाठ्यक्रम तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानिय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु।
9. शिक्षकको पेशागत क्षमता विकासको लागि पालिका स्तरमा प्रभावकारी सन्यत्रको विकास तथा कार्यान्वयन गर्नु।

### ४.२.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

1. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
2. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ।
3. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ।
4. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
5. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
6. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
7. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।
8. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.फिल. वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।
9. कक्षा १ देखी ३ सम्मका शिक्षणमा सहजीकरण गर्ने शिक्षकहरुको पेशागत विकास तथा सहयोग प्रणालीका विगतको अभ्यासलाई निरन्तर दिइदै उपयुक्त प्रणालीलाई कार्यान्वयन गरिने छ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

ख) नतिजा

1. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।
2. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
3. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
4. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने।
5. क्षमतावान् तथा मेधावी शिक्षकले एम्.फिल्. वा विद्यावारिधिका अवसर पाएका हुनेछन्।

### ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | | १० | १५ | | १५ | ५० | नगरपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | | | | | आवश्यकता अनुसार | संघ / प्रदेश/ नगरपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | १ | १ | १ | १ | १ | १० | संघ / प्रदेश/ नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | १ | १ | १ | १ | १ | १० | संघ / प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ / प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | | १ | | | | २ | नगरपालिका |
| | पेशागत शैक्षिक अवलोकन | पटक | | | | | | निरन्तर | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | ३ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकको पेशागत सहयोगका लागि स्थानीयय विज्ञ समूह सहित कार्यविधि तयार गरि स्रोत शिक्षक परिचालन | पटक | | १ | | १ | | ३ | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार नाउने | सबै विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | | | १ | | | ३ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | | | | १ | संघ / प्रदेश/ नगरपालिका |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | १० | ४ | ५ | २ | ३ | १ |

### ४.३ शैक्षिक समता तथा समावेशीकरण

शम्भुनाथ नगरपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । मधेशी समुदायको मुख्य वसोबास रहेको । जसमा यादव, मुसहर, राम, मरिक, मुसलमान, तिवारी, तेली, कोइरी, केवट, चमार, धानुक, तत्मा, सुढ़ी आदि लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ । यस नगरपालिका मा मुख्य बोलीचालीको भाषा मैथली, भोजपुरी, उर्दु, नेपाली रहेको छ । सिरवा, कृष्णाष्टमी, जितिया, तीज, जनैपुर्णिमा, इद, बकरइद, दशै, तिहार, छट पुजा, माघे सक्रान्ती, फागुपूर्णिमा (होली) आदि जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको प्रतिशत कम रहेको छ ।

### ४.२.१ वर्तमान अवस्था

यस नगरपालिकाको जम्मा जनसंख्या ३९६३४ रहेकोमा महिला २०६२८ (५२%) र पुरुष १९००६ (४८%) मा ९२.१४ प्रतिशत लैङ्गिक अनुपात रहेको छ । यस नगरपालिकाको साक्षरता दर ६७.१% छ जसमा ५७.७% र पुरुष साक्षरता दर ७७.७% रहेको छ । यस पालिकाको बाल विकास केन्द्रमा जम्मा १०६६ जना विद्यार्थी भर्ना रहेकोमा ५३४ छात्रा (५०%) रहेको छ । भर्ना दरको आधारमा हेर्दा बालविकास केन्द्रको खुद भर्ना दर ६९% मा छात्रा भर्ना दर ६७.७.% रहेको छ । जसमा ६२४ जना दलित, जनजाती १६४, अन्य २७८ जना रहेका छन् । हाम्रो नगर पालिकाको बालविकास केन्द्रमा शत प्रतिशत महिला शिक्षकहरु रहेका छन् । यस पालिकाको आधारभूत तह १-५ मा २९५९ जना विद्यार्थी छन् जसमा छात्रा १५२१ रहेको छ । आधारभूत तह(१-५)मा जम्मा दलित सङ्ख्या १६८३ विद्यार्थी छन् जसमा छात्रा ८४३ रहेका छन् । कक्षा १-५ को खुद भर्नादर ९६.१% मा छात्रा भर्नादर ९७% रहेका छन् । त्यसैगरी जनजातिको सङ्ख्या ४३९ जसमा २२५ छात्रा रहेका छन् । आधारभूत तह ६-८ मा १९६१ जना विद्यार्थी छन् जसमा छात्रा १०६१ रहेका छन् । आधारभूत तह(६-८)मा जम्मा दलित सङ्ख्या ९९५ विद्यार्थी छन् जसमा छात्रा ५४८ रहेका छन् । कक्षा ६-८ को खुद भर्नादर ९३.५% मा छात्रा भर्नादर ९४.१% रहेका छन् । त्यसैगरी जनजातिको सङ्ख्या ३८६ जसमा २०० छात्रा रहेका छन् । यस नगरपालिकाको आधारभूत तहमा जम्मा १४९ जना शिक्षकहरुमध्ये ४६ (३०.८७%) जना महिला रहेका छन् । माध्यमिक तहको विद्यार्थी संख्यालाई हेर्दा यहाको कक्षा ९-१२ मा जम्मा १००० जना विद्यार्थीहरु मध्ये छात्राको सङ्ख्या ५३५ (५३.५%) रहेका छन् । हाम्रो शम्भुनाथ नगरपालिकाको माध्यमिक तह (९-१२) सबै प्रकारका शिक्षकहरुको सङ्ख्या २१ ओटा रहेकोमा ३ जना मात्र महिला शिक्षक रहेको छ । कक्षा ९-१२ मा जम्मा दलित ३५२ मध्ये १७९ जना छात्रा र १७३ जना छात्र छन्, अन्यमा ३३१ जना जम्मा मध्ये १७६ जना छात्रा र १६३ जना छात्र रहेका छन् । कक्षा ९-१२ को खुद भर्ना दर ५३.२ मा छात्रा भर्नादर ४२.९ रहेका छन् । त्यसै गरी ५-१७ वर्षको साक्षरता दरलाई हेर्दा यहाँ ९१.३७% रहेको छ त्यसमध्ये महिला साक्षरता दर ९१.२७% रहेका छन् । हाम्रो यस पालिकाको ९-१२ मा जम्मा २५ शिक्षकहरु मध्ये २ (८%) जना मात्र महिला शिक्षक रहेका छन् । त्यसगरी नगरकार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न संघ संस्थामा महिला

र दलितको सहभागितात्मक उपस्थिति ऐन तथा नियमावली अनुसार नै राखिएको छ । यस नगरपालिकाको २५ ओटा सामुदायिक विद्यालयहरुमध्ये विशेष विद्यालयको व्यवस्था नगरी सबैलाई एकै ठाउँमा राखी समवेशितालाई प्राथमिकता दीइएको छ । हाम्रो पालिकामा कक्षा (१-५) मा अध्ययनरत दलित तथा छात्रा विद्यार्थीहरुलाई नेपाल सरकारले प्रदान गरिरहेको रु. ४०० का दरले वार्षिक छात्रवृत्ति प्रदान गर्दै आइरहेकोमा यस वर्षदेखि कक्षा ५ र ८ मा अध्ययनरत विपन्न विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति (PMT) को आवेदन भर्न लगाएका छौ । हाम्रो यस पालिकाको सम्पूर्ण विद्यालयहरुमा लैङ्गिक सम्पर्क व्यक्तिका साथ साथै गुनासो सुनुवाई संयन्त्रको पनि व्यवस्था गरिएको छ । सम्पूर्ण विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पुर्याउन यस नगरपालिकाबाट केही प्रयासहरु भएता पनी पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन । विद्यालय बाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दे शिक्षामा सबैको पहुँच पुर्याउनु सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नको लागि यो योजना केन्द्रित रहेको छ । शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

1. दलितको जनसंख्या ६३०० भए पनि त्यस अनुपातमा कक्षा सहभागिता २९% मात्र हुनु
2. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण नहुनु ।
3. सिमान्तकृत बालबालिकाहरुको अभिभावकहरुलाई शिक्षा सम्बन्धि जनचेतना नहुनु ।
4. आधारभूत तहमा ३२% महिला शिक्षक तथा मा.वि. तहमा ८% महिला शिक्षक मात्र हुनु ।
5. बाल क्लवमा २.५ % सिमान्तकृत बालबालिकाहरुको सहभागिता मात्र हुनु ।
6. थप उपचारात्मक कक्षा तीन ओटा विद्यालयमा मात्र हुनु ।
7. सिकाई उपलब्धिमा अन्य जातजातिको तुलनामा दलित छात्राहरुको सिकाई उपलब्धि न्यून रहनु ।
8. पुरुष साक्षरता दर ७०.३% रहेकोमा महिला साक्षरता दर ४९.५% मात्र हुनु ।

### ४.३.२ उद्देश्य

हाम्रो नगरपालिकाको शैक्षिक समता र समावेशीकरणक लागि तोकिएका उद्देश्यहरु:

1. दलित तथा सिमान्तकृत विद्यार्थीहरुको सहभागिता दर २९% बाट बढाइ १०० प्रतिशत पुर्याउनु
2. २१ ओटा सामुदायिक विद्यालयमा अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री संरचना निर्माण गर्नु
3. महिला शिक्षक आ.वि. मा ३२ % बाट ५०% र मा.वि.मा ८% बाट ३०% पुर्याउनु
4. दलित तथा सिमान्तकृत विद्यार्थीहरुको लागि थप उपचारात्मक कक्षाको व्यवस्था ३ ओटामा रहेकोमा थप वृद्धि गर्नु
5. महिला साक्षरता दर ६०% मा अभिवृद्धि गर्नु

### ४.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यस प्रकार छन्:

1. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।

2. हरेक वर्ष सिमान्तकृत तथा लक्षित वर्गका अभिभावकहरुको लागि अभिभावक शिक्षाको कार्यक्रम संचालन गर्ने
3. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
4. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्‍न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।
5. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
6. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
7. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।
8. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गरिएको छ:

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- २५ओटा विद्यालयमा लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माण भएको हुनेछ।
- महिला शिक्षक प्रतिशत आ.वि. र मा.वि. मा ४५% सम्म पुगेको हुनेछ
- ३ ओटा रहेकोमा थप ३ ओटा उपचारात्मक कक्षाको सङ्ख्या वृद्धि मार्फत सिकाई उपलब्धि सुधरिनेछ।
- हरेक प्रकारको सहभागितामुलक कार्यक्रमहरुमा लक्षित् तथा सिमान्तकृत वर्गबाट पनि संलग्नता बढेको हुनेछ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा यस प्रकार छन् ।

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | १२०० | १००० | ८०० | ७०० | ४०० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.३ | १.२ | १.१५ | १.१० | १.०५ | १ |
| | आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या | ३२ | ३५ | ३८ | ४३ | ४७ | ५० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.१ | १.०८ | १.०५ | १.०३ | १.०१ | १ |
| ४ | माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या | २ | ३ | ५ | ७ | १० | १३ |

### ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | ३ | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ५ | | ५ | १५ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |

### ४.४दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

**परिचय**

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८०/८१ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरू मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

**वर्तमान अवस्था**

यस शम्भुनाथ नगरपलिकामा रहेको २५ ओटै सामुदायिक विद्यालयको दिवा खाजाको लागि आ.व. २०८०/२०८१ मा १.५ करोड रकम छुट्याइएको छ। यस पालिकाको कक्षा बालविकास देखि कक्षा ५ सम्मका सामुदायिक तथा धार्मिक विद्यालयका जम्मा ४५६७ विद्यार्थीले दिवा खाजा खाईरहेको तथ्यांक emis database ले देखाउछ। नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अबश्थाको विश्लेषण गर्दासबैकालागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरु समाबेश गरेको छ ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरु तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वाताबरण सिर्जना गर्नु
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु

- विद्यालयमा आधारितस्वास्थ्य तथा पोषणसेवा प्रदान गर्नु

यिनै बुँदाहरुलाई आधार मानि यस पालिकामा समेत वर्तमान अवस्थालाई विश्लेषण् गरी दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरुको अन्तरसम्बन्ध उल्लेख गरी योजना तयार गरीएको छ। नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाले खाजा कार्यक्रम सञ्चालन गरेको छ। साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १० र महिला शिक्षकको लागि छुट्टै शौचालय एउटामा पनि छैन। यस पालिकाको प्राय: सबै विधलायहरुमा ट्युबेल नै खानेपानीको प्रमुख स्रोतको रुपमा रहेको छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ।

- विद्यालय खाजा प्राप्त गर्ने कक्षाहरू र खाजाको व्यवस्थापन
- विद्यालयमा सञ्चालित स्वास्थ्य र पोषणका कार्यक्रम
- विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था

**चुनौती र अवसरहरू**

1. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
2. सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने।
3. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
4. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
5. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
6. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.४.२ उद्देश्य

*दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

1. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
2. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
3. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।
4. विद्यालयका बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु।
5. विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु।
6. विद्यालयका बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धि सकारात्म व्यवहारको विकासमा सुधार ल्याउनु।

### ४.४.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने ।

ख) प्रमुख नतिजाहरू

१. विद्यालय दिवा खाजा कार्यविधि २०७७, अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने ।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थयकर्मी परिचालन हुने ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने ।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकाम ध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | कक्षा बाल देखि ५ | कक्षा बाल देखि ५ | कक्षा बाल देखि ५ | कक्षा बाल देखि ५ | कक्षा बाल देखि ५ | कक्षा बाल देखि ५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | ३ | २ | २ | २ | २ | २ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | १ | १ | १ | १ | १ |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | संख्या | | | १ | १ | १ | ६ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | | १० | १२ | | २५ | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | ५ | ५ | ५ | ५ | २५ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | निरन्तर | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | २१ | | | | ३० | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | | १ | | १ | १ | ५ | विद्यालय |

### ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै यसै वर्ष गएका बढी पहिरो र आगलागी लगायतका प्राकृतिक र मानवीय प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

1) प्राकृतिक प्रकोप: भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।
2) महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू ।
3) युद्ध, द्वन्द्व, विस्थापन: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

**वर्तमान अवस्था**

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा

निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ ।

**विद्यमान नीतिगत व्यवस्था**

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद उत्थानशीलताको संयन्त्रको व्यवस्था
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था
- भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको)
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
- वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)
- वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र

घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)

- दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

**स्थानीय तहको विद्यमान अवस्थाः**

*आफ्नो स्थानीय तहमा निम्न विषय क्षेत्रहरुको आधारमा आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाको अवस्थाको विश्लेषण*

- बालमैत्री र विपद उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरण
- २०७२ को विनासकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।
- स्थानीय तहमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।
- कोभिड- १९ महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।

### ४.५.२ उद्देश्य

*आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

1. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
2. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने ।
3. विद्यालय शिक्षामा सम्भावित संकटपुर्ण अवस्थाको सामनाको लागि भौतिक मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।
4. संकटपुर्ण अवस्थामा पनि शिक्षण सिकाइको लागि उचित वातावरण तयार गर्नु ।

### ४.५.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

1. स्थानीय सरकारले संकटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
2. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
3. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।
4. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।
5. विद्यालय शान्ति क्षेत्र कायम गरी यस प्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ।
6. बिद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा संचालन गरि सिकाई क्षति न्यूनीकरण गरिनेछ।
7. विपत तथा कोभिड जस्तो महामारी आएको अवस्थामा विधालय शिक्षालाई निरन्तरता दिनको लागि गृह विधालय (Home Schooling/ Remedial teaching/ Coaching जस्ता क्रियाकलापहरु संचालन गर्ने गराउने रणनीतिहरु लिने छन्।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**ख) नतिजा**

1. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।
2. स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।
3. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने।

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ६ | ४ | ४ | ४ | ४ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माध्यमिक विद्यालय सँख्या | | | | | | |
| २ | हरित विद्यालय सँख्या | ० | १ | १ | १ | १ | १ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | १ | १ | १ | १ | १ |

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | योजना | | १ | | | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | स्थानीय र विद्यालयको  क्षमता विकास | संख्या | | | ३१ | | | ३१ | नगरपालिका |
| ३ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | निरन्तर | | | ५ | | | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | | ५ | | | ५ | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | संख्या | २ | ५ | ५ | ३ | | १५ | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | | ५ | ४ | ५ | | १९ | नगरपालिका |
| ७ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाईको व्यवस्थापन कार्यक्रम | आवस्यकतानुसार | | | | | | आवस्यकतानुसार | नगरपालिका |
| ८ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | संख्या | | १ | | | १ | ३ | नगरपालिका |
| ९ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १० | कल्स्टर/गृह विधालय (Home Schooling/ Remedial teaching/ Coaching जस्ता क्रियाकलापहरु संचालन गर्ने | विधालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ११ | शिक्षक तथा विव्यस तालिम | पटक | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | विपद प्रतिरोधी विद्यालय सँख्या | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपलिका |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यय योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय ४० मध्ये २५ सामुदायिक तथा धार्मिकर १५ सस्थागत विद्यालयहरु छन् । सामुदायिक विद्यालय तर्फ १२० भवन रहेकोमा २५ वटा पक्की भवन छन् । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १०, छात्र शौचालय २५ तथा महिला शिक्षक शौचालय ० वटा छन् । यस पालिकाको प्राय: सबै विधलायहरुमा ट्युबेल नै खानेपानीको प्रमुख स्रोतको रुपमा रहेको छ । पालिकामा ४ वटा विद्यालयमा पुस्तकालय, ५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ८ विद्यालयमा कम्प्युटर प्रयोगशाला र २५ वटा विद्यालयमा इन्टरनेट पुगेको छ । अधिकांस विद्यालयमा पर्खाल तथा तारजाली सहितको घेरबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन् ।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् :

1. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका ।
2. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
3. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।
4. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
5. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु
6. विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा थप टेवा पुर्याउन स्थानीय पाठ्यक्रमको विकास नभएको,

### ४.६.२ उद्देश्य

1. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
2. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री बनाउने ।

### ४.६.३ रणनीतिहरू

1. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
2. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
3. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ ।
4. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
5. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ ।
6. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
7. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

### ४.६.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

**ख) नतिजा**

1. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने ।
2. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
3. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने ।
4. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
5. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।
6. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।
7. सबै विद्यालयको क्षेत्रभित्र घेरबार र प्रवेश गेट निर्माण भएको हुने ।

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ८ | २ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ६ | २ | २ | २ | २ | २ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ० | १ | १ | १ | १ | १ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | ० | २ | २ | २ | २ | २ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | २ | २ | १ | १ | १ | ० |

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | १ | नगरपालिका |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खाने पानी) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | निर्माण भएका संरचनाहरुको सम्बर्धन तथा मर्मत | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ५ | विज्ञ समुहद्वारा सम्पूर्ण विद्यालयको स्थलगत अध्ययन गर्ने, विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संघ/ प्रदेश/ नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | हामि बनाउछौं हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ७ | बालमैत्री, प्रविधिमैत्री र समतामुललक कक्षाकोठा व्यबस्थापन | विद्यालयकक्षा कोठा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ८ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं वगैचा हरियाली कार्यक्रम | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ९ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | सङ्ख्या | नगरपालिका |
| १० | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | सङ्ख्या | नगरपालिका/विद्यालय |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुर्‍याउँद छ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी  सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार

प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रब्य तथा श्रब्यदृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ । डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटीलगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुर्‍याउने, क्षमता विकास गर्न विभिन्न किसमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

### ४.७.१ वर्तमान अवस्था

शम्भुनाथ नगरपालिकाका विद्यालयहरूमा सूचना तथा संचार प्रविधि (ICT) को प्रयोगले शिक्षाको गुणस्तर सुधार्न महत्वपूर्ण भूमिका खेल्न थालेको छ । यहाका २५ ओटै विद्यालयहरुमा स्थानीय तह, विभिन्न संघसंस्था, नेपाल दुरसंचार कम्पनि तथा अन्य निकायहरुको साथै विद्यालयको आफ्नै स्रोत साधनहरुबाट खरिद गरेका कम्प्युटरहरु संचालनमा रहेको छ । यस पालिकाको २५ ओटै सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ । यस पालिकाले हरेक वर्ष शैक्षिक सूचना व्यवस्थापनको लागि तालिमको व्यस्था गर्दै आइरहेको छ । यस नगरपालिकाको २५ ओटै विद्यालयमा प्रशासनिक कार्य कम्प्युटर द्वारा गर्दै आइरहेको अवस्था छ । यस पालिकाको २५ ओटै विद्यालयले आफ्नो विद्यालयको Iemis आफ्नै विद्यालयमा गर्ने गरेको पनि देखिन सक्छ । तर पनि यो पालिका पूर्ण रुपले प्रविधि मात्री बानी सकेको अवस्था छैन । विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, र डिजिटल सामग्रीको प्रयोग शिक्षण-सिकाई प्रक्रियामा क्रमशः बढ्दै गएको छ । केही विद्यालयहरूमा आधारभूत स्तरमा कम्प्युटर शिक्षा उपलब्ध छ भने शिक्षिका/शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन तालिम पनि प्रदान गरिएको छ र गरीने पनि छ । विद्यार्थीहरूले डिजिटल सामग्रीमार्फत नयाँ ज्ञान प्राप्त गर्न र जिज्ञासाहरू समाधान गर्न सहज भएको छ ।

तर, सबै विद्यालयहरूमा प्रविधिको पहुँच समान छैन । ग्रामीण क्षेत्रका विद्यालयहरूमा पर्याप्त प्रविधि उपकरणको अभाव, विद्युत् आपूर्ति समस्याहरू, र दक्ष जनशक्तिको कमीले प्रविधि उपयोगमा बाधा पुर्‍याएको छ । इन्टरनेट सेवाको असमान पहुँचले डिजिटल सामग्री उपयोगमा सीमितता देखिएको छ । स्थानीय सरकार र विकास

साझेदारहरूको सहकार्यले केही विद्यालयमा आधुनिक उपकरण जडान गरिए पनि प्राविधिक जनशक्तिको अभावले ती उपकरणहरूको अधिकतम उपयोग सुनिश्चित गर्न सकिएको छैन।

यस अवस्थाको समाधानका लागि विद्यालयमा पर्याप्त बजेट विनियोजन, शिक्षक-शिक्षिका र कर्मचारीहरूलाई ICT तालिम, र इन्टरनेटको पहुँच विस्तारमा जोड दिन आवश्यक छ। साथै, समुदाय र अभिभावकहरूको सहकार्यमा डिजिटल शिक्षालाई समावेशी र दिगो बनाउन दीर्घकालीन योजना आवश्यक छ। शम्भुनाथ नगरपालिकाको विद्यालयहरूमा सूचना प्रविधिको प्रभावकारी उपयोगले शिक्षामा गुणस्तर सुधार गर्दै विद्यार्थीहरूलाई २१औं शताब्दीका चुनौतीहरूसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउने सम्भावना छ।

- स्थानीय तहका विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र प्रयोगको अवस्था
- शिक्षा तथा मानव संसाधन विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital material र तिनीहरूको प्रयोगको अवस्था

**चुनौती तथा प्रमुख समस्याहरु**

1. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार गर्न।
2. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।
3. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।
4. प्रविधि सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।
5. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।
6. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।
7. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियता बढाउने।

**उद्देश्यहरू**

1. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
2. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्‍याउने।
3. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
4. शिक्षण सिकाइलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनको लागि सुचना तथा प्रविधिको पहुँचका विस्तार गर्नु।
5. विद्यालय तहको शासकीय प्रबन्धलाई प्रभावकारी बनाउन सुचना तथा प्रविधिको प्रयोमा वृद्धि गर्नु।
6. बालबालिकाहरुलाई आधुनिक सुचना तथा प्रविधिहरुको ज्ञान तथा सीपको अवसर प्रदान गर्नु।

**रणनीतिहरू**

1. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
2. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

3. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
4. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।
5. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।
6. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुर्‍याउने।
7. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
8. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
9. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
10. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

**नतिजा, क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

1. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना सञ्चालन हुने।
2. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
3. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने।
4. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
5. प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गर्ने।
6. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
7. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने।
8. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा | ८ | ८ | २ | १ | २ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | १ | २ | २ | २ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २५ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | १ | १ | | ५ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | | २ | प्र. / स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| ४ | ई-पुस्तकालय आद्यावधिक र विस्तार | संख्या | | | | १ | | २ | नगरपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | | ५ | | १० | १५ | ५० | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ८ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | IEMIS व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/ प्रदेश/ नगरपालिका |
| १० | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | संघ/ प्रदेश/ नगरपालिका |

## परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्‍याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ५.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन् ।

- स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचना
- पालिका ऐन, कार्यविधि, तथा मापदण्डको विकासको अवस्था
- पालिका तथा विद्यालयमा जनशक्तिको व्यवस्थापन
- विद्यालय व्यवस्थापनको अवस्था
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- क्षमता विकासको अवस्था

**उद्देश्य**

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

1. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने
2. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने
3. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने
4. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने
5. शिक्षा सेवा सम्बन्धि कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही सहितको विद्यालय शिक्षाको सुशासनमा अभिवृद्धि गर्नु ।
6. विद्यालयको ब्यवस्थापनका कार्यरत टिमको क्षमता विकासमा अभिवृद्धि गर्नु ।

**रणनीतिहरू**

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

क) उपलब्धि

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

ख) प्रमुख नतिजाहरू

1. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
2. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
3. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
4. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुन

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त | १ | १ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रधानाध्यापक सँख्या | | | | | | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ० | ३ | २ | ४ | ५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | १ | १ | २ | ३ | ५ | ४ |

**प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | ३ | ३ | ४ | ३ | ३ | २० | स्थानीय तह |
| २ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ३ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ४ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ५ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडा संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह र विद्यालय |
| ७ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | १ | ३ | | ५ | ५ | २० | स्थानीय तह |
| ८ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | संयन्त्र | सबै | सबै | सबै | सबै | सबै | सबै | पालिका तथा विद्यालय |
| ९ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | पालिका तथा विद्यालय |
| १० | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | पालिका तथा विद्यालय |

### ५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशकृति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशकृति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

- स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था
- वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधिकरणको अवस्था
- 

चुनौती तथा अवसरहरू

1. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
2. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
3. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
4. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
5. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
6. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने।

### ५.२.२ उद्देश्य

योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित पालिकाका उद्देश्यहरु

1. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु

1. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
2. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
3. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
4. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
5. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
6. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
7. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
8. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
9. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
10. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू

1 शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू

1 शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | पालिका |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | संयन्त्र | सबै | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |

## परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रम को प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गर्नुपर्दछ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार प्रदेश सरकार स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नुपर्दछ ।

### ६.१ वर्तमान अवस्था

शम्भुनाथ नगरपालिकाको आ.व. २०८०/२०८१ को कूल बजेट बाट शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजन कार्यन्वयनमा नियमित बजेट विनियोजन गरि शिक्षाका विभिन्न क्रियाकलापहरू संचालन गर्दै आएको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ ।

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ ।

- बिगत ५ वर्षमा पालिकाको विद्यालय शिक्षा क्षेत्रमा भएको लगानीको विश्लेषण ।
- हालको अवस्थामा स्थानीय तहमा शिक्षामा (संघ, प्रदेश र स्थानीय तहबाट) भएको लगानी ।
- विभिन्न संघसंस्थाहरुबाट शिक्षा क्षेत्रमा भएको लगानीको अवस्था ।
- स्थानीय संघ संस्थावाट सुनिश्चित भएका कार्यक्रमहरु छन् भने सो समेत उल्लेख गर्ने ।
- चुनौति तथा अवसरहरू ।

**६.२ उद्देश्य**

*शिक्षामा लगानी र स्रोत व्यवस्थापन सँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

1. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
2. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
3. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

**६.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

1. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
2. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
3. वार्षिक रूपमा कुल बजेटको ५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
4. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
5. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
6. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
7. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

**६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धि तथा नतिजाहरू*

1. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
2. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

**६.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

**क । सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र , प्रदेश सरकारबाट शिक्षा क्षेत्र , स्थानीय तहबाट शिक्षा क्षेत्र , अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट।**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष रु हजारमा | | | | | ५ बर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | 2085/086 | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | 90043 | 90043 | 90043 | 90043 | 90043 | 450215 | |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | 17560 | 17560 | 17560 | 17560 | 17560 | 87800 | |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 8049 | 8049 | 8049 | 8049 | 8049 | 40245 | |
| ४ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 12990 | 13000 | 13000 | 13000 | 13000 | 64990 | |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 1725 | 1725 | 1725 | 1725 | 1725 | 8625 | |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | 2525 | 3000 | 3000 | 3000 | 3000 | 14525 | |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 5216 | 5216 | 5216 | 5216 | 5216 | 26080 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | 1259 | 1300 | 1300 | 1300 | 1300 | 6459 | |
| ९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 6358 | 6358 | 6358 | 6358 | 6358 | 31790 | |
| १० | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 2769 | 2769 | 2769 | 2769 | 2769 | 13845 | |
| ११ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 1734 | 1734 | 1734 | 1734 | 1734 | 8670 | |
| १२ | CTEVT को मापदण्ड बामोजिम सामुदायिक विद्यालयमा प्रा.शि. सञ्चालन अनुदान | 700 | 1000 | 1000 | 1000 | 1000 | 4700 | |
| १३ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | 5500 | 5500 | 5500 | 5500 | 5500 | 27500 | |
| १४ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | 1733 | 1733 | 1733 | 1733 | 1733 | 8665 | |
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि.पा.पु.अनुदान(स्था. विषय मातृभाषाको समेत) | 5481 | 6000 | 6000 | 6000 | 6000 | 29481 | |
| १६ | विपदका समयमा सिकाइ निरन्तरका लागि सी.आ.तथा द्रुत सिकाई योजना Realplan | 500 | 600 | 700 | 800 | 800 | 3400 | |
| १७ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीका लागि छात्रवृत्ति (PMT) | 560 | 600 | 600 | 600 | 600 | 2960 | |
| १८ | प्रति विद्यार्थी लागतका आधारमा सी. सा. तथा डि.सी.सा.व्यव. अनुदान | 1892 | 1892 | 1892 | 1892 | 1892 | 9460 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | विद्यालय कर्मचारी तथा वालविकास शिक्षकलाई थप तलव भत्ता | 4208 | 4300 | 4400 | 4500 | 4500 | 21908 | |
| २० | स्वयमसेवक शिक्षक तथा सामाजिक परिचालक परिचालन निर्वाह खर्च(अंग्रेजि कक्षा संचालनार्थ समेत) | 3198 | 3200 | 3250 | 3300 | 3300 | 16248 | |
| २१ | आधारभुत शिक्षा कक्षा 8 को परिक्षा संचालन व्यवस्थापन अनुगमन | 250 | 300 | 350 | 400 | 500 | 1800 | |
| २२ | शिक्षक डायरि वितरण | 100 | 100 | 100 | 100 | 100 | 500 | |
| २३ | तहगत विषय शिक्षकहरुको वैठक तालिम अन्तर्क्रिया तथा छलफल | 100 | 150 | 200 | 200 | 200 | 850 | |
| २४ | प्र.अ.वैठक यातायात तथा खाजा खर्च एवम् सहजिकरण भत्ता | 200 | 200 | 250 | 250 | 250 | 1150 | |
| २५ | प्राविधिक विद्यालय संचालन तथा व्यवस्थापन खर्च(राजवोति मा वि कुशहा) | 500 | 500 | 500 | 500 | 500 | 2500 | |
| २६ | पालिका स्तरीय अतिरिक्त क्रियाकलाप,राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समेत एवम् विवध कार्यक्रम संचालन तथा व्यवस्थापन | 500 | 600 | 700 | 800 | 900 | 3500 | |
| २७ | पालिका स्तरिय अर्धवार्षिक तथा बार्षिक परिक्षा संचालन | 900 | 1000 | 1000 | 1000 | 1000 | 4900 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | वालविकास केन्द्रका लागि शैक्षिक सामग्रि व्यवस्थापन | 200 | 250 | 300 | 350 | 400 | 1500 | |
| २९ | विद्यार्थी भर्ना अभियान कार्यक्रम | 35 | 50 | 75 | 100 | 100 | 360 | |
| ३० | विद्यालय तथा कार्यक्रम अनुगमन,सुपरीवेक्षण र अन्तरक्रिया कार्यक्रम | 90 | 100 | 100 | 150 | 200 | 640 | |
| ३१ | शैक्षिक क्यालेण्डर 2081 निर्माण तथा वितरण | 150 | 200 | 200 | 200 | 200 | 950 | |
| ३२ | शैक्षिक सत्र 2081 का लागि एल के जि पाठ्यसामग्रि लगायत शैक्षिक सामग्रि व्यवस्थापन | 200 | 200 | 200 | 200 | 200 | 1000 | |
| ३३ | शिक्षक डायरि लगवुक तथा शैक्षिक सामग्रि खरिद तथा व्यवस्थापन | 68.98 | 100 | 100 | 100 | 100 | 468.98 | |
| ३४ | शिक्षा सम्वन्धि विभिन्न दिवस मनाउन | 100 | 150 | 150 | 150 | 150 | 700 | |
| ३५ | शिक्षा समिति वैठक तथा विभिन्न समिति वैठक भत्ता खाजा व्यवस्थापन खर्च | 150 | 200 | 200 | 200 | 200 | 950 | |
| ३६ | विद्यालयमा प्रिन्टर ल्यपटप तथा सूचना प्रविधि सामाग्रि वितरण | 500 | 550 | 600 | 650 | 700 | 3000 | |
| ३७ | शाखामा प्रोजेक्टर र कलर प्रिन्टर खरिद | 100 | 0 | 0 | 0 | 0 | 100 | |
| ३८ | धार्मिक विद्यालय मदरसा जामियाका लागि कक्षाकोठा तथा फर्निचर व्यवस्थापन | 200 | 0 | 0 | 0 | 0 | 200 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३९ | विद्यालयमा इ हाजिरी व्यवस्थापन | 200 | 250 | 300 | 300 | 300 | 1350 | |
| ३९ | स्थानीय पाठ्यक्रम निर्माण | 500 | 500 | 500 | 500 | 500 | 2500 | |
| ४० | प्रारम्भिक बाल बिकास केन्द्र शिक्षकहरुको क्षमता विकास आधारभूत तालिम | 0 | 200 | 300 | 300 | 400 | 1200 | |
| ४२ | प्रारम्भिक बाल बिकास केन्द्र अध्ययनरत बालबालिकाहरुका अभिभावकहरुको लागी अभिभावक शिक्षा कार्यक्रम | 0 | 200 | 300 | 300 | 300 | 1100 | |
| ४३ | बिद्यालय सुधार योजना कार्यान्वनका लागी बिद्यालय स्वमुल्यांकन तथा स्वमुल्यांकन पश्चात तयार पारिएका बिधालय सुधार योजना कार्यान्वनमा स्थानीय सरकारको सहयोग | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ४४ | बिद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यबस्थापन सहयोग | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ४५ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूमा उच्चस्तरीय क्षमता दक्षता र नैतिकता अभिवृद्धिका लागि अध्ययन अवलोकन भ्रमण | 0 | 200 | 300 | 300 | 300 | 1100 | |
| ४६ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन तथा विद्यालयमा मूल प्रवाहीकरण | 0 | 500 | 600 | 600 | 600 | 2300 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४७ | बिद्यालय तथा स्थानीय तह स्तरमा EMIS को व्यवस्थित प्रयोग तथा सबलीकरण | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ४८ | स्थानीय सरकार तथा विद्यालय स्तरमा गुनासो पेटीका तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति व्यवस्थापन | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ४९ | शिक्षकका लागि ICT सम्बन्धी तालिम | 0 | 300 | 300 | 400 | 500 | 1500 | |
| ५० | साक्षरता अभियान कार्यक्रम | 0 | 500 | 500 | 400 | 300 | 1700 | |
| ५१ | अभिभावक शिक्षा कार्यक्रम | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ५२ | विद्यालय खानेपानी तथा शौचालय निर्माण | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ५३ | विद्यालयको रङ्गरोहन | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |
| ५४ | विद्यालय मर्मत सम्भार कार्यक्रम | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |
| ५५ | दिवा खाजा व्यबस्थापनमा सहयोग पालिकाबाट थप अनुदान रकम | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ५६ | माध्यमिक बिद्यालयमा (गणित ,बिज्ञान र अंग्रेजी बिषयको उतिर्ण प्रतिशत बढाउन इन्टरक टिभ बोर्ड | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ५७ | नमुना बाल बिकाश केन्द्रको लागी ४३,LED , T .V. | 0 | 200 | 200 | 200 | 200 | 800 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक बिद्यालयमा (गणित बिषय प्रभावकारी शिक्षणक लागी गणित ल्याव | 0 | 600 | 600 | 600 | 600 | 2400 | |
| | बाल बिकास केन्द्र को लागी (सिकाइ कुना) six corner | 0 | 1000 | 1000 | 500 | 500 | 3000 | |
| | **जम्मा** | **179044** | **186679** | **187754** | **188329** | **188779** | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः वालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र वजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गर्नुपर्दछ ।

## परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ७.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, शम्भुनाथ नगरपालिका का शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । अनुगमन संयन्त्रको व्यवस्था

- एकीकृत प्रतिवेदन प्रणालीको विकास
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित

- नतिजामा आधारित अनुगमन
- शिक्षक सुपरिवेक्षण र पेशागत सहयोग
- विद्यार्थी उपलब्धि परीक्षण
- विद्यालय कार्यसम्पादन परीक्षण

**चुनौती तथा समस्याहरु**

1. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु।
2. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु।
3. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
4. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
5. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
6. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
7. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु।

**उद्देश्य**

1. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
2. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
3. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
4. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

**रणनीतिहरू**

1. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने
2. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
3. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
4. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने
5. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने
6. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने
7. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने
8. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
9. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

**सिकाइ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि**

१५. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने ।

**ख) प्रमुख नतिजा**

1. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा अनुगमन तथा मूल्याङ्कनका लागि पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## योजनाको लेखाजोखा

### क) परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दाईत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ l मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्राय: सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्नेगर्दछ l यसका लागि मुलकको संबिधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानून र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्नेगरी कार्यान्वयन गर्ने गराउने रहेको छ l यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ । शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ । शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनिति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ।

### ख) योजनाको लेखाजोखा किन र केहो?

-पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।
-योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।
-शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्कालागी?, आदि जस्ता प्रश्नहरुको उत्तर खोजिन्छ l जसमा:

- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ l
- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिक र न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ l
- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छ छैन भनी मूल्यांकन गरिन्छ l

### ग) योजनाको लेखाजोखाका उद्देश्यहरू

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष, सन्दर्भ, र अङ्गहरूको विस्तृत समीक्षा गर्न।

- शिक्षा क्षेत्रका अंगहरूमा (**Sub-Sectors**) सङ्घीय/राष्ट्रिय र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथा सुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न l
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्न, र
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न।

**घ) योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू**

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछ:

- योजना निर्माण प्रक्रिया
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू
- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकता, गुणस्तर, सान्दर्भिकता, स्रोत, र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता

त्यसैले, पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो l निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ l

यस निर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सबलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता, आदि पक्षहरु हेरिन्छन्। योजनाको

लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्माण समिति, प्राबिधिक समितिहरूसँग बैठक....), प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, नगर, समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना  र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण  (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश हुनुपर्दछ ।लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ । यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ ।

**ङ) योजनाको लेखाजोखाको बिधि:**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछ:

- प्रारम्भिक छलफल (Birifing)
- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूको उपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन
- बिभिन्न क्षेत्रहरुको भ्रमण
- सरोकारवाला / समुदाय सदस्यहरु संग अन्तरक्रिया
- बिभिन्न सङ्घ-संस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिका तहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छ:

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्यांकको बिबरण र व्यवस्थापन साथै उपयोग

- ECED विकास र विस्तार गर्दै
- पहुँच र निरन्तरता
- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

**छ) योजना लेखाजोखाको प्रतिबेदनमा समाबेश हुनुपर्ने केही महत्वपूर्ण शैक्षिक मुद्दाहरूको उदाहरण:**

- के राष्ट्रिय, प्रदेश र स्थानीय दुरदृष्टि उद्देश्य, लक्ष्य र कार्ययोजना अनुरूप योजना बनाइएको छ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा, वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल,आ आदिलाई समेटेको छ?
- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या, जातजाती, आर्थिक, भाषिक, पिछडिएको बर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ?
- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ?
- के योजनाले ठोस रणनीति र कार्यहरूप्रस्ताब गरेको छ?
- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेको छ? (तत्परता र सान्दर्भिकता)
- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छ? (सबै क्षेत्रको कार्यसम्पादन बढाउने, लैंगिक, समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू)
- योजनाका सबै परिक्छेदहरू बीचमा सम्बन्ध र एकरूपता छ? (योजनाको संगठन)
- पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित वित्त व्यवस्थापन, उपलब्धता/प्राप्तिको सम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ?

- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेको छ?, आदि ।

## अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश
पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य
शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय
१.१ पृष्ठभूमि
१.२ मुख्य समस्याहरुः
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः
१.४ अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ उदेश्य
२.४ रणनीतिहरु
२.५ कार्यनीति
२.६ अपेक्षित उपलब्धि
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु
३.१ प्रारम्भिक बालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन


अनुसूची २: शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख | बिदुर बिक्रम थापा | ९८११७७२२८५ | thapabidurbikram@gmail.com |
| २ | स्रोत शिक्षक | योगेन्द्र प्रसाद चौधरी | ९८२५७१६५२१ | Yogendrapdc2075@gmail.com |
| ३ | शिक्षा अधिकृत | दिपेश कुमार राई | ९८४७१९९९१३ | raidipeshudaypur@gmail.com |
| ४ | कार्यालय अधिकृत | शिब कुमार राम | ९८१३३१०४९९ | |

**सन्दर्भ सामग्रीहरु**


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ

- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताबखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताबखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७९), **DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय





आज मिति २०८१ साल चैत्र ५ गतेका दिन यस शम्भुनाथ नगरपालिका कठौना सप्तरीका का. वा. नगर प्रमुख श्री अनिता कुमारी चौधरी ज्यूको अध्यक्षतामा नगरपालिकाको १० वर्षे शिक्षा योजना एवं शैक्षिक पार्श्वचित्र निर्माण तथा अद्यावधिक गरी स्वीकृतिका लागि नगर कार्यपालिका स्तरीय स्थानीय तह बैठक सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु,नगर कार्यपालिकाका सदस्यहरु, शाखा प्रमुख ज्यूहरु एवम् शिक्षा सम्बद्ध सरोकारवालाहरुको उपस्थितिमा निर्णयहरु पारित गरियो।

उपस्थिति :-

| क्र.सं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री अनिता कुमारी चौधरी | का. वा. नगर प्रमुख | शम्भुनाथ- ११, सप्तरी | अनिता |
| २. | श्री हरि मोहन सुतिहार | प्रमुख प्रशासकीय अ. | श.न.न.पा. सप्तरी | |
| ३. | श्री शिवच्छ कुमार साह | वडा अध्यक्ष | शम्भुनाथ- ०१, सप्तरी | |
| ४. | श्री दुर्गानन्द भगत | वडा अध्यक्ष | शम्भुनाथ- ०२, सप्तरी | |
| ५. | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष | शम्भुनाथ- ०३, सप्तरी | |
| ६. | श्री विजय कुमार साह | वडा अध्यक्ष | शम्भुनाथ- ०४, सप्तरी | |
| ७. | श्री जामुन प्रसाद चौधरी | वडा अध्यक्ष | शम्भुनाथ- ०५, सप्तरी | |
| ८. | श्री सचेन्द्र प्रसाद चौधरी | वडा अध्यक्ष | शम्भुनाथ- ०६, सप्तरी | |
| ९. | श्री गोपाल प्रसाद चौधरी | वडा अध्यक्ष | शम्भुनाथ- ०७, सप्तरी | |
| १०. | श्री इन्द्रकान्त चौधरी | वडा अध्यक्ष | शम्भुनाथ- ०८, सप्तरी | |
| ११. | श्री प्रभु मलाह | वडा अध्यक्ष | शम्भुनाथ- ०९, सप्तरी | |
| १२. | श्री धर्मेन्द्र कुमार मण्डल | वडा अध्यक्ष | शम्भुनाथ- १०, सप्तरी | |
| १३. | श्री राजकुमार साह | वडा अध्यक्ष | शम्भुनाथ- ११, सप्तरी | |
| १४. | श्री सन्जय कुमार साह | वडा अध्यक्ष | शम्भुनाथ- १२, सप्तरी | |
| १५. | श्री रामबाबु भगत | का. पा. सदस्य | नगर कार्यपालिका | |
| १६. | श्री शिव शंकर राम | का. पा. सदस्य | नगर कार्यपालिका | |
| १७. | श्री बुद्धि सरदार | का. पा. सदस्य | नगर कार्यपालिका | |
| १८. | श्री जैवकी देवी सरदार | का. पा. सदस्य | नगर कार्यपालिका | जैवकी |
| १९. | श्री सजनी देवी सरदार | का. पा. सदस्य | नगर कार्यपालिका | सजनी |
| २०. | श्री पुतली देवी खंग | का. पा. सदस्य | नगर कार्यपालिका | |
| २१. | श्री झोली देवी राम | का. पा. सदस्य | नगर कार्यपालिका | |
| २२. | श्री परमिला देवी गढेरी | का. पा. सदस्य | नगर कार्यपालिका | प्रमिला |
| २३. | प्रधुम्न प्रसाद पोखरेल | प्रशासन शा. प्रमुख | शम्भुनाथ नगरपालिका | |
| २४. | मो. तमन्ना | जिन्सी शा. प्रमुख | शम्भुनाथ नगरपालिका | |
| २५. | देव नारायण साह | आ.वि.शा. प्रमुख | शम्भुनाथ नगरपालिका | |
| २६. | राजकुमार चौधरी | राजश्व शाखा प्रमुख | शम्भुनाथ नगरपालिका | |
| २७. | बिनु विक्रम थापा | शिक्षा शाखा प्रमुख | शम्भुनाथ नगरपालिका | |
| २८. | [illegible] प्रसाद चौधरी | प्र. अ. | [illegible] | |
| २९. | शोभेन्द्र प्र. चौधरी | [illegible] शिक्षक | शम्भुनाथ न.पा. | |
| ३०. | अखिल कुमार [illegible] | नगर प्रमुख (सल्लाहकार) | शम्भुनाथ न.पा. | |

प्रस्तावहरु :

१. शम्भुनाथ नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०८१-२०९०) स्वीकृत गर्ने सम्बन्धमा।

२. विविध सम्बन्धमा।

पारित निर्णयहरु :

प्रस्ताव.न. १ माथी छलफल गर्दा यस शम्भुनाथ नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०८१-२०९०) नगरपालिकाको समग्र विकासका लागी १० वर्षे शिक्षा क्षेत्र योजनाको आवश्यकता महसुस गरी यस नगरपालिकाको का.वा.नगर प्रमुखज्युको अध्यक्षतामा मस्यौदा समिति निर्माण गरी मस्यौदा समितिको सल्लाह र सहमति अनुसार विभिन्न सरोकारवालावालाहरु सँग चरणवद्ध रुपमा (शिक्षा प्रमुख शिक्षा समिति, प्र.अ. बैठक तथा स्थानीय शिक्षा प्रेमी बुद्धिजीवी) तयार गरिएको मस्यौदा माथि छलफल गरी शम्भुनाथ नगर शिक्षा योजना लेखनको अन्तिम रुप दिएको छ र यस शिक्षा क्षेत्र योजनालाई यही नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्माण गरिएको शिक्षा क्षेत्र योजनालाई यस नगर कार्यपालिकाद्वारा स्वीकृत गरिएको छ।

प्रस्ताव.न. २ विविध माथी छलफल गर्दा यस शम्भुनाथ नगरपालिकाको पारित गरिएको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९०) को फाइनल प्रति सरोकारवालहरु सबैलाई उपलब्ध गराउने साथै यसैका आधारमा नगरको शैक्षिक पार्श्वचित्र समेत अद्यावधिक गर्ने भनि सर्व सम्मत निर्णय